# बैदेशिक रोजगारीले दाम्पत्य सम्बन्धमा परेको प्रभाव

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक प्रयोजनको लागि
समाजशास्त्र विभाग पृथ्वी नारायण क्याम्पस
पोखरामा प्रस्तुत

**शोध पत्र**

**शोधार्थी**
सुनिल देबकोटा
रोल्न नं. ४५/०७१
परीक्षा रोल्नं : ४८०३५८/०७४
रजिष्ट्रेसन नं. ९-१-४८-२४३०-२००५

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
पृथ्वी नारायण क्याम्पस, पोखरा
२०७५

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
प.सं. :
च.नं. :
समाजशास्त्र तथा ग्रामीण विकास विभाग

मिति : २०७५।१०।१०

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वी नारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्र सुनिल देवकोटा द्वारा "**बैदेशिक रोजगारीले दाम्पत्य सम्बन्धमा परेको प्रभाव**" शीर्षकमा तयार पारिएको शोधपत्र आवश्यक मूल्याङ्कनका लागि समिति समक्ष सिफारिस गर्दछु ।

............................

(मुकुन्द लम्साल)

शोध निर्देशक

समाजशास्त्र विभाग

पृथ्वी नारायण क्याम्पस, पोखरा

मिति: २०७५ माघ १०

Mailing Address: Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
Phone: +977-61-526837, 540222 Email: info@pncampus.edu.np URL: www.pncampus.edu.np

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
# Prithvi Narayan Campus
# पृथ्वीनारायण क्याम्पस

प.सं. :
च.नं. :

## समाजशास्त्र तथा ग्रामीण विकास विभाग

मिति : २०७५।१०।१०

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र विभाग अन्तर्गत, समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त शोधार्थी छात्र सुनिल देवकोटाद्वारा यस विभागमा प्रस्तुत भएको **"बैदेशिक रोजगारीले दाम्पत्य सम्बन्धमा परेको प्रभाव"** शीर्षकमा तयार पारिएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

............................
(मुकुन्द लम्साल )
शोध निर्देशक

...........................
(रामचन्द्र बराल )
बाह्य परीक्षक

....................................
(प्रा.डा. विश्वकल्याण पराजुली)
विभागीय प्रमुख

शोधपत्र बुझाएको मिति : २०७५ माघ १०
शोधपत्र मौखिक परिक्षा (भाइभा) मिति :- २०७५ माघ १८

**Mailing Address:** Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
**Phone:** +977-61-526837, 540222 **Email:** info@pncampus.edu.np **URL:** www.pncampus.edu.np

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अर्न्तगत स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको समाजशास्त्र विषयको शोधपत्र लेखन स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्ति गर्न **बैदेशिक रोजगारीले दाम्पत्य सम्बन्धमा परेको प्रभावको** आँकलन गरिएको छ । गण्डकी प्रदेश, कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकाको लुम्ले गाउँबाट वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको अध्ययनमा आधारित रहेर यो शोधपत्र तयार गरिएको हो । यो शोधपत्र तयार पार्ने क्रममा हरतरहले सहयोग सुझाव र परामर्श दिइ सहयोग गर्नु हुने पृथ्वीनारायण क्याम्पस समाजशास्त्र विभागका शिक्षक तथा शोध निर्देशक आदणीय गुरु मुकुन्द लम्सालज्यू प्रति आभार व्यक्त गर्न चाहन्छु । मैले पेस गरेको शोध शीर्षककलाई अध्ययनको लागि अनुमति प्रदान गर्नुहुने पृथ्वी नारायण क्याम्पस समाजशास्त्र विभागीय प्रमुख प्रा.डा विश्वकल्याण पराजुलीज्यू प्रति आभार प्रकट गर्दछु । यस शोधपत्रमा  भएका कमीकमजोरीलाई औंल्याएर नमिलेका विषयलाई परिमार्जन गरी सहयोग गर्नुहुने बाह्य शोध निर्देशक श्री रामचन्द्र बरालज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

तथ्याङ्क सङ्कलनका क्रममा महत्वपूर्ण सहयोग एवं जानकारी उपलध गराउने अन्नपूर्ण गाउँपालिका वडा नं ६ का १२ घरपरिवारका १२ दम्पतीहरु धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै तथ्याङ्क सङ्कलनका क्रममा महत्वपूर्ण सहयोग गर्ने प्रिय मित्रहरु शिब प्रसाद देवकोटा , दिनेश कुमार जि.सि. र श्याम देबकोटालाई धन्यवाद दिन चाहन्छु ।

द्धितिय तथ्याङ्क उपलब्ध गराउनुहुने संघ , संस्थाका प्रतिनिधिहरु र वडा सचिवलाई धन्यवाद दिन चाहनछु । त्यस्तै घरायसी वातावरण सहज वनाउन र लेखन कार्यमा अप्रत्यक्षरुपमा भए पनि सहयोग गर्ने जीवनसाथी राधिका देवकोटालाई तथा परिवारका सदस्यहरुप्रति आभार व्यक्त गर्दछु । शेधकार्यलाई अन्तिम स्वरुप प्रदान गर्न सहयोग पुऱ्याउने आदर्श कम्प्युटर सर्भिस, पोखरा -१, बगरप्रति प्रति धन्यवाद व्यक्त गर्दछु ।

मिति २०७५ माघ १०

सुनिल देबकोटा

# विषयसूची


| | | |
|---|---|---|
| *सिफारिस पत्र* | | *i* |
| *स्वीकृति पत्र* | | *ii* |
| *कृतज्ञताज्ञापन* | | *iii* |
| *विषयसूची* | | *iv* |
| *तालिका सूचि* | | *vii* |
| *चित्र सूची* | | *ix* |
| *शोध सार* | | *x* |
| | | **पेज नं.** |
| **अध्याय - एक : परिचय** | | **१-१०** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको उद्देश्य | ७ |
| १.४ | अध्ययनको औचित्य र महत्व | ७ |
| १.५ | अध्ययनको सीमा | ८ |
| १.६ | अध्ययनको सङ्गठनात्मक ढाँचा | ९ |
| **अध्याय - दुई : सन्दर्भ साहित्यको पुनरावोलकन** | | **११-२४** |
| २.१ | अवधारणाको समीक्षा | ११ |
| २.२. | सैद्धान्तिक पुनरावलोकन | ११ |
| २.३ | अध्ययनको सैद्धान्तिक ढाँचा | १६ |
| २.४ | पूर्व साहित्यको समीक्षा | १८ |
| २.५ | अध्ययनको अवधारणात्मक ढाँचा | २३ |
| **अध्याय - तीन : अनुसन्धान विधि** | | **२५-३०** |
| ३.१ | अध्ययन क्षेत्रको छनौट र औचित्य | २५ |
| ३.२ | अनुसन्धान ढाँचा | २६ |
| ३.३ | तथ्याङ्क संकलनका स्रोत र प्रकृति | २६ |
| ३.४ | अध्ययनको समग्रता र नमूना छनौट विधि | २७ |

| | | |
|---|---|---|
| ३.५ | प्राथमिक स्रोत तथा तथ्याङ्क संकलनका विधिहरु | २७ |
| | ३.५.१ वैयक्तिक अध्ययन | २८ |
| | ३.५.२ प्रत्यक्ष सहभागि अवलोकन | २८ |
| ३.६ | द्धितिय स्रोत | २८ |
| ३.७ | तथ्याङ्कको वैधता | २९ |
| ३.८ | तथ्याङ्कको प्रस्तुतिकरण एवम् विश्लेषण | २९ |
| ३.९ | अध्ययनको क्रममा कार्यक्षेत्रमा आएका समस्याहरु | २९ |
| **अध्याय चारः अध्ययन क्षेत्रको सामाजिक आर्थिक विशेषताको विश्लेषण** | | **३१-३६** |
| ४.१ | अध्ययन क्षेत्रको सिमानाको स्थिति | ३१ |
| ४.२ | अध्ययन क्षेत्रको ऐतिहासिक स्थिति | ३१ |
| ४.३ | अध्ययन क्षेत्रको जनसंख्या संवन्धि विवरण | ३४ |
| ४.४ | अध्ययन क्षेत्रमा सामाजिक विकासको स्थिति | ३५ |
| ४.५ | अध्ययन क्षेत्रको बैदेशिक रोजगारीको अवस्था | ३५ |
| **अध्याय पाँचः उत्तरदाताको सामाजिक तथा जनसाङ्ख्यिक विवरण** | | **३७-४४** |
| ५.१ | उत्तरदाताको जनसंख्याको अवस्था | ३७ |
| ५.२ | लिङ्ग र उमेर | ३८ |
| ५.३ | जातिय संरचना | ४० |
| ५.४ | शैक्षिक स्थिति | ४१ |
| ५.५ | पेशागत अवस्था | ४३ |
| ५.६ | बैदेशिक रोजगारीको अवस्था | ४४ |
| **अध्याय छ : वैदेशिक रोजगारी र दाम्पत्य सम्वन्ध** | | **४५-६६** |
| ६.१ | वैदेशिक रोजगारीमा जान पर्नाका कारणहरु | ४५ |
| ६.२ | वैदेशिक रोजगारीवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव | ४८ |
| ६.३ | वैदेशिक रोजगारीमा रहँदा र नरहँदा दाम्पत्य सम्वन्धमा देखिएको फरक | ५५ |
| ६.४ | वैदेशिक रोजगारी र कामको बाँडफाँडको अवस्था | ५९ |
| ६.५ | वैदेशिक रोजगारीले दाम्पत्य सम्वन्धमा पारेको मनोवैज्ञानिक प्रभाव | ६२ |

६.६ प्रत्यक्ष अवलोकनको विवेचना ६५
६.७ वैदेशिक रोजगारीवाट श्रीमान् श्रीमतीको सम्वन्धमा परेको सकरात्मक तथा नकरात्मक प्रभाव ६६
६.७.१ सकरात्मक प्रभाव ६६
६.७.२ नकरात्मक प्रभाव ६६

**अध्याय सात :वैदेशिक रोजगारी र दाम्पत्य सम्वन्धमा परेको प्रभावको समाजशास्त्रीय विवेचना ६७-७२**

७.१ वैदेशिक रोजगारवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव र विश्वव्यवस्था उपागम ६७
७.२ वैदेशिक रोजगारले दाम्पत्य सम्वन्धमा परेको प्रभाव र आधुनिकीकरण ६८
७.३ वैदेशिक रोजगारवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव र परनिर्भरता ७०
७.४ वैदेशिक रोजगारवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव र प्रकार्यात्मक अबधारणा ७१

**अध्याय आठ : सारांश, निष्कर्ष र सुझाव ७३-८०**

८.१ सारांश ७३
८.१.१ मुख्य प्राप्तिहरु ७४
८.२ निश्कर्ष ७७
८.२.१. वैदेशिक रोजगारीका कारणले दाम्पत्य संवन्धमा पारेको प्रभावहरु ७७
८.२.२. वैदेशिक रोजगारीमा रहँदा र नरहँदा दाम्पत्य संवन्धमा देखिएको फरक ७८
८.२.३. वैदेशिक रोजगारीले कामको बाँडफाडमा पारेको प्रभाव ७९
८.२.४ वैदेशिक रोजगारीले दाम्पत्य सम्वन्धमा पारेको मनोवैज्ञानिक प्रभाव ७९

अनूसुची

# तालिका सूचि


| तलिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| ४.१ | अध्ययन क्षेत्रको कुल घरधुरी सङ्ख्या तथा जनसंख्या विवरण | ३४ |
| ४.२ | अध्ययन क्षेत्रका बासिन्दाको जातिय जनसंख्या विवरण | ३४ |
| ४.३ | अध्ययन क्षेत्रको वैदेशिक रोजगारको अवस्था | ३६ |
| ५.१ | जनसङ्ख्याको आधारमा घरधुरी उत्तरदाताहरुको विवरण | ३८ |
| ५.२ | उमेर लिङ्गको आधारमा घरधुरी उत्तरदाताहरुको विवरण | ३९ |
| ५.३ | जाती र लिङ्गका आधारमा उत्तरदाताको विवरण | ४० |
| ५.४ | शिक्षा र लिङ्गका आधारमा उत्तरदाताको विवरण | ४२ |
| ५.५ | पेशा र लिङ्गका आधारमा उत्तरदाताको विवरण | ४४ |
| ६.१ | वैदेशिक रोजगारीमा जान पर्नाका कारणहरु | ४५ |
| ६.२ | वैदेशिक रोजगारीले दाम्पत्य सम्वन्धमा पारेको प्रभाव | ४८ |
| ६.३ | वैदेशिक रोजगारीमा नरहँदा दाम्पत्य सम्वन्धमा परेको प्रभाव | ५५ |
| ६.३.१ | वैदेशिक रोजगारीमा रहँदा दाम्पत्य सम्वन्धमा परेको प्रभाव | ५६ |
| ६.४ | वैदेशिक रोजगारीले कामको बाँडफाँडमा परेको प्रभाव | ६० |
| ६.५ | वैदेशिक रोजगारीले दाम्पत्य सम्वन्धमा पारेको मनोवैज्ञानिक प्रभाव | ६३ |

# चित्र सूचि


| चित्र नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| २.१ | अध्ययनको सैद्धान्तिक ढाँचा | १७ |
| २.२ | अध्ययनको अबधारणागत ढाँचा | २३ |
| ५.२ | उमेर र लिङ्गको आधारमा घरधुरी उत्तरदाताहरूको विवरण | ३९ |
| ५.३ | जाती र लिङ्गका आधारमा उत्तरदाताको विवरण | ४१ |
| ५.४ | शिक्षा र लिङ्गका आधारमा उत्तरदाताको विवरण | ४३ |

# शोध सार

नेपालको औपचारिक बैदेशिक रोजगारको इतिहास सुगौली सन्धी (१८१६) पछि ब्रिटिस भारतीय सरकारले नेपालीहरुलाई ब्रिटिस भारतीय सेनामा भर्ती गर्न शुरु गरेपछि बैदेशिक रोजगारीको ढोका खुलेको मानिन्छ । नेपालीहरु रोजगारी खोज्नका लागि बिश्वका विभिन्न देशहरुका श्रम बजारमा जान वाध्य रहेका छन् । सन् १९७० पछिको पूँजिवादको विकास, विश्वव्यापीकरण र आधुनिकिकरणको प्रभावले गर्दा पनि नेपालीहरु बैदेशिक रोजगारीमा गइरहेका छन् । बिशेष गरी नेपालका मध्यम स्तरका मानिसहरु रोजगारीका लागि खाडी राष्ट्रहरु (कतार, साउदी अरब , दुबही, कुवेत, बहराइन्, ओमन, मलेशिया ) मा  जाने गरेका छन् ।

बैदेशिक रोजगारीका विभिन्न प्रेरक तत्वहरुमध्ये दाम्पत्य (बैवाहिक जीवन) पनि एक हो । विवाह पश्चात थप जिम्मेवारीहरु वढ्दै जाने र रोजगारी अवसरको खोजीमा बैदेशिक श्रम वजारमा जाने गरेका छन् । बैदेशिक रोजगारवाट आएको बिप्रेषणले परिवारको आर्थिक जीवनमा मात्र नभएर दाम्पत्य सम्बन्धमा पनि प्रभाव पारिरहेको छ । दाम्पत्य सम्बन्ध निर्माणमा आकर्षण र टुटाउन प्रेरक पनि हुने वैदेशिक रोजगारीले कस्तो प्रभाव पारेको छ भनेर यो अध्ययन केन्द्रित गरिएको  छ ।

कास्कीको  अन्नपूर्ण गाउँपालिका लुम्ले गाउँलाइ अध्ययन क्षेत्र बनाइ सोधकार्य गर्न नमुना छनोटका विभिन्न विधिहरूमध्ये सम्भावना रहित नमुना छनौट अन्तर्गतको उद्धेश्यपूर्ण नमुना छनोट र स्नोबल विधि अवलम्वन गरिएको छ । उद्धेश्यपूर्ण नमुना छनौट र स्नोबल विधि प्रयोग गरी  १२ परिवारमा सघन वैयक्तिक अध्ययन तथा प्रत्यक्ष सहभागि अबलोकन विधि अवलम्बन गरिएको छ ।

अध्ययनका क्रममा १२ परिवार मध्ये २ जोडीको बैदेशिक रोजगारीकै कारणवाट सम्वन्ध विच्छेद भएको पाइएको छ । वैदेशिक रोजगारीका क्रममा आपसी व्यवहारमा  विभिन्न शंका, अविश्वास, अर्कै पुरुषहरुसँग श्रीमतिको सम्वन्ध भएको भन्ने सामाजिक हल्लाले उनीहरुवीच सम्वन्ध विच्छेदलाइ बल पुर्याएको देखियो । त्यस्तै एक जना महिलाको पारपाचुके नभएपनि आपसी अविश्वास रहेको तथा पारिवारिक जीवनमा यसले नकारात्मक प्रभाव पारेको पाइएको छ ।  बाँकी ९ जोडीमा  सामान्य झगडा वाहेक अन्य सबैमा सम्वन्ध राम्रै रहेको, घरेलु कामको श्रम विभाजन आपसी सहमतिमा नै हुने गरेको पाइएको छ ।

कास्कीको लुम्ले गाउँको यो अध्ययनका आधारमा भन्नुपर्दा दम्पतिमा आर्थिक श्रोतले मात्र सुमधुरता निर्धारण गर्दो रहेनछ, यौनीक सन्तुलन र आपसी यौन विश्वासका पक्षले दाम्पत्य दीगो पार्न वा टुटाउन भुमिका खेलेका हुँदा रहेछन भन्ने तथ्य देखाएको छ ।

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

पारिवारीक जिवन पद्धतिको व्यवस्थापनको लागि हरेक परिवारले बिभिन्न खालका जिविका रणनितीहरु निर्माण गरेका हुन्छन् । यस्तो जिविका रणनिति निर्माण गर्दा अरुको अनुकरण, आइपरेका तनाव व्यवस्थापनका लागि नयाँ बिकल्पको खोजी र सन्तुलित परिवार निर्माणका लागि अपनाउने काइदाहरु सम्वन्धमा विभिन्न ढाँचाका श्रम विभाजन(दुर्खिम,१९८५) र तनाव व्यवस्थापनका वारे हरेक परिवारले निर्वाह गर्ने बैकल्पिक रणनिति (पार्सन्स,१९५१) ले बदलिँदो पारिवारीक रणनिति खोज्न प्रेरीत गर्दछ ।

जिविकाको खोजीका लागि वसाइसराई गर्दै कहिले तिब्बत , कहिले पूर्व उत्तर भारत कहिले मुम्वई र लाहोर तिर रोजगारको खोजीमा जाने नेपाली समाजको अर्थ राजनिति सुगौली सन्धी पछि इष्ट इन्डिया कम्पनीको फौजमा आवद्ध हुँदै वेलायती सेनामा जाने प्रचलन बढ्यो(वन्दिता,२०१२) ।

मूलरुपमा बिप्रेषणको आशा र पारिवारीक आयस्रोत वढाउने अपेच्छाले वैदेशिक रोजगारीमा जानको लागि वसाइसराई गर्दा विवाहितहरुको दाम्पत्य जीवनको समय व्यवस्थापन सँगै नेपाली समाजमा यौन व्यवस्थापनका सबालहरुपनि दिगो पारिवारीक सम्वन्धमा प्रभाव पार्ने तत्वको रुपमा देखिएका छन् । नेपाली समाजमा सुखी पारिवारीक जिविकाका लागि लोग्नेहरु वैदेशिक रोजगारीमा जाने र श्रीमतीहरु सन्तानको शिक्षा दिक्षाको लागि भने शहरतिर वसाइसरी वैदेशिक रोजगारको आर्जनमा निर्भर रहने र एउटा परिवारका सदस्यहरु तीनतिर बाँडिएर बस्ने र मूल घर, विदेश र शहर प्रवृत्ति देखिएको छ । यो प्रवृत्तिले दाम्पत्य सम्वन्धमा कस्तो प्रभाव पारेको छ भन्ने विषय समाशास्त्रीय अनुसन्धानको लागि चासोको विषय हो । त्यसैले ***बैदेशिक रोजगारीका कारण दाम्पत्य संवन्धमा परेको प्रभाव*** शिर्षकमा अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

इतिहासलाई अध्ययन गर्ने हो भने मानव विकासको इतिहास लामो छ । प्रारम्भिक चरणमा मानिस असंगठित थिए । शिकारी तथा कन्दमूल बटुल्ने मानव समाज नितान्त घुमन्ते

प्रकृतिको थियो । जुन समयमा मानिसहरु प्राकृतिक उत्पादनमा नै आश्रित हुने गर्दथे । समाज विकासको लामो कालखण्डपछि संगठनात्मक व्यवहारको विकास, नयाँ प्रबिधियुक्त हातहतियारको विकासका साथै बसोबासमा केही स्थायित्व आउन थाल्यो । यसै समयदेखि मानव समाजमा सुक्ष्म तहका संस्थाको जन्म भयो । यस्ता संस्थाहरुमध्ये बिबाह पनि एक हो ।

इडवार्ड वेष्टरमार्क (Edward Westermarck) ले मानवविवाहको इतिहास (History of Human Mariage) नामक कृतिमा विवाहको परिभाषा यसप्रकार गरेका छन् । "विवाह भनेको एक वा त्यो भन्दा बढी पुरुषको एक वा त्योभन्दा बढी स्त्रीहरुसित हुने सम्बन्ध हो , जसलाई प्रथा वा कानुनले स्वीकारोक्ति प्रदान गरेको हुन्छ । र यसरी सम्बन्धित हुने दुई पक्षहरुको सम्बन्धबाट उत्पन्न हुने सन्तानहरुप्रतिको उनीहरुको अधिकार र कर्तव्यसमेत विवाहले बुझाउने गर्दछ ।

नेपालको बैदेशिक रोजगारको इतिहासलाई अध्ययन गर्दा सन् १८१६ को सुगौली सन्धी पछि ब्रिटिस भारतीय सरकारले नेपालीहरुलाई ब्रिटिस भारतीय सेनामा भर्ती गर्न शुरु गरेपछि बैदेशिक रोजगारीको ढोका खुलेको हो । नेपाल कृषि प्रधान देश भएता पनि कृषिमा आधुनिकिकरण हुन नसक्दा नेपालीहरु रोजगारी खोज्नका लागि बिश्व बजारका विभिन्न देशहरुमा जान वाध्य रहेका छन् । सन् १९७० पछिको पूँजिवादको विकास , विश्वव्यापीकरण र आधुनिकिकरणको प्रभावले गर्दा पनि नेपालीहरु बैदेशिक रोजगारीमा गइरहेका छन् । बिशेष गरी नेपालका मध्यम स्तरका मानिसहरु रोजगारीका लागि खाडी राष्ट्रहरु(कतार, साउदी अरब, दुबही, कुवेत, बहराइन् ,ओमन )मा जाने गरेका छन् ।

नेपालबाट बिश्व श्रम बजारमा बैदेशिक रोजगारीका लागि जाने प्रबृत्ति १८ औँ दशकको अन्त्य र १९ औं शताब्दिको शुरुताकावाट भएको पाइन्छ । सन् १८१४-१५ पछि नेपाली श्रम शक्ति जानी वा नजानी भारतको मेघालय, आसाम, मणिपुर, चियाको वजारको लागि दार्जलिङ्ग, भूटान, बर्मा, मलेशिया जस्ता मुलुकहरुमा बैदेशिक रोजगारीका लागि र आप्रावासीको लागि अवातजावत गरेको पाइन्छ । साथै खाडी राष्ट्रमा काम गर्न जाने इतिहास हेर्दा ३० वर्षको लामो इतिहास छ ( भट्राई, २००६ : १-२) ।

नेपालमा वि.स. २०२८ सालमा श्रम विभागको स्थापनासंगै रोजगार प्रवर्द्धनका लागि

सरकारी स्तरवाट अनूकुल वातावरणको सिर्जना गर्ने कार्य शुरु भएको थियो तत्कालिन समयमा उद्योग मन्त्रालय अर्न्तगत स्थापित श्रम विभाग कारखाना निरीक्षण र श्रम विवाद समधानमा केन्द्रित थियो । समयको विकासक्रमसंगै देशभित्रको श्रमशक्ति बैदेशिक रोजगारीमा जाने क्रम शुरु भए पछि नेपाल सरकारवाट बैदेशिक रोजगार ऐन, २०४२ जारी भयो भने २०५६ सालमा विभागको कार्यक्षेत्र विस्तार गरी विभागको नाम श्रम तथा रोजगार प्रर्वद्धन विभाग कायम गरीयो । यसैक्रममा बैदेशिक रोजगार ऐन, २०६४ मा भएको व्यवस्था अनुसार २०६५ पुष १६ गते बैदेशिक रोजगार विभागको स्थापना भएको थियो । नेपाल सरकारले वि.स. २०७० सम्म ११० वटा मुलुकको लागि श्रम स्विकृति दिएको छ (बै.रो.वि.प्र.,२०७०:१ ) ।

त्यस्तै गरी २०६४ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णयवाट रोजगार अनुमती प्रणाली द्वारा दक्षिण कोरीयामा आकर्षक ज्यालाका कारण नेपालीहरु जाने क्रम बढीरहेको छ ।

नेपालमा वि.स. २०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको जम्मा जनसंख्या २,६४, ९४,५०४ रहेको छ । यसमा पुरुष १,२८,४९०४१ र महिलाको जनसंख्या १,३६,४५,४६३ रहेको छ (के.त.वि.,२०६८) । यस मध्ये आर्थिक वर्ष २०६७/०६८ मा ३,५४,७१६जना बैदेशिक रोजगारीमा गएकोमा करिब ८ प्रतिशतले वृद्धि भई २०६८/०६९ मा बैदेशिक रोजगारीमा जानेहरुको संख्या ३,८४,६६५ जना पुगेको छ । आ.व. २०६९/०७० मा यो संख्या ४,५३,५४३ जना पुगेको छ ( बै.रो.वि. प्र.,२०७० ) । आ.व. २०७२।७३ मा वैदेशिक रोजगारीमा जाने प्रयोजनको लागि संस्थागत रुपमा व्यक्तिगत नयाँ श्रम स्वीकृति लिने व्यक्तिहरु जम्मा ३,६,७७३ जना रहेका छन् भने कास्की जिल्लावाट ४,६५९ जना रहेका छन् । कास्की जिल्लावाट खाडी राष्ट्रहरुमा जानको लागि संस्थागतरुपमा श्रम स्विकृति लिनेको संख्या ४,२२० रहेको छ जसमा सबभन्दा धेरै कतारमा १,५२३ रहेको छ (बै.रो.वि.,२०७३ ) ।

विकासोन्मुख राष्ट्रहरुको सुचिमा पर्ने नेपाल शिक्षा, स्वास्थ्य , गरिबी जस्ता समस्यावाट अझै माथि उठ्न सकेको छैन । कृषि प्रधान देशको रुपमा रहे तापनि कृषि क्षेत्रको उचित विकास हुन सकेको छैन । कृषि क्षेत्रमा निर्भर करिब ७९.९१ प्रतिशत जनताको आर्थिक स्तर अझै आधारभूत आवश्यकता परिपुर्तिको लागि भौंतारिनु पर्ने छ (के.त.वि.,२०६८) । नेपालीहरु बैदेशिक रोजगारीमा जानु पर्नाका प्रेरक कारणहरुमध्ये दाम्पत्य पनि एक हो । प्रायजसो युवा युवतीहरु बिबाह निर्माण गर्न वा विवाह पश्चात परिवारको खर्च व्यवस्थापन

गर्न, परिवारका सदस्यहरुलाई खुशी तुल्याउनको लागि पनि रोजगारीको खोजीको लागि विभिन्न देशका श्रम वजारमा गएका हुन्छन् । बैदेशिक रोजगारवाट आएको बिप्रेषणले गर्दा रोजगारीमा जानुपूर्वको पारिवारिक अवस्था र रोजगारमा रहँदा वा रोजगारवाट फर्किएपछिको अवस्थामा परिवर्तनहरु देखिएका छन् भने वैवाहिक सम्वन्ध निर्माण गर्न पनि यसले प्रभाव पारिरहेको छ । यसका साथसाथै दाम्पत्य संवन्धको अवस्थामा पनि प्रभावहरु देखिएका छन् । श्रीमान् श्रीमती बीचको दाम्पत्य सम्वन्धले समाजलाई नै प्रभावित वनाइरहेको छ । यसरी यस अनुसन्धानमा दाम्पत्य सम्वन्धमा पारेको प्रभावको वारेमा अध्ययन गर्ने जमर्को गरिएको छ ।

## १.२ समस्याको कथन

अनुसन्धान कार्य सजिलो, भरपर्दो, फलदायी, उपलब्धि मूलक बनाउन अध्ययनको अति आवश्यक हुन्छ । धारणाहरु शुरुमा कोरा हुन्छन् । तिनीहरुलाई अध्ययन गरी यथार्थ पत्ता लगाउन र समस्याको पहिचान गर्न सके अनुसन्धान कार्य अवश्य सरल हुन्छ । कुनै पनि कार्य गर्न चुनौति र समस्याहरु अवश्य नै हुन्छ ।

गरिबी, सिमित मात्रामा रोजगारीका अवसरहरु हुनु, कृषिजन्य वस्तुको उत्पादनमा कमी हुँदै जानु र द्बन्द हुनुको कारणले युवाहरु अन्तराष्ट्रिय श्रम वजारमा जाने गरेका छन् । नेपालमा धेरै गाउँहरु छन् जहाँ श्रमको लागि वाहिरजानु समाजको संस्कृति तथा परम्परा जस्तै भइसकेको छ । छर छिमेक, ईष्टमित्र, साथी भाईको कारणले पनि श्रमको लागि विदेश जाने प्रचलन रहेको छ ।

केही वर्ष यता कामको लागि विदेशमा वसाइसराई हुने संख्या वढ्दै गएको छ । वैदेशिक रोजगारीका लागि खाडी राष्ट्रमा जाने प्रचलन परम्पराजस्तै भइसकेको छ । आफ्नो आय स्तर तथा वर्गीय स्तरको आधारमा विदेशमा जाने ठाउँको छनौट गर्ने गर्छन् । गरिब मानिसहरु भारत , खाडी र मलेशिया जस्ता देशको छनौट गर्छन् भने धनी मानिसहरुले जापान, अमेरीका र यूरोप जस्ता देशहरुको छनौट गर्ने गर्छन् ( भट्राई, २००६ : १-२) ।

नेपालमा श्रमको लागि भएको वढ्दो वसाइसराईले गर्दा धेरै क्षेत्रहरुमा प्रभाव पारेको छ । वैदेशिक रोजगारीले आर्थिक तथा सामाजिक रुपमा प्रभाव पारेको छ । नेपालको राष्ट्रिय अर्थतन्त्र विप्रेषणमा भर परेको अवस्था छ । गरिबीलाई कम गर्न, हजारौँ परिवारको जिविका

चलाउन सहयोग गरेको वैदेशिक रोजगारीको कारणले स्थानिय श्रम वजारलाई असन्तुलित वनाएको छ । यसले गर्दा स्थानिय श्रम वजारमा सस्तोमा काम गर्ने जनशक्तिको अभाव रहेको छ । त्यस्तै वैदेशिक रोजगारीमा जाने व्यक्तिहरु नवुझिकन जाँदा र विदेशमा पठाउने कम्पनीहरुको कारणले गर्दा दुःख भोगिरहेको अवस्था छ(वन्दिता,२०१२) ।

नेपालमा प्रशस्त रोजगारीका सम्भावनाहरु भएतापनि राज्यले सोको व्यवस्थापन गर्न नसक्दा, १० वर्षे माओवादी द्धन्दका साथ साथै शान्ति र स्थायित्य नहुँदा नेपालमा रोजगारीका अवसरहरु सिर्जना हुन सकेनन् । कृषिप्रधान देश नेपालमा कृषिमा आधुनिकीकरण हुन नसक्दा रोजगारीका अवसरहरु प्रयाप्तमात्रमा सृजना हुन सकिरहेका छैनन् । यसमा सरकारको खासै ध्यान गएको देखिँदैन । आज नेपाली युवाहरु वैकल्पिक पेशाको रुपमा वाध्यतावश वैदेशिक रोजगारीको लागि खाडी राष्ट्रमा गएका छन् । वैदेशिक रोजगार सम्वन्धि प्रकाशित वार्षिक प्रतिवेदनहरुले पनि खाडी राष्ट्रमा जाने नेपालीहरुको संख्या वढीरहेको देखाएको छ ।

बैदेशिक रुपमा हुने वसाइ सराई वा विदेशमा जानाले सकरात्मक तथा नकरात्मक प्रभावहरु दाम्पत्य संवन्धमा देखिने गरेका छन् । सकरात्मक पक्ष महिलाहरु स्वतन्त्र रुपमा काम गर्न विकास गरेका हुन्छन् । दुबैको सल्लाहमा आर्थिक मुद्धाहरुमा निर्णयहरु हुन्छन् । सूचनाहरुमा विकास भएको हुन्छ । नकरात्मक पक्षमा बैबाहिक द्धन्द एक हो । बढी काम भयो , बढी थकित भयो भने त्यहाँ द्धन्द हुन्छ । आफ्नो आम्दानी भए पछि वा सरकारले सहयोग गरेपछि सम्वन्ध विच्छेद गर्ने र आफू स्वतन्त्र रुपमा रहन चाहने बानीको विकास हुन्छ (Hyman et.al,2008)।

वैदेशिक रोजगारीमा पुरुषका साथसाथै महिलाहरु पनि जाने गरेका छन् । महिलाहरु बैदेशिक रोजगारीको लागि मुख्य गरेर साउदी, अरब, कुवेत, यु.ए.ई, लेबनान र जोर्डन जस्ता देशहरुमा जाने गरेका छन् । धेरै जसो महिलाहरु घरेलु काममा गएका देखिन्छन् । बालबच्चाहरु र परिवारको व्यवस्थापनको लागि बिदेश जाने गरेका छन् । अध्ययनमा सुनामी पछि जीवनसाथी धेरै गुमेपछि बालबच्चाहरुको पालनपोषण र परिवारको व्यवस्थापनको लागि केही महिलाहरु श्रीमान्ले् रक्सी पिउने, हिँसा गर्ने, खराब काममा लागेका कारणले नै महिलाहरु वढी विदेशिन पुगेका छन् । पुरुषको भन्दा कम ज्याला भएर पनि प्राय महिलाहरु बिदेशिएका छन् । यसरी रोजगारीमा जाँदा उनीहरुको बालबच्चाहरुको

स्वास्थ्य, शिक्षा तथा अन्य कुराहरुमा नकरात्मक प्रभाव परेको देखिएको छ (Nufle, 2014)।

विश्वव्यापीकरण र आधुनिकिकरणको प्रभावले गर्दा र देशमा प्रशस्त रोजगारीका अवसरहरु नहुँदा नेपालीहरु बैदेशिक रोजगारीमा जानका लागि बाध्य छन् । बहुआयमिक कारणहरुले गर्दा नेपालीहरु बिश्वका विभिन्न देशहरुमा रोजगारकिो लागि गइरहेका छन् । बैदेशिक रोजगारमा जाने कारणहरु र यसको प्रभावको वारेमा अध्ययन अनुसन्धान भएतापनि ग्रामिण भेगवाट खाडी राष्ट्रमा मात्र जाने कारणहरु को वारेमा खासै अनुसन्धानहरु भएको देखिएको छैन । यसै क्रममा ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरु किन बैदेशिक रोजगारीका लागि खाडी मुलुकहरुमा बढी जान्छन् तथा जान पर्नाका कारणहरु के रहेका छन् भनी यस अध्ययनवाट खोज्ने प्रयास गरिएको छ ।

बैदेशिक रोजगारीका कारणले परिवार, समूदायमा कस्तो प्रभाव गरेको छ भनी अध्ययन अनुसन्धानहरु भएका छन् तर प्रत्यक्ष प्रभाव पार्ने बिबाहसँग संवन्धित दम्पतीहरुको संवन्ध निर्माण गर्न र उनीहरुको बिचको संवन्धमा पारेको प्रभावका वारेमा अध्ययन अनुसन्धानहरु भएका छैनन् । बिभिन्न मिडियाहरुमा, पत्र पत्रिकामा, समूदायमा बैदेशिक रोजगार गएका दाम्पत्य बिचमा राम्रा, नराम्रा समचारहरु आइरहेका छन् । समाजमा दम्पतीवीच सम्वन्ध विच्छेद भएका घटनाहरु भइरहेका छन् । समाजमा आउने दम्पतीहरुको नकरात्मक सम्वन्धहरुले गर्दा वैदेशिक रोजगारीको पेशालाई पनि हेर्ने दृष्टिकोणमा फरक देखिँदै आइरहेको छ । यसलाई अध्ययन अनुसन्धान गरी यथार्थता पत्ता लगाउन दाम्पत्य संवन्धमा आएको प्रभावलाई अध्ययन गर्नु आफैमा एउटा अनुसन्धानको विषयवस्तु हुन सक्ने ठानेर अनुसन्धान गर्न खोजिएको हो । यस अध्ययनको विषयवस्तुमा परेको प्रभाव निम्न अनुसारको अनुसन्धनात्मक प्रश्नहरु ( Research Question ) बाट उत्तर खोज्ने प्रयास गरिएको छ ।

१) नेपालीहरु वैदेशिक रोजगारीका लागि खाडी राष्ट्रमा जान पर्नाका कारणहरु के के हुन् ?

२) वैदेशिक रोजगारीका कारण दाम्पत्य संवन्धमा कस्तो प्रभाव परेको छ ?

३) वैदेशिक रोजगारीका कारण दाम्पत्य संवन्ध निर्माण गर्न कस्तो प्रभाव रहेको छ ?

४) वैदेशिक रोजगारीमा रहँदा र नरहाँदा दाम्पत्य संवन्धमा कस्तो फरक देखिएको छ ?

५) वैदेशिक रोजगारीका कारणले दम्पतीवीचको कामको वाँडफाँडको अवस्था कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

सोधपत्रको सामान्य उद्धेश्य बैदेशिक रोजगारीका कारणवाट दाम्पत्य संवन्धमा पारेको प्रभावको वारेमा खोज गर्नु रहेको छ भने बिशिष्ट उद्धेश्य निम्न अनुसार रहेको छ ।

**बिशिष्ट उद्धेश्य :**

१. वैदेशिक रोजगारीका कारणले दाम्पत्य संवन्धमा पारेको प्रभावहरुको खोजी गर्नु ।

२. वैदेशिक रोजगारीमा रहँदा र नरँहदा दाम्पत्य संवन्धमा देखिएको फरकको खोजी गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्व

वैदेशिक रोजगारीमा जाने प्रबृत्ति वढेसँगै ग्रामिण समूदायवाट बढी मात्रामा नेपालीहरु खाडी राष्ट्रहरुमा जाने गरेका छन् । श्रमको लागि खाडी राष्ट्रमा जाने चलन परम्पराजस्तै वनेको छ । सामान्य अर्थमा देशमा रोजगारका अवसरहरु नभएका हुनाले बैदेशिक रोजगारीमा जानु परेको भएतापनि यसका सामाजिक, पारिवारिक रुपमा धेरै आयामहरु रहेका छन् । पारिवारिक जिवन सुरुवातीको अवस्था बिबाहभएपछि प्रायजसो व्यक्तिहरु बैदेशिक रोजगारीमा जाने गरेका छन् । बिबाह लगत्तै बिदेशिनु पर्ने पिडा त छँदैछ, त्यसमा अझ उनीहरुको सम्बन्धमा पनि प्रभाव परिरहेको छ । यसलाई विस्तृतरुपमा अध्ययन अनुसन्धान गर्नु अहिलेको आवश्यकता रहेको छ । बैदेशिक रोजगारीमा गएपछि पारिवारिक सम्वन्धका साथै दाम्पत्य संबन्धमा परेको प्रभाव र दाम्पत्य संवन्ध निर्माण गर्न परेको प्रभावको वारेमा अध्ययन अनुसन्धान त्यति हुन नसकेको हुँदा यस अध्ययनको औचित्य तथा महत्व रहेको छ । साथै यस अनुसन्धानवाट निस्कने निश्कर्षहरु कास्की जिल्ला अन्नपूर्ण गाउँपालिकाको लुम्ले गाउँमात्र नभएर यसले समग्र अनुसन्धानकर्ता, सोधपत्र लेख्ने व्यक्ति, यस विषयवस्तुसंग चासो राख्ने संघ /संस्थाहरु लाई अध्ययन अनुसन्धान गर्नको लागि सहयोग गर्नेछ । साथै यो आगामी दिनमा यसै विषयवस्तुहरुमा अध्ययन अनुसन्धान गर्न चाहनेहरुका लागि द्धितिय तथ्याङ्कको स्रोत हुन सक्नेछ ।

## १.५ अध्ययनको सीमा

अनुसन्धान एक प्राज्ञिक विषय हो । यसमा समय, स्रोत, साधन र आर्थिक पक्षको महत्वपूर्ण प्रभाव पर्ने गर्दछ । कुनै पनि अध्ययन अनुसन्धानका आफ्नै सिमा र परिधिहरु रहेका हुन्छन् । साथै निश्चित भूगोल समावेश गरिएको हुन्छ । यो सामाजिक शास्त्र संकाय अर्न्तगत स्नातकोत्तर दोस्रो वर्षको समाजशास्त्र विषयको सोधकार्य लेखनको आवश्यकता परिपूर्तिको लागि तयार गरिएको अध्ययन हो । यो अध्ययन निम्न लिखित पक्षमा मात्र सिमित छ ।

- नेपालको गण्डकी प्रदेशको कास्की जिल्ला अर्न्तगत अन्नपूर्ण गाउँपालिका वडा नं ६ भित्रका खाडी राष्ट्रमा बैदेशिक रोजगारीका लागि गएका र सोधपत्र अध्ययनको समय मिति २०७५ श्रावण देखि पौष सम्म बिदामा घर आएका पुरुषहरु र उनीहरुका श्रीमती तथा घरमा रहेका गृहिणी महिलाहरु र उनीहरुका श्रीमान् यो अध्ययन सिमित रहेको छ । त्यसैले अन्य क्षेत्रमा यसको प्रभाव दुरुस्त नमिल्न सक्छ ।
- प्रारम्भिक अध्ययनवाट अध्ययनको क्षेत्रमा खाडी मुलकमा गएका मध्ये १२ जना जसमा विदेशवाट घरमा विदामा आएका ६ जना पुरुष र घरमा रहेका गृहिणी महिलाहरुलाई नमूना छनौट गरी स्थलगत रुपमा वैयक्तिक अध्ययन गरिएको छ भने वैयक्ति अध्ययनमा आएका भनाइहरुलाई बैधताको लागि छनौट भएका १२ जनाका दम्पति जोडीसँग अध्ययनको समयमा घरमा भएकालाई भेटेर र अन्यलाई सूचनाका प्रविधिहरु प्रयोग गरी अध्ययन गरिएको छ भने अध्ययनको क्रममा अध्ययन क्षेत्रमा जाँदा प्रत्यक्ष अवलोकन गरिएको छ र द्वितीय तथ्याङ्क विभिन्न पुस्तक, पत्रपत्रिका, जनरल , कार्यालय र संघ संस्थाहरुबाट सङ्कलन गरिएको छ ।
- यस अध्ययनमा खाडी राष्ट्र अर्न्तगतका कतार, साउदी अरब, दुबही, कुवेत, बहराइन्, ओमन देशहरुमा गएका व्यक्तिहरुको मात्र अध्ययन गरिएको छ ।
- यस अनुसन्धानले अध्ययनको सिमित स्रोत, साधन, समय सिमाले गर्दा सम्पूर्ण खाडी मुलुकमा गएका दम्पतीहरु बैदेशिक रोजगारीमा जानु पर्नाका कारणहरु र बैदेशिक रोजगारीका कारण उनीहरुको संवन्धमा परेको प्रभावको वारेमा अध्ययन गर्न सक्दैन । नेपालका सम्पूर्ण स्थानमा यस

अध्ययनका निश्कर्षहरु सामान्यीकरण नहुन पनि सक्छन् ।

- यस अनुसन्धानले समाजशास्त्र विषयमा सैद्धान्तिक आधार तयार गर्न केही हदसम्म सहयोग गर्नेछ ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

यस अनुसन्धानलाई खासगरी एक देखि आठ अध्यायसम्म वर्गीकरण गरी संगठित गरिएको छ । पहिलो अध्यायमा परिचय दिइएको छ । जसमा अध्ययनको पृष्ठभूमि समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको सामान्य उद्धेश्य, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमा, र साङ्गठनिक संरचना रहेको छ ।

दोस्रो अध्यायमा पूर्व साहित्यको समीक्षा र सैद्धान्तिक आधारशिला रहेको छ । जस अर्न्तगत अवधारणाको समीक्षा, सैद्धान्तिक पुनरावलोकन, अध्ययनको सैद्धान्तिक ढाँचा, पूर्व साहित्यको समीक्षा र अध्ययनको अवधारणात्मक ढाँचा रहेका छन् ।

तेस्रो अध्यायमा अनुसन्धान विधि रहेको छ । जस अर्न्तगत अध्ययन क्षेत्रको छनौट र औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्क संकलनका स्रोत र प्रकृति, प्राथमिक तथ्याङ्क संकलनका विधिहरु, द्धितिय स्रोत, अध्ययनको समग्रता र नमूना छनौट विधि, तथ्याङ्कको वैद्यता, तथ्याङ्कको प्रस्तुतिकरण एवम् विश्लेषण र कार्यक्षेत्रका समस्याहरु रहेका छन् ।

अध्याय चारमा अध्ययन क्षेत्रको परिचय रहेको छ । जस अर्न्तगत अध्ययन क्षेत्रको सिमानाको स्थिति, अध्ययन क्षेत्रको ऐतिहासिक स्थिति, अध्ययन क्षेत्रको जनसंख्या संवन्धि विवरण, अध्ययन क्षेत्रमा सामाजिक विकासको स्थिति र अध्ययन क्षेत्रको बैदेशिक रोजगारीको अवस्था रहेका छन् ।

पाँचौं अध्यायमा उत्तरदाताको जनसाङ्ख्यिक विशेषता रहेको छ । जस अर्न्तगत उत्तरदाताको जनसंख्याको अवस्था, लिङ्ग र उमेर, जातिय संरचना, शैक्षिक स्थिति, पेशागत अवस्था र बैदेशिक रोजगारीको अवस्था रहेको छ ।

छैटौं अध्यायमा वैदेशिक रोजगारीमा जान पर्नाका कारणहरु र यसवाट दाम्पत्य सम्वन्धमा परेको प्रभावको वारेमा रहेको छ । जस अर्न्तगत वैदेशिक रोजगारीमा जान पर्नाका कारणहरु, वैदेशिक रोजगारीवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव, वैदेशिक रोजगारीमा रहँदा

र नरहँदा दाम्पत्य सम्वन्धमा देखिएको  फरक, दम्पतीहरुको कामको बाँडफाँडको अवस्था, मिडियामा आएका समचारहरु र सामाजिक सञ्जालहरुको कारणहरुवाट दाम्पत्य सम्वन्धमा देखिएको मनोवैज्ञानिक प्रभाव र वैदेशिक रोजगारीवाट दाम्पत्य सम्वन्धमा परेको सकरात्मक तथा नकरात्मक प्रभाव रहेका छन् ।

सातौँ अध्यायमा वैदेशिक रोजगारीका कारण दाम्पत्य सम्वन्धमा परेको प्रभावको समाजशास्त्रीय अध्ययन रहेको छ । जस अर्न्तगत वैदेशिक रोजगारवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव र विश्वव्यापी सिद्धान्त , दाम्पत्य सम्वन्धमा परेको प्रभाव र आधुनिकीकरण, वैदेशिक रोजगारवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव र परनिर्भरता, वैदेशिक रोजगारवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव र प्रकार्यात्मक अबधारणा रहेका छन् । आठौँ अध्यायमा सारांश र निश्कर्ष राखिएको छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको पुनरावोलकन

## २.१ अवधारणागत सिंहावलोकन

नेपाली समाजमा हुने घटनाहरु अध्ययनका साथै समग्र समाजको अध्ययनको चासोले गर्दा विभिन्न अनुसन्धानहरु हुने गर्दछन् । अध्ययन भनेको क्षणिक र आवश्यक रुपमा केवल शैक्षिक पाठ्यक्रममा मात्र गरिएको नभई यसलाई समय र विषयको समायोजन गर्ने प्रयास यस अध्ययनमा गरिएको छ । आजको समयमा सर्वत्र बेरोजगारी समस्या र बैदेशिक रोजगारीमा गएको अवस्था र यसवाट पारिवारिक तथा दाम्पत्य सम्वन्धमा परेको प्रभाव जस्ता विषयको अनुसन्धनात्मक समायोजन भयो भने निश्चय नै भोलिका दिनमा फलदायी परिणाम आउन सक्छ । यसै सन्दर्भमा अन्नपूर्ण गाउँ पालिका वडा नं ६ का बैदेशिक र रोजगारीमा संलग्न परिवारका श्रीमान् श्रीमतीहरुको अध्ययनलाई जोड दिइएको छ । अध्ययन क्षेत्रमा बैदेशिक रोजगारी र यसको श्रीमान् श्रीमती विचको सम्वन्धमा परेको प्रभाव, बैदेशिक रोजगारीमा जानुपर्नाका कारणहरु जस्ता पक्षहरुको यस अध्ययनमा अनुसन्धान गर्न खोजिएको छ ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

समाजको एउटा महत्वपूर्ण चरित्रको रुपमा रहेको अत्यन्त चल वस्तु भनेको श्रम हो । परम्परादेखि आजसम्म पनि विभिन्न दृष्टिकोणवाट श्रमलाई परिभाषित र निर्देशित गर्ने गरिएको छ । श्रमको खोजिको क्रममा देश भित्र तथा वाह्रय राष्ट्रहरुमा जाने क्रम पनि चलिरहेको छ । विशेष गरी रोजगारीको लागि विदेशमा जाने र यसवाट दाम्पत्य सम्बन्धमा प्रभावहरु देखिएको अवस्थामा यसले एउटा धारणाहरुको सृजना गरेको छ । यसलाई विभिन्न दार्शनिक तथा समाजशास्त्रीहरुले विभिन्न कोणवाट समाजमा स्थापित गर्दै पूर्ण मान्यता दिई पुष्टि गरेका छन् ती विभिन्न मध्ये समाशास्त्रीय दृष्टिकोणहरु तल प्रस्तुत गरिएको छ ।

## ➢ विश्वव्यवस्था सिद्धान्त  र बैदेशिक रोजगार

विश्वव्यापीकरण र आधुनिकीकरणले गर्दा आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक सैलिको नक्कल गर्नुपर्ने अवस्था तथा विभिन्न देशहरुवीच विकासका समान सम्वन्धहरुको वारेमा बिश्लेषण गर्दै तेस्रो विश्व वा गरिब राष्ट्रहरु किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्व व्यवस्था सिद्धान्तको विकास भएको हो । सन् १९७० मा यसको विकास भएको हो । जसका मुख्य व्यवख्याकार ईमान्युल वालेस्ट्राइन हुन् । यसलाई नवमार्क्सवादी सिद्धान्त वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ ।

विश्वव्यवस्था सिद्धान्तमा ईमान्युल वालेस्ट्राइनले विश्वलाई केन्द्र , अर्धपृष्ठ र पृष्ठ क्षेत्र गरी ३ वटा वर्गमा विभाजन गरेका छन् । यस सिद्धान्त अर्न्तगत केन्द्र देशहरुले सस्तो मूल्यमा कामदार तथा कच्चा पदार्थहरु पृष्ठ देशहरुवाट आयात गरी बिश्व वजारलाई आफ्नो अधिनमा पारीरहेका हुन्छन् ।  केन्द्र क्षेत्र विकसित भइरहेको हुन्छ भने केन्द्र क्षेत्र सधैं अविकसित रहन्छ । केन्द्र देशहरुवाट आर्थिक श्रम शोषणका कारणले श्रमिकको ज्यालामा असमानता हुन्छ । केन्द्र देशहरुले पृष्ठ क्षेत्रका देशहरुलाई शोषण गर्नुका साथै आफ्नो प्रभुत्व राखेका हुन्छन(carlos,2001) ।

नेपालको वैदेशिक श्रम वसाइसराई वर्तमानको आधुनिक विश्वको विशेषतासँग मिल्दो रहेको छ । विश्वव्यापीकरणले र देशको नितिनियम लचिलो तथा सूचना र यातायातको सुविधाले गर्दा अन्तराष्ट्रिय वसाईसराई भइरहेको छ । विश्वव्यापीकरणले गर्दा विश्व श्रम वजारमा सजिलैसँग आवतजावत गर्न सजिलो भएको छ (वन्दिता,२०१२) । गर्दा अन्तराष्ट्रिय वसाइसराई सम्भव भएको त्यस्तै नेपाली श्रम वजार पनि अन्तराष्ट्रिय स्तरमा हेर्दा अत्यन्त सस्तो श्रममा काम गरिरहेको अवस्था हाम्रो सामु रहेको छ । यसरी पृष्ठ देशका श्रमिकहरु रोजगारीको अभावमा केन्द्र देशहरुमा जान्छन जसले गर्दा उनीहरुको पारिवारिक तथा श्रीमान् श्रीमती विचको सम्वन्धमा प्रभावहरु देखिएका छन् ।

यस सोधपत्रमा पनि बैदेशिक रोजगारीमा जान पर्नाका कारणहरु र यसको अवस्थालाई विश्व व्यवस्था संग जोडेर अध्ययन गरिएको छ ।

## ➢ आधुनिकीकरण सिद्धान्त :

समाजिक परिवर्तनलाई व्याख्या गर्नको लागि आधुनिकिकरण सिद्धान्तलाई लिइन्छ । यस सिद्धान्तले परम्परागत समाज आधुनिक समाजमा रुपान्तरण हुन्छ भन्ने मान्यता राख्दछ । विशेष गरेर दोस्रो विश्वयुद्धपछि यसको विकास भएको पाइन्छ । आधुनिकिकरण सिद्धान्तको विकास १९५० देखि १९७० को दशकमा तिव्ररुपमा विकास भएको पाइन्छ ।

Rostow (१९७०) ले The Stage of Economic Growth मा आधुनिकीकरणलाई समाज विकासको तहमा जोड दिएको पाइन्छ । उनका अनुसार प्रारम्भिक समयमा समाज पारस्परिक सम्वन्धमा हुन्छ भने आधुनिकीकरणको प्रक्रियासँग समाज विकासको प्रक्रियामा अगाडि वढ्ने तर्क राखेका छन् । उनले आधुनिकीकरण प्रक्रिया परम्परागत समाज, पूर्व अवस्थामा रहेको समाज, परिवर्तित समाज, परिपक्वतातर्फ केन्द्रित समाज र उच्च उपभोगको अवस्थाको चरण हुँदै समाज आधुनिकीकरण तर्फ अगाडि वढ्छ भन्ने तर्क राखेका छन् (Kimber Charles,1999;397-398).

गिडेन्स( १९९०) ले पुँजीवाद र औधोगिकिककरणको विकासलाई आधुनिकीकरणको रुपमा व्याख्या गरेका छन् । उनका अनुसार वस्तुको उत्पादन, व्यक्तिगत सम्पत्तिको स्वामित्व, श्रमिकको कम ज्याला आदि पुँजीवादका विशेषता हुन् । मेशिनको प्रयोग, यातायात, संचारका साधन, घरेलु जिवनमा परिवर्तन आदि औधिकीकरणका विशेषता हुन् ( Ritzer,2010;551-552)।

आधुनिकिकरणको सिद्धान्तले सामाजिक, साँस्कृतिक एवम् आर्थिक विकासको अबधारणालाई जोड दिन्छ । मानिस पनि एक सामाजिक प्राणी भएका कारण समाजको परिवर्तनसँगै आफूलाई पनि परिवर्तन गर्दै जान्छ । परिवार र परिवार भित्रका सदस्यले पनि आधुनिकिकरणलाई अबलम्वन गर्ने क्रममा आवश्यकताहरु तिव्ररुपमा वृद्धि हुँदै जान्छन् । यसको कारणले गर्दा परिवारका सदस्यहरु बैदेशिक रोजगारीमा जान बाध्य भएका छन् । आधुनिकिकरणले निम्त्याएका परिवर्तित आवश्यकताहरुलाई परिपूर्ति गर्नका लागि परिवार अर्न्तगत रहेका श्रीमान् वा श्रीमती बैदेशिक रोजगारीमा जाने गरेका छन् । परिवर्तित समाज संगै बढेको आधुनिकिकरणमा दाम्पत्य संवन्धमा प्रभाव परी संवन्धमा यसले ल्याएका तथ्यहरुलाई आधुनिकिकरण सिद्धान्तसँग जोडेर यस सोधपत्रलाई बिश्लेषण गरिएको छ ।

## ➢ परनिर्भरताको सिद्धान्त

आधुनिकीकरणको सिद्धान्तले वास्तविक गरीबहरूको विकास गर्न नसकेको कारण यस सिद्धान्तलाई आलोचना गर्दै विकास र अल्पविकासका सम्बन्धमा आलोचनात्मक विश्लेषण गर्ने क्रममा परनिर्भरताको सिद्धान्तको उदय भएको हो । परनिर्भरता सिद्धान्त एक आर्थिक तथा सामाजिक विकासको ढाँचा हो जसले विश्वका गरिब राष्ट्रहरुमाथि धनी राष्ट्रहरुले गर्दै आएको ऐतिहासिक शोषणलाई विश्व असमानताको आधारमा व्याख्या विश्लेषण गर्दछ । परनिर्भरता भन्नाले अरूमा निर्भर रहनुलाई बुझिन्छ यसको धरातल मार्क्सवादी परम्परामा छ र यसले विकासको समाजवादी धारको वकालत गर्दछ । यसले विश्वका सम्पूर्ण राष्ट्रहरूलाई शहरी केन्द्र क्षेत्र र ग्रामिण पृष्ठ क्षेत्रसँग तुलना गर्दछन् । प्रत्येक शहरी केन्द्र क्षेत्र औद्योगिक कच्चा पदार्थ तथा जनशक्तिको लागि ग्रामिण पृष्ठ क्षेत्रमा निर्भर रहन्छन् भने ग्रामिण पृष्ठ क्षेत्र तयारी मालसामान तथा विलासिताका वस्तुहरूका लागि शहरी केन्द्रमा परनिर्भर हुन्छन् । पृष्ठ क्षेत्रले सस्तो मूल्यमा कमसल प्रविधिका वस्तु तथा कच्चा पदार्थहरू शहरमा निर्यात गर्छन् र शहरबाट उच्च स्तरको प्रविधिबाट निर्मित महँगा वस्तुहरू खरीद गर्छन् र आफ्ना आवश्यकताहरू परिपूर्ति गर्छन् ।

दोस सन्तोष (१९७०) का अनुसार यदि कुनै पनि अर्थतन्त्रको विकास अन्य अर्थतन्त्रको विकास र विस्तारमा भर पर्दछ भने त्यस्तो अवस्थालाई परनिर्भरता भन्न सकिने तर्क अघि सारेका छन् (Carlos Johnson,1981;63;64).

फ्याङ्क(१९७१) का अनुसार अल्पविकसित राष्ट्रहरु विकासको उन्नतीतर्फ जान नसक्नुमा तिनीहरुको पुँजीवादी राष्ट्रहरुसँगको परनिर्भरताले गर्दा भएको हो । परम्परागत प्रणालीलाई कुनै पनि राष्ट्रको अल्पविकासको कारण वा आधार मान्न सकिँदैन बरु अल्पविकास औपनिवेशिक शोषणको नतिजा हो (Carlos Johnson,1981;63;64).

ब्लेकी इट.अल. (२००५) ले परनिर्भरताको सिद्धान्तमा आधारित भई नेपालको राजनीतिक अर्थतन्त्र र सडकहरुको निर्माणले उत्पादनमा कमी भई यसले निम्त्याएको स्थितिको आँकलन गर्दै सङ्कटमा नेपाल रहेको र यो स्थिति विद्यमानमा पनि जारी नै रहेको निचोड निकालेका छन् । खासगरी उनीहरुले मध्यपश्चिम नेपाललाई प्रमुख अध्ययनको विषय वनाई यसले सिङ्गो नेपालको परनिर्भरताको स्थितिको चर्चा गर्दै नेपालको नाजुक भविश्यको

वकालत गरेका छन् ।

अन्नपूर्ण गाउँपालिका वडा नं ६ को विश्लेषण गर्दा पोखरा केन्द्र क्षेत्र र गाउँपालिकाका वडा नं ६ लगायतका वडाहरू पृष्ठ क्षेत्रको रूपमा विकास देखिन्छ । केन्द्र क्षेत्रबाट मानिसहरूको आवश्यक सामग्री नुन, तेल, चिनी, दाल, चाउचाउ, चिउरा, बिस्कुट, लत्ताकपडा, श्रङ्गारका सामग्री, सुनचादी, सिमेन्ट, जस्ता पाता, छड, चामल, ग्यास लगायत अन्य सामग्री खरीद गर्दछन् भने ग्रामिण क्षेत्रबाट तरकारी दुध, दही, फलफूल, बाखा, गोलभँडा, कुखुरा आदि बिक्री गर्ने गर्दछन् । सामग्री खरीदको अवस्था हेर्ने हो भने ग्रामिण क्षेत्रबाट थोरै सामग्री सस्तोमा र शहरी क्षेत्रबाट धेरै र महङ्गा सामग्रीको आपूर्ति भएको देखिन्छ । यही परनिर्भरताको कारणले वडा नं ६ लगायत ग्रामिण भेगका मानिसहरू रोजगारीको कारण विदेशिएका छन् । शहरी क्षेत्रमा परनिर्भरता दिनप्रतिदिन वृद्धि छ । शिक्षा र स्वास्थ्यको अवस्थामा पनि परनिर्भरता वृद्धि छ । गाउँको घरेलु खानपानको संस्कृतिमा परिवर्तन भई तयारी र छिटो खाना चाउचाउ, चाउमिन, बिस्कुट आदिको उपभोग गर्ने संस्कति बढेको छ । दही दुधको सट्टा कोक, फेन्टा जस्ता पेय पदार्थको प्रयोग बढेको छ । गहुँ र मकैको सट्टा आटा, मैदा र पपकन मकैको प्रयोग वृद्धि भएको छ ।

घर खर्च सञ्चालन गर्न समस्या परी साहु वा समूह मार्फत् ऋण लिनुपर्ने बाध्य भएको पाइन्छ । फलस्वरूप धनी धनी बन्दै जाने र गरीब झन् गरीब हुने अवस्था विद्यमान छ । समग्र रूपमा हेर्दा खाद्यान्नमा परनिर्भरता, गरीब धनीमाथि निर्भर, विदेशी सामानमा निर्भरता रोजगारीमा वैदेशिक रोजगारीमा प्रभाव र बसाइसराई र विदेशी पूँजिको बढ्दो प्रभाव छ । शहरी क्षेत्रमा भएको परनिर्भरताले गर्दा शिक्षा , स्वास्थ्य तथा खानपान महंगो हुन गई यहाँका व्यक्तिहरु वैदेशिक रोजगारीमा जान वाध्य भएका छन् । यसवाट परिवार तथा दाम्पत्ये सम्वन्धमा पनि प्रभाव परेको छ यसलाई अध्ययन क्षेत्रका उत्तरदातासँग जोडेर विश्लेषण गरिएको छ ।

- **प्रकार्यात्मक अबधारणा :**

दुर्खिम (१८९५) का अनुसार समाजमा आएको परिवर्तनले श्रम विभाजन अपरिहार्य हुन पुग्यो । समाजहरु यान्त्रिक र जैविक एकतामा परिणत हुन पुगे । यान्त्रिक वा परम्परागत समाजमा मानिसहरु धर्म , साम्प्रदायिकता , नाता संवन्ध , सामूहिक भावनामा एकतामा

बाँधिएर रहन्थे । यसलाई सामूहिक सद्भाव भनिन्थ्यो । जैविक तथा आधुनिक समाजमा कार्यहरुमा भएको बिशिष्टीकरणले गर्दा समाजलाई एकता कायम गर्नको लागि श्रम विभाजन अपरिहार्य छ । आधुनिक समाजमा श्रम विभाजनले गर्दा जैविक एकता कायम गरी समाजलाई बाँध्ने काम गरेको छ ।

यस अबधारणाका मुख्य व्याख्याकारहरुमा ईमाइल दुर्खिम, टाल्कोट पार्सन्स , आर.के. मर्टन आदि रहेका छन । यस सोधपत्रमा इमाइल दुर्खिमको श्रमको विभाजन भन्ने पुस्तकको आधारमा कसरी परिवार र बैबाहिक संबन्धलाई टिकाइराख्नको लागि जैविक एकताका रुपमा श्रमको विभाजन भएको छ भनी अध्ययन गरिनेछ । साथै यस अवधारणा अनुसार परिवार तथा दाम्पत्ये बैबाहिक जिवनलाई टिकाईराख्नको लागि घरको र वाहय कामलाई वाँडफाँड गरेको पाइन्छ । यसैका आधारमा यस सोधपत्रमा दाम्पत्ये श्रमको विभाजनलाई बिष्लेषण गरीएको छ ।


दुर्खिमको माथि उल्लेखित आधुनिक समाजमा हुने एकता समाजको साथसाथै परिवार र बैबाहिक संवन्ध मजवुत वनाउन सहयोगी हुनेछ भन्ने धारणाका साथ यस सोधपत्रलाई संरचनात्मक प्रकार्ययात्मक अबधारणासँग जोडेर बिश्लेषण गरिएको छ ।

## २.३ अध्ययनको सैद्धान्तिक ढाँचा

यस अनुसनधान कार्य मुख्य गरेर विश्वव्यवस्था सिद्धान्तमा आधारित भएतापनि आधुनिकीकरण सिद्धान्त, परनिर्भरता सिद्धान्त र संरचनात्मक प्रकार्यात्मक सिद्धान्तको आधारमा पनि अध्ययनलाई अगाडि वढाइएको छ । विश्वव्यवस्था सिद्धान्त अर्न्तगत केन्द्र देशहरुले सस्तो मूल्यमा कामदार तथा कच्चा पदार्थहरु पृष्ठ देशहरुवाट आयात गरी बिश्व वजारलाई आफ्नो अधिनमा पारीरहेका हुन्छन् ।  केन्द्र क्षेत्र विकसित भइरहेको हुन्छ भने केन्द्र क्षेत्र सधैं अविकसित रहन्छ । केन्द्र देशहरुवाट आर्थिक श्रम शोषणका कारणले श्रमिकको ज्यालामा असमानता हुन्छ । केन्द्र देशहरुले पृष्ठ क्षेत्रका देशहरुलाई शोषण गर्नुका साथै आफ्नो प्रभुत्व राखेका हुन्छन्(Carlos,2001) ।

यस अनुसन्धानमा अध्ययन क्षेत्रका छनौट भएका व्यक्तिहरु वैदेशिक रोजगारीका लागि खाडी राष्ट्रमा विभिन्न कारणहरुले गर्दा जान परेको र त्यसवाट दाम्पत्य सम्वन्धमा समेत प्रभाव परेको देखिएको छ । यसरी वैदेशिक रोजगारीमा जानु आधुनिकीकरण र परनिर्भरतामा

आधारित भएता पनि विश्वव्यवस्थाले गर्दा विदेश जानको लागि महत्वपूर्ण भूमिका खेलेको छ । केन्द्र देशमा भएका श्रम वजारहरुले पृष्ठ देशका श्रमिकहरुलाई सस्तोमा काममा लगाउँछन् र वढी नाफा आफूहरुले कमाउँछन् । यस्तो अवस्थामा पनि नेपालीहरु गरिब भएको कारणले ती देशका श्रम वजारमा रोजगारीको लागि जान वाध्य रहेका छन् ।




चित्र २.१

नेपालको हालको उपभोगवादी संस्कृतिमा परिवर्तनको कारण वस्तुको मूल्य वृद्धि , फेसन, देखासिकी गर्ने बानीको विकास भएको छ । संस्कार संस्कृतिमा परिवर्तन आएको छ । यो आधुनिकताको प्रभाव हो । जसले गर्दा परिवारमा आवश्यकता बढ्दै जाने तर ती आवश्यकताहरुलाई पूरा गर्ने आम्दानी नहुने हुँदा वाध्य भएर आफ्नो परिवार छोडेर विदेशिएका छन् । त्यस्तै स्थानिय वस्तु उपभोगको सट्टा बाहिरी वस्तुको उपभोग गर्ने प्रवृत्तिको विकास भएको देखिन्छ । रोजगारीको लागि विदेशमा जाने प्रवृत्ति बढेको साथै आर्थिक क्रियाकलापमा विप्रेषणमा निर्भर देखिन्छ । विश्वव्यवस्था र पूँजिवादी व्यवस्थाले गर्दा गरिब देशका मानिसहरु वैदेशिक श्रम वजारमा जान वाध्य भएका छन् । वैदेशिक रोजगारीको लागि मानिसहरु धनी राष्ट्रहरुमा जाँदा सोवाट  वसाइसराइ, रोजगारी, आयस्रोत , दाम्पत्य सम्वन्ध र यौनिक सन्तुलनतामा प्रभावहरु देखिएका छन् । दाम्पत्य सम्वन्ध राम्रो वनाउनको लागि पनि अन्तराष्ट्रिय श्रम वजारमा जाने गरेका छन् भने यौनिक सन्तुलन नहुँदा सम्वन्ध विच्छेद पनि हुने गरेको छ । यसरी वैदेशिक रोजगारीमा जाने प्रचलन कायमै रहेको अवस्थामा श्रीमान् श्रीमतीले समाजमा टिकीरहन, परिवारलाई टिकाइरहन र विशेष गरेर दाम्पत्य सम्वन्धलाई टिकाइराख्न श्रम तथा कामको वाँडफाँड गरेको देखिएको छ ।

श्रीमान्ले विदेशमा गएर पैसा कमाएर घरमा श्रीमतीलाई पठाउने र श्रीमतीले घरको व्यवहार, परिवारको पालनपोषण गर्ने र वालवच्चाहरुको शिक्षा, स्वास्थ्यमा रेखदेख गर्ने गरी कामको वाँडफाँड गरेका छन् । यो प्रकार्यात्मक धारणासँग आधारित छ ।

## २.४ पूर्व साहित्यको समिक्षा

हिन्दु दर्शनवाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कार हो । जस अनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । यसरी गरिएको विवाहमा लोग्ने स्वास्नीको सम्वन्ध यस लोकदेखि परलोकसम्म अक्षुण रहन्छ । जसलाई सम्वन्ध विच्छेद गर्न सकिँदैन । मनुस्मृतिमा मनुले बिबाहलाई संस्कारका रुपमा व्यवख्या गरेका छन् । उनका अनुसार छोरावाट बाबुले स्वर्ग आदि उत्तम लोक प्राप्त गर्दछ , नातिवाट लोकमा अनन्तकालसम्म निवास गर्दछ । र पनातिवाट सूर्यलोक प्राप्त गर्दछ ( मनुस्मृति,२०३९:९९-१३९) ।

वेनेट (१९८३) ले उच्च ब्राह्मण क्षेत्री परिवारका महिलाको सामाजिक साँस्कृतिक पक्षलाई आधार मानि अध्ययन गरेकी छिन् । जहाँ हिन्दु धर्म प्रभावित पितृसत्तात्मक परिवारको आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक पक्षमा महिलाको हैसियत विश्लेषण गरिएको छ । पितृसतात्मक समाजमा नियम, चलन र संस्कारहरुको विश्लेषण गरिएको छ । महिलाहरुलाई देवी वा दासीको रुपमा, शुद्धता र अशुद्धताको रुपमा पवित्र र अपवित्रताको रुपमा, कामुक र खतराको रुपमा जस्ता द्वैध भूमिका भएका भनि व्याख्या गरिएको छ । विवाहपूर्व छोरी वा बहिनिको रुपमा माइतीमा पवित्र मानिएकी महिला विवाह पश्चात खतरा, निम्न र हेयको रुपमा लिने गरेको पाइन्छ (वेनेट, १९८३ )।

समाजशास्त्री चैतन्य मिश्रले बदँलिँदो नेपाली समाज भन्ने पुस्तकको विवाह अर्थ -राजनीति भन्ने विषयमा वर्तमान् विश्वभित्र नै विभिन्न धर्मावलम्वी, साँस्कृतिक समूह र जनसमुदायमा विभिन्न पद्धति अर्न्तगत वैवाहिक सम्वन्ध स्थापित गर्ने गरिन्छ । वैवाहिक सम्बन्धभित्रको घनिष्ठता, स्थायित्व, लेनदेन र अन्य अन्तरक्रियाका साथै दम्पत्तिको बालबच्चा , परिवारका अन्य सदस्य, नातागोता र मित्रगणसँगको सम्वन्ध पनि भिन्न भिन्न रहेको हुन्छ । फेरी, कुनै खास समाज र जनसमूदायमा समेत स्थापित वैवाहिक पद्धति स्थिर नभएको भेटिन्छ । कुनै पद्धति वढी ग्राह्‍य बन्दै जाने क्रममा हुन्छन् भने कुनैले क्रमश:वैधता गुमाउँदै गएका हुन्छन् ।

यसरी कालान्तरमा स्थापित वैवाहिक पद्धतिको रुपान्तरण भएको छ र नयाँ पद्धति स्थापित हुँदै गएका छन् ( मिश्र ,२०६७ : ४५-४६) ।

बराल (२०५७) ले सम्वन्ध विच्छेदका कारण र असर शोधपत्रमा हिन्दु धर्म मान्ने तागाधारी जातिको विवाह र त्यसवाट सिर्जित सम्वन्ध विच्छेदका बारेमा अध्ययन अनुसन्धान गरेका छन् । जसमा सम्वन्ध विच्छेद हुनुको कारण र सम्वन्ध विच्छेदवाट व्यक्तिगत जिवनका साथै सामाजिक जिवनमा पर्ने असरका वारेमा देखाइएको छ । यसमा विवाह संस्कारमा दाइजोसँग सम्वन्धित हिँसाहरु र त्यसले निम्त्याउने सम्वन्ध विच्छेदको घटनालाई देखाइएको छ । अध्ययनमा समेटिएका घटनाहरुलाई विश्लेषण गर्दा विवाहको प्रारम्भसँगै पारपाचुकेको वीज रोपिएको छ भने लेग्ने , स्वास्नीको दाम्पत्य शैलि नै विखण्डन प्रेरक वनिरहेको र कौटुम्बिक सम्वनधको जालोको अन्य तत्वहरुको कृयाकलाप सो बिखण्डनको पृष्ठपोषण भएकाले अन्तोतागोत्वा विवाह-विच्छेदको स्थिति तत्कालिन अस्वस्थ दाम्पत्यताको उपचारका नाममा अगाडि देखा परेको पाइएको छ । बैवाहिकताको प्रारम्भमा स्वास्थ्य पहिचान र हार्दिक सम्मति को अभाव हुनुको साथै दाम्पत्य जीवनमा सह-अस्तित्वपूर्ण मर्यादा र सन्तुलित यौनिकता समेतको अभाव विद्यमान रहनु दाम्पत्य दुर्घटना निम्त्याउने प्रमुख कारक तत्व भएको र यसले समग्र कौटम्बिक संवन्धको जालोमा विचलन र हानिकारक असर पर्ने छ ( वराल,२०५७ : १३५-१३८)।

खत्री (२०११) ले आफ्नो सोध पत्र अन्तराष्ट्रिय श्रमिक वसाइसराइले गर्दा सामाजिक संवन्धमा परेको प्रभावमा विश्वव्यापीकरणले गर्दा अन्तराष्ट्रिय श्रम बजारमा रोजगारीका लागि जानुपरिरहेको छ । बैदेशिक रोजगारीले गर्दा परिवारका श्रीमान् र श्रीमतीको विचमा श्रम विभाजनमा प्रभाव परिरहेको छ। श्रीमान् विदेश गएपछि घरमा श्रीमतीले आफ्नो काम र श्रीमान्ले गरिरहेको काम समेत हेर्नु परेको छ । उता बैदेशिक रोजगारीवाट आएको बिप्रेषणलाई प्रयोग गरी ज्यालामा मानिस राखी काम गर्न सकिने र कामको भारलाई कम गर्न सकिन्छ । साथै बैदेशिक रोजगारीका कारणले सामाजिक तथा पारिवारिक निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता वढिरहेको छ ( खत्री ,२०११ :१२०-१२७)।

माथिको सोधपत्रमा खत्रीले दम्पतीहरुको श्रम विभाजन तथा महिलाहरुको समाजिक सहभागिताको वारेमा मात्र अध्ययन गरेका छन् ।

सोधकर्ता सोविता शर्माले आफ्नो शोधपत्र विप्रेषणले गर्दा महिलाहरुको शसक्तिकरणमा परेको प्रभावमा नमुना छनौटमा परेका ७० प्रतिशत महिलाहरुका अनुसार बैदेशिक रोजगारी र यसवाट प्राप्त भएको बिप्रेषणका कारण महिलाहरुको निर्णय गर्ने क्षमतामा वृद्धि भएको, गा.वि.स.को योजना निर्माणमा सहभागि भएका, पूँजिको उचित परिचालन गर्न सक्ने भएका , बालबच्चाहरु शिक्षामा ध्यान दिएका,अधिकारका लागि बार्गेनिङ गर्न सक्ने भएका छन् । अध्ययनमा ३० प्रतिशत महिलाहरुले कमिकरुपमा आफूहरुको विकास भएको भनाई राखेका छन् (शर्मा, २०१४:५०-५४) ।

नेपालमा वि.स. २०२८ सालमा श्रम विभागको स्थापनासंगै रोजगार प्रवर्द्धनका लागि सरकारी स्तरवाट अनूकुल वातावरणको सिर्जना गर्ने कार्य शुरु भएको थियो तत्कालिन समयमा उद्योग मन्त्रालय अर्न्तगत स्थापित श्रम विभाग कारखाना निरीक्षण र श्रम विवाद समधानमा केन्द्रित थियो । समयको विकासक्रमसंगै देशभित्रको श्रमशक्ति बैदेशिक रोजगारीमा जाने क्रम शुरु भए पछि नेपाल सरकारवाट बैदेशिक रोजगार ऐन , २०४२ जारी भयो भने २०५६ सालमा विभागको कार्यक्षेत्र विस्तार गरी विभागको नाम श्रम तथा रोजगार प्रर्वद्धन विभाग कायम गरीयो । यसैक्रममा बैदेशिक रोजगार ऐन, २०६४ मा भएको व्यवस्था अनुसार २०६५ पुष १६ गते बैदेशिक रोजगार विभागको स्थापना भएको थियो । नेपाल सरकारले वि.स. २०७० सम्म ११० वटा मुलुकको लागि श्रम स्विकृति दिएको छ ( वै.रो.वि.,२०७० :१) ।

नेपालबाट बिश्व श्रम बजारमा बैदेशिक रोजगारीका लागि जाने प्रबृत्ति १८ औं दशकको अन्तय र १९ औं शताब्दिको शुरुताकावाट भएको पाइन्छ । सन् १८१४-१८१५ पछि नेपाली श्रम शक्ति जानी वा नजानी भारतको मेघालय , आसाम, मणिपुर , चियाको वजारको लागि दार्जलिङ्ग, भूटान, बर्मा, मलेशिया जस्ता मुलुकहरुमा बैदेशिक रोजगारीका लागि र आप्रावासीको लागि अवातजावत गरेको पाइन्छ । साथै खाडी राष्ट्रमा काम गर्न जाने इतिहास हेर्दा ३० वर्षको लामो इतिहास छ (भट्राई, २००६: १-२) ।

आ.व.२०७२।७३ मा वैदेशिक रोजगारीमा जाने प्रयोजनको लागि संस्थागत रुपमा व्यक्तिगत नयाँ श्रम स्वीकृति लिने व्यक्तिहरु जम्मा ३,६,७७३ जना रहेका छन् । देशभित्र पर्याप्त रोजगारीका अवसरहरु नभएकोले दैनिक करिब १५०० व्यक्ति रोजगारीका लागि विदेशिनु परिरहेको स्थिति छ । कास्की जिल्लावाट ४,६५९ जना रहेका छन् । कास्की जिल्लावाट खाडी

राष्ट्रहरुमा जानको लागि संस्थागतरुपमा श्रम स्विकृति लिनेको संख्या ४,२२० रहेको छ जसमा सबभन्दा धेरै कतारमा १,५२३ रहेको छ (बै.रो.वि.,२०७३ :११ , ५३) ।

बैदेशिक रुपमा हुने वसाइ सराई वा विदेशमा जानाले सकरात्मक तथा नकरात्मक प्रभावहरु बैबाहिक संवन्धमा देखिने गरेका छन् । सकरात्मक पक्ष महिलाहरु स्वतन्त्र रुपमा काम गर्न विकास गरेका हुन्छन् । दुबैको सल्लाहमा आर्थिक मुद्धाहरुमा निर्णयहरु हुन्छन् । सूचनाहरुमा विकास भएको हुन्छ । नकरात्मक पक्षमा बैबाहिक द्वन्द एक हो । बढी काम भयो , बढी थकित भयो भने त्यहाँ द्वन्द हुन्छ । आफ्नो आम्दानी भए पछि वा सरकारले सहयोग गरेपछि सम्वन्ध विच्छेद गर्ने र आफू स्वतन्त्र रुपमा रहन चाहने बानीको विकास हुन्छ (Hyman et.al,2008;155-156).

Nufle, (2014) का अनुसार श्रीलंकाली महिलाहरु बैदेशिक रोजगारीको लागि मुख्य गरेर साउदी, अरब, कुवेत, यु.ए.ई, लेबनान र जोर्डन जस्ता देशहरुमा  जाने गरेका छन् । धेरै जसो महिलाहरु घरेलु काममा गएका देखिन्छन् । श्रीलंकाको तथ्यांक अनुसार ६३३ जना महिलाहरु प्रति दिन रोजगारीको लागि बाहिर गएका हुन्छन् । यसले गर्दा ठूलो मात्रमा रेमिटेन्स भित्रिएको छ । गरिबी, बेरोजगारी, निम्न आम्दानी तथा सामाजिक विभेदका कारणले श्रीलंकाली महिलाहरु बढीमात्रामा विदेश जाने गरेका छन् । बालबच्चाहरु र परिवारको व्यवस्थापनको लागि बिदेश जाने गरेका छन् । अध्ययनमा सुनामी पछि जीवनसाथी धेरै गुमेपछि बालबच्चाहरुको पालनपोषण र परिवारको व्यवस्थापनको लागि केही महिलाहरु श्रीमान्ले् रक्सी पिउने , हिँसा गर्ने, खराब काममा लागेका कारणले नै महिलाहरु वढी विदेशिन पुगेका छन् । पुरुषको भन्दा कम ज्याला भएर पनि प्राय महिलाहरु बिदेशिएका छन् । यसरी रोजगारीमा जाँदा उनीहरुको बालबच्चाहरुको स्वास्थ्य , शिक्षा तथा अन्य कुराहरुमा नकरात्मक प्रभाव परेको देखिएको छ (Nufle , 2014;165) ।

थापा(२०७०) ले आफ्नो सोधपत्र बैदेशिक रोजगारले समाजमा पारेको प्रभाव विषयमा अध्ययन गरेका छन् । उनले ६९ घरमा अध्ययन गरेका छन् । उनका अनुसार देशको राजनीतिक अस्थिरता, खिचातानी अवस्थाले गर्दा देश विकासले अग्रगति लिन नसकेको कारणले विकास निर्माणको काममा सुस्तता आउनु जसले गर्दा देशमा बेरोजगारी बढ्दै गएको देखिन्छ । समाजमा बेरोजगारीले गर्दा बिहान बेलुका हातमुख जोड्न समेत धौ धौ को अवस्थाले गर्दा श्रम युवा शक्तिले बिकल्पको समेत माध्यमको रुपमा बैदेशिक

रोजगारलाई प्रमुख गन्तब्य वनाएको देखियो । बैदेशिक रोजगारीमा जाने नमुना परिवारको रुपमा हेर्दा बैदेशिक रोजगारमा जाने परिवारको स्थिति राम्रो र सुख सयलमा बसेको अध्ययनको निष्कर्षले देखाउँदछ (थापा,२०७०:७१) ।

बैदेशिक रोजगारले समाजमा सकरात्मक तथा नकरात्मक दुवै प्रभाव पारेको पाइयो । नकरात्मक प्रभावहरुमा कृषि उत्पादनमा ह्रास हुनु, स्थानिय मौलिक संस्कृतिको लोप हुँदै जानु, श्रमशक्ति परनिर्भता हुने क्रम दोहोरीरहने अवस्था, स्थानिय पेशा तथा व्यवसाय संकटमा पर्नु रहेका छन् ।

बैदेशिक रोजगारले जे जति अप्रत्यक्ष रुपमा राष्ट्र तथा समाजलाई असर पारेको भए तापनि नमुना घर परिवारको आर्थिक जीवन स्तरलाई योगदान पु-याएको पाइयो । प्रवासी श्रमशक्तिले भित्रयाएको बिप्रेषणको प्रयोग बहुउद्धेश्य काममा खर्च गरेको पाइयो । जस्तै घर परिवारको जीवन सञ्चालन गर्न, ऋण तिर्न, घर निर्माण गर्न, सामाग्रहिरु खरदि गर्न, विवाह गर्न, ब्रतबन्ध गर्न, बालबच्चाहरुको स्वास्थ्य, शिक्षामा सुधार ल्याउने जस्ता काममा खर्च भएको देखियो ।

➢ **पुर्व अनुसन्धानका कमी–कमजोरीहरु**


- उपरोक्त अध्ययनहरुले बैदेशिक रोजगारमा जान पर्नाका कारणहरु, बैदेशिक रोजगारीवाट परिवारमा परेको प्रभाव को मात्र अध्ययन गरिएको, सम्बन्ध विच्छेद का कारणहरु र यसको असरमा बैदेशिक रोजगारीलाई नलिएको देखियो ।
- बैदेशिक रोजगारीले गर्दा विप्रेषण बढेर आम्दानीमा वृद्धि भएको, महिलाहरु विदेशमा रोजगारीमा जाँदा बालबच्चाहरुको हेरचाहमा समस्या भएको मात्र अध्ययन गरिएको तर बैदेशिक रोजगारीका कारण आफ्नो जीवन साथी वा दाम्पत्य सम्बन्धको वारेमा कुनै पनि अध्ययन अनुसन्धान गरिएको नदेखिएको अवस्थामा यो सोधकार्य अगाडि बढाइएको छ ।
- अध्ययनको क्रममा वैदेशिक रोजगारको लागि श्रीमान् श्रमिती दुवै जाने गरेको देखाइएको तर ती दुई वीचको वैदेशिक रोजगारीको कारणले दाम्पत्य सम्वन्धमा परेको प्रभावको वारेमा अध्ययन नगरिएको अवस्थामा यस सोधकार्यलाई अगाडि वढाइएको छ ।

## २.५ अध्ययनको अवधारणात्मक ढाँचा

नेपाली समाज र परिबेशको अध्ययन तथा सामाजिक संस्था र त्यसको समाजसँगको अन्तर संबन्धको अध्ययन गर्न मूलतः समाजशास्त्रीय बिद्यार्थीको रुची नै हुन आउँछ । अबधारणागत खाकाले एउटा विषयवस्तुसँग संबन्धित धारणाहरुको साझा भावलाई संगठितरुपमा एउटै खाका भित्र प्रस्तुत गर्दछ । यस अध्ययनको सोध पत्रमा पनि बैदेशिक रोजगारीका लागि खाडी राष्ट्रमा जानु पर्नाका कारणहरु र सोवाट दाम्पत्य संवन्धमा परेको प्रभावका साझा अबधारणाहरुलाई एउटै खाका भित्र राखेर हेर्ने प्रयास गरिएको छ ।

कुनै पनि अनुससन्धानले अध्ययनको दौडानमा एउटा निश्चित अवधारणा जन्माउँछ र सो अवधारणाले सोधपत्रलाई निश्चित दिशा प्रदान गर्दछ ।

यसरी कारण र प्रभाव /असर बीचको सम्वन्धलाई व्याख्या गर्ने प्रयास गरिएको छ । जुन अबधारणात्मक सम्बन्ध निम्न अनुसार रहेको छ ।




चित्र नं २.२

माथिको चित्र २.२ मा बैदेशिक रोजगार र दाम्पत्य सम्बन्धमा बैदेशिक रोजगार आश्रित चर हो । स्वतन्त्र चरहरुमा बेरोजगारी, गरिबी, आम्दानी, परिवार आदि रहेका छन् । बेरोजगारीले गरिबिले गर्दा मानिसहरु बैदेशिक रोजगारीमा जान्छन् र उनीहरुको परिवार तथा दम्पतीहरुवीचमा सकरात्मक र नकरात्मक प्रभावहरु देखिने गरेका छन् । सकरात्मक प्रभावहरुमा जिविका संचालन गर्न सहज भएको, आम्दानीमा वृद्धि भएको, सामाजिक

हैसियतमा वृद्धि भएको, बालबच्चाहरुको शिक्षामा सहयोग भएको आदि छन् भने नकरात्मक प्रभावहरुमा छिनछिनमा कल हुने, एकले अर्कोलाई अविश्वास गर्ने वातावरण वन्दै जानु, आशंका गर्नु, परिवारको विखण्डन हुनु तथा सम्बन्ध बिच्छेद हुनु  रहेका छन् ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट र औचित्य

यस अध्ययनको अध्ययन क्षेत्र अन्नपूर्ण गाउँपालिका वडा नं. ६ को लुम्ले र ढावा रहेको छ। यो पश्चिम नेपालको मुख्य सहर पोखरादेखि ४२ कि.मि. उत्तर पश्चिममा रहेको छ। यस क्षेत्रमा कृषियोग्य जमिनको तुलनामा जनसंख्या बढी भएको कारणले र रोजगारीको प्रशस्त सम्भावना नभएका कारण खाडी राष्ट्रमा रोजगारीका लागि जाने गरेका छन्। अध्ययनको क्षेत्र छनौट गर्नेका कारणहरु र औचित्यताका आधारहरु निम्न अनुसार रहेका छन्।

- अध्ययन क्षेत्र पोखरा वाग्लङ्ग राजमार्गमा पर्ने भएको हुँदा जुन सुकै समयमा पनि फिल्डमा जान सकिने भएको हुँदा र यहाँ सधैं भरी यातायातका साधनहरु चल्ने भएकाले यस क्षेत्रको छनौट गरीएको हो।

- बैदेशिक रोजगारमा गएका श्रीमान् श्रीमती विचको संवन्धको वारेमा समय समयमा समूदायमा धारणाहरु आएका छन्। पछिल्लो समयमा सम्वन्ध विच्छेद गर्नेको संख्या बढ्दै गएको छ। घरेलु हिँसा, बैदेशिक रोजगारी, चेतनाको वृद्धिलगायतका कारणले हाल समाजमा सम्बन्ध विच्छेदका घटनाहरु बढ्दै गएका छन्।

- पछिल्लो समयमा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको सम्वन्ध विच्छेद वढी हुने गरेको छ। घरमा रहँदा सम्वन्ध राम्रो भएकाहरुको पनि वैदेशिक रोजगारीमा गएपछि सम्वन्ध विग्रँदै गएको अवस्था छ। विदेशमा पति वा पत्नी गएपछि एकले अर्काको अविश्वास गर्ने, विभिन्न खालका असमझदारीहरु बढ्दै जाने गरेको पाइएको छ। यसरी विभिन्न समयमा आउने समचारहरुले समाजमा तरंग ल्याइरहेको छ। त्यसैत हाम्रो समाजमा थारै मात्रामा नकरात्मक भएपनि त्यस्तो विषयहरुलाई वढी प्रचार गरी हल्लाहरु गर्ने संस्कार रहेको छ। अर्को दृष्टिकोणवाट

हेर्दा अभाव र जिविका संचालन गर्न गाह्रो भएर घरमा रहँदा कल झगडा हुने दम्पतीहरु वीच वैदेशिक रोजगारीमा गएपछि दाम्पत्य सम्वन्धमा राम्रो पनि भएको छ तर ती धारणाहरुको वारेमा अध्ययन अनुसन्धान नभएको हुँदा यो अध्ययन गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धान पद्धति महत्वपूर्ण हुन्छ । अनुसन्धानमा उपयुक्त बिधि अपनाई आफ्नो अध्ययनको उद्धेश्य उन्मुख हुन अति आवश्यक छ । अनुसन्धानको विश्वसनियता र प्रभावकारीता कति छ भन्नका लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिवाट गरिन्छ र त्यो विधि लक्षित उद्धेश्य हासिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । यस अनुसन्धानको मुख्य जोड बैदेशिक रोजगार र दाम्पत्य सम्वन्ध सम्वन्धि अध्ययन गर्नु रहेको छ । यस अध्ययन अर्न्तगत अनुसन्धान ढाँचा निम्न अनुसार रहेको छ ।

- यो अनुसन्धान मुख्यतया व्याख्यात्मक र वर्णनात्मक ढाँचामा आधारित छ । यसमा असंरचित अन्तवार्ता कार्यतालिका अर्न्तगत गहन अन्तर्वार्ता गरिएको छ ।
- अध्ययनको विषयवस्तु संवन्धि पहिचान भएका तथ्यहरुलाई विवरणात्मक तरिकाले प्रस्तुत गरिएको छे । यस अध्ययन गुणात्मक अनुसन्धानमा आधारित छ ।
- तथ्याङ्कहरुलाई अवश्यकता अनुसार विभिन्न तालिका, ग्राफ,चार्ट, स्तम्भचित्र मार्फत बिश्लेषणात्मक तरीकावाट प्रस्तुत गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका स्रोत र प्रकृति

तथ्याङ्कको सङ्कलनको हकमा बैदेशिक रोजगारमा गएका पुरुष श्रीमान्, तीनका श्रीमतीहरु र घरमा रहेका गृहिणी महिलाहरु र तीनका श्रीमान्हरु, आधिकारीक संघ संस्थाहरु, सरकारी निकायहरु जस्तै : श्रम तथा रोजगार मन्त्रालय, बैदेशिक रोजगार बिभाग, केन्द्रिय तथ्याङ्क विभाग, रोजगार एजेन्सी, श्रम संगठन, जर्नलहरु, लेखहरु तथा ग्रन्थहरु, सोधपत्रहरु रहेका छन् ।

अनुसन्धान अन्नपूर्ण गाउँ पालिका वडा नं ६ लुम्लेमा आधारित रहेको छ । अनुसन्धानमा

रहेको उद्धेश्य प्राप्त गर्नको लागि सही तथ्याङ्क संकलन र बिश्लेषण हुनुपर्दछ । अनुसन्धानको गहिराई र गहनता पूरा गर्न सम्भव भएसम्म विश्वासयोग्य स्रोतहरुलाई मात्र तथ्याङ्कको रुपमा लिइएको छ । यस सोधकार्यमा गुणात्मक बिधिवाट अध्ययन गरिएको छ ।

यस तथ्याङ्मा लिइने तथ्याङ्कहरु विशेषत २ तरीकावाट लिइएको छ ।

क) प्राथमिक स्रोत

ख) द्धितिय स्रोत

## ३.४ अध्ययनको समग्रता र नमूना छनौट बिधि

यस अध्ययनको क्षेत्र अन्नपूर्ण गाउँ पालिका वडा नं ६ रहेको छ । गा.वि.स. प्रोफाइल २०६७ अनुसार यस वडावाट जम्मा विदेश गएका संख्या ३०२ मा २०७ जना खाडी राष्ट्रमा गएका छन् । यस अध्ययनको समग्रतामा अन्नपूर्ण गाउँ पालिका वडा नं ६ का सम्पूर्ण बैदेशिक रोजगारीका लागि खाडी राष्ट्रमा गएका परिवारका दम्पत्तिमध्ये वैदेशिक रोजगारीमा गएका पुरुषहरु र घरमा रहेका गृहिणी महिलाहरु रहेका छन् ।

नमुना छनोटका विभिन्न विधिहरूमध्ये सम्भावना रहित नमुना छनोट अन्तर्गतको उद्धेश्यपूर्ण नमुना छनोट र स्नोवल विधि अवलम्वन गरिएको छ । उद्धेश्यपूर्ण नमुना छनोट विधि प्रयोग गरी ६ जना घरमा रहेका गृहिणी महिलाहरु नमूना छनौट गरिएको छ भने स्नोबल विधि प्रयोग गरी बैदेशिक रोजगारीवाट बिदामा आएका ६ जना पुरुष छनौट गरी जम्मा १२ वटा घरपरिवारका १२ जनाको विस्तृत रुपमा वैयक्तिक अध्ययन गरिएको छ । अध्ययनको क्रममा वैयक्तिक अध्ययनमा छनौट भएकाहरुको भनाइलाई पुष्टि गर्नको लागि उनीहरुका श्रीमान् श्रीमतीहरुलाई भेटेर अवथा फोन तथा सामाजिक सञ्जाल प्रयोग गरी अर्न्तवार्ता लिइएको छ ।

## ३.५ प्राथमिक स्रोत तथा तथ्याङ्क सङ्कलनका बिधिहरु

यो अनुसन्धान कार्य सञ्चालन गर्नको लागि उत्तरदाताहरूबाट निम्न विधि प्रयोग गरी अध्ययन गरिएको छ ।

### ३.५.१ वैयक्तिक अध्ययन

प्राथमिक तथ्याङ्क सङ्कलनका लागि अध्ययन क्षेत्रमा सिधै पुगेर अध्ययनको उद्धेश्यसँग मेल खाने गरी दाम्पत्य संवन्धको वारेमा विस्तृतरुपमा घटना अध्ययन गरिएको छ । सम्भव भएसम्म उत्तरदाताहरुले भनेका कुराहरुलाई रेकर्ड पनि गरिएको छ ।

वैयक्तिक अध्ययन गर्नुको उद्धेश्य अध्ययनलाई अझ छर्लङ्ग र प्रष्ट पार्नको लागि हो । यस अध्ययनमा बैदेशिक रोजगारीको कारण दाम्पत्य सम्वन्धमा पर्ने प्रभाव अध्ययन गर्ने सिलसिलामा महिला, पुरुष गरी जम्मा १२ जना लाई छनौट गरी वैयक्तिक अध्ययन गरिएको छ । जसमा ६ जना महिला र ६ जना पुरुष रहेका छन् । त्यस्तै अध्ययनको क्रममा ६ जना महिलाका ६ जना लोग्नेहरुलाई घरमा रहेकालाई भेटेर र नभएका लाई सूचनाका प्रविधिहरु प्रयोग गरी तथा ६ जना पुरुषका स्वास्नी मानिसहरुलाई घरमा भेटेर दाम्पत्यको सम्वन्धको वारेमा अर्न्तवार्ता लिई अध्ययन गरिएको छ । यी पात्रहरु वास्तवमा यो समाजका नमूना पात्रहरु हुन् ।

### ३.५.२ प्रत्यक्ष सहभागि अवलोकन

प्राथमिक तथ्याङ्क सङ्कलनका साधनहरुमध्ये अवलोकन पनि एउटा महत्वपूर्ण विधि हो । छनौट गरिएका उत्तरदातासँग सँगसँगै बसेर उनीहरुको रहनसहन, जनजिवन, खानपिन, घरपरिवारको सम्वन्ध, बस्तुभाउ, वालवच्चा पढाउने विद्यालय, सामाजिक सम्वन्ध आदिको प्रत्यक्षरुपमा सहभागि अवलोकन गरेर अध्ययनको विषय वस्तुलाई अझ सार्थक तुल्याइएको छ ।

## ३.६ द्धितिय स्रोत

द्धितिय स्रोतवाट तथ्याङ्क संकलन गर्दा आधिकारीक संघ संस्थाहरु, सरकारी निकायहरु जस्तै : श्रम तथा रोजगार मन्त्रालय, बैदेशिक रोजगार बिभाग, केन्द्रिय तथ्याङ्क विभाग, रोजगार एजेन्सी, श्रम संगठनका प्रतिवेदनहरु, अध्ययनको विषयसँग संवन्धित समाजशास्त्रीहरुका भनाइहरु, आधिकारीक जर्नलहरु, लेखहरु तथा ग्रन्थहरु, सोधपत्रहरु आदि प्रयोग गरिएको छ ।

## ३.७ तथ्याङ्कको वैधता

बैधता एउटा मापन वा मूल्याङ्कन हो । यसमा नियन्त्रित अनुसन्धान विधिको प्रयोग गरिनेछ । वारम्वार सोधिने प्रश्नहरु र सार्न्दभिकतालाई ख्याल राखिएको छ । अध्ययनको बैधताको लागि सङ्कलित तथ्याङ्कहरुलाई द्धितिय स्रोतका तथ्याङ्क संग तुलना गर्दै कायम गरिएको छ । साथै वैयक्तिक अध्ययनवाट आएका भनाइहरुलाई बैधता प्रदान गर्नको लागि वा पुष्टि गर्नको लागि अध्ययनमा छनौट भएका व्यक्तिका श्रीमान् श्रीमतीहरु सँग पनि सम्वन्धको वारेमा अर्न्तवार्ता गरिएको छ । व्यक्तिगत र सामाजिक नैतिक विषयलाई ख्याल राख्दै अनुशासित रुपमा तथ्याङ्क लिइएको छ । कुनै पनि व्यक्तिको जिवनमा आँच आउने, उनीहरुको इच्छा विपरीत हुने र परिवारमा द्धन्द ल्याउने विषयवस्तुलाई उठान गरिएको छैन ।

## ३.८ तथ्याङ्कको प्रस्तुतिकरण एवम् विश्लेषण

यस सोध कार्यमा गुणात्मक तथ्याङ्कको प्रयोग गरिनेछ । सोधपत्रको उद्धेश्यसंग सम्वन्धित भएर संकलित विभिन्न किसिमका तथ्यहरुको प्रकृति अनुसार बर्गीकरण गरी गुणात्मक तथ्यलाई विश्लेषणत्मक रुपमा व्याख्या गरिएको छ ।

बिश्लेषण गर्दा संकलित मामिला अध्ययनहरु अध्ययनको उद्धेश्य अनुरुप भए नभएको हेर्ने र मिलाउन , पर्याप्तताको वारेमा मूल्याङ्कन गर्ने , विश्वसनियताको आधार खोज्ने कार्य गरी सम्पादन गरिएको छ ।

अध्ययनको क्रममा संकलित विषयवस्तुहरुलाई विवेचनात्मकरुपमा व्याख्या गरिएको छ भने तथ्यहरुलाई आवश्यकता अनुसार स्तम्भचित्र, पाइ चार्ट द्धारा पनि तथ्यलाई देखाइएको छ । यस सोधपत्रमा आएका तथ्यहरुलाइ आवश्यकता अनुसार Excel प्रयोग गरी बिश्लेषण गरिएकोछ ।

## ३.९ अध्ययनको क्रममा कार्यक्षेत्रमा आएका समस्याहरु

कुनै पनि अध्ययन कार्य समस्या विहिन हुँदैन । त्यसमा पनि नेपाली ग्रामिण समाजमा श्रीमान् श्रीमती बीचको व्यक्तिगत दाम्पत्य सम्वन्ध सँग सरोकार राख्ने जटिल विषयमा

अध्ययन गर्नुपर्दा स्वभाविक रुपमा आइपर्ने समस्याहरुको सामना गर्नुपर्दछ । सामाजिक तथा पारिवारीक घटनाहरुको विषयमा अध्ययन गर्दा पाइला पाइलामा अप्ठ्याराहरु आउन सक्छन् तर ती अप्ठ्याराहरुलाई चुनौतीका रुपमा स्वीकार गरेर व्यवस्थित अध्ययन गर्ने हो भने अधिकांश समस्याहरु हल गर्न सकिन्छ ।

यस अध्ययनमा पनि कार्य क्षेत्रमा रहेका उत्तरदातालाई समयमै भेट गर्न र अनुकुल समय मिलाउन गाह्रो भएको थियो । उत्तरदातालाई भेट्न दोहोर्‍याइ तेहर्‍याई जानु परेको थियो । कतिपय उत्तरदाताले आफ्नो सम्वन्धको वारेमा भन्न अप्ठ्यारो मानेका थिए । सम्वन्ध विच्छेद भएका उत्तरदाताले सहजरुपमा सम्वन्ध विच्छेदका वारेमा भन्न मानिरहेका थिएनन् । फोटो खिच्न र रेकर्ड गर्न पनि उत्तरदाताले के गर्ने हो भनेर शंकाले हेर्ने गरेका थिए । केही उत्तरदाता जोसम्वन्ध विच्छेद भएको थियो उनी विहान दिउँसो काममा जाने भएकाले बेलुकी मात्र भेट्न सकिएको थियो । यस प्रकारका अध्ययनको क्रममा आइपर्ने समस्याहरुलाई हल गर्दै उद्धेश्य अनुरुप सोधकार्यको अध्ययन गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको सामाजिक आर्थिक विशेषताको विश्लेषण

यस अध्यायमा अध्ययन क्षेत्रको सिमाना, जनसंख्या, अध्ययन क्षेत्रको ऐतिहासिकताको वारेमा चर्चा गरिएको छ । त्यसैगरी अध्ययन क्षेत्रको जनसांख्यिक पक्ष अर्न्तगत उमेर, सामाजिक पक्ष अर्न्तगत जाति, शिक्षा  र आर्थिक पक्ष अर्न्तगत बैदेशिक रोजगारीका साथै अन्य पेशाका वारेमा यथार्थ स्थिति देखाउने प्रयास गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको सिमानाको स्थिति

अन्नपूर्ण गाउँपालिका वडा नं ६ को पूर्वमा साविकका ढिकुरपोखरी र धम्पुस  दक्षिणमा सल्यान, पश्चिममा पर्वत जिल्लाका देउपुर र भुक ताङ्ले र उत्तरतर्फ दाङसिङ्ग , घान्द्रुक र ल्वाङ्ग घलेल गा.वि.स.हरु अवस्थित छन् । यसको उत्तरतर्फ पर्ने माछापुच्र्छे, अन्नपूर्ण हिमाल लगायतका हिम श्रृङखलाहरुवाट मोदी नदी पश्चिमतर्फ वगिरहेको छ । यो नदीले लुम्ले र घान्द्रुकको सिमा निर्धारण गरेको छ । त्यस्तै मोदीले दाङसिङ्ग र लुम्लेको सिमा निर्धारण गरेको छ । पूर्ववाट पश्चिमतर्फ वग्ने धोतीखोलाले सल्यान र लुम्ले तथा ढिकुरपोखरी र लुम्लेको सिमाना निर्धारण गरेको छ । लुम्ले कृषि केन्द्रभित्र बग्ने ओढारखोलाले पनि लुम्ले र ढिकुरपोखरीको सिमाना निर्धारण गरेको छ । उत्तरतर्फको ल्वाङ्ग घलेल गा.वि.स.,सुहेर, कोकर, हाइक्याम्प, माछापुच्र्छे क्षेत्रमा पर्ने पानी ढालो सिमाना कामय गरी वनक्षेत्रको सिमानाको रुपमा रहेको छ । त्यस्तै पूर्वमा रहेको धम्पुस र लुम्लेको सिमानाको रुपमा स्रोवाङ्ग गल्छीनो वाट भलाइचे गरो, मुलवाटो ( पोथाना जाने ) हुँदै पटेराको उपल्लो स्वाँरो सहित पोथानाको वस्ती भित्र पर्ने गरी सोती गराको डिलवाट ठाडो पितमदेउराली(स्याम्चे ) जाने डिल र स्याम्चेको तल्लो गरो हुँदै सुइरे डाँडा सम्म रहेको छ ।

## ४.२ अध्ययन क्षेत्रको ऐतिहासिक स्थिति

नेपाल गाउँ नै गाउँले भरिएको विकासोन्मुख राष्ट्र हो । साविक लुम्ले गा.वि.स. का नौ वटा वडाहरुमध्ये स्थानिय निकाय पूर्नसंरचनावाट दुई वटा वडा वडा नं ६ र ७ मा विभाजन गरिएको छ । अन्नपूर्ण गाउँपालिका वडा नं ६ साविक लुम्ले गा.वि.स.का ४,५ र ६ वडाहरु मिलेर बनेको हो । स्थानिय निकाय पूर्नसंरचना आयोगको प्रतिवेदन अनुसार नेपालमा ७५३

वटा गाउँपालिका रहेका छन् भने ६७४३ वडाहरु रहेका छन् । गाउँपलिकाहरु मध्ये अन्नपूर्ण गाउँपालिका एक महत्वपूर्ण गाउँपालिका हो । नेपाल सरकारले मिति २०७३ साल फाल्गुण २७ गते नेपाल राजपत्रमा प्रकाशन गरी आधिकारीक रुपमा अन्नपूर्ण गाउँपालिका घोषणा गरिएको हो । यस गाउँपालिकाको उत्तरतर्फ विश्वप्रशिद्ध अन्नपूर्ण हिम श्रङ्खला पर्दछ । यस गाउँपालिका अर्न्तगत पर्ने ८०९१ मीटर उचाईको अन्नपूर्ण प्रथम र अन्नपूर्ण पदमार्गको वेस क्याम्प समेत रहेकोले यसै हिमालको नामवाट अन्नपूर्ण गाउँपालिका नाम रहन गएको हो । अन्नपूर्ण गाउँपालिकामा ११ वटा वडाहरु रहेका छन् । ती वडाहरुमध्ये वडा नं ६ प्राकृतिक, भौगोलिक ,सामाजिक रुपले महत्वपूर्ण वडा हो । नेपालमै सबैभन्दा वढी पानी पर्ने यही वडा हो ।

गण्डकी प्रदेश कास्की जिल्ला भित्र रहेको ५ वटा स्थानिय निकाय अन्नपूर्ण गाउँपालिकाको वडा नं ६ लुम्ले पनि आफ्नो छुट्टै पहिचान बोकेको वडा हो । लुम्लेको ऐतिहासिक पृष्ठभूमिलाई नियाल्दा वि.स. २०१७ साल भन्दा अगाडि गाउँहरुमा मुखिया तथा जिम्वालहरुले राज गर्दथे । एउटा गाउँमा एउटा मुखिया रहन्थे उनैको आदेश तथा आग्रह गाउँलेहरुले मान्नुपर्दथ्यो । यो मुखिया प्रथा राणा शासनकै पालावाट प्रारम्भ भएको थियो । वि.स. २००७ सालको परिवर्तन र वि.स. २०१५ सालको आम निर्वाचन सम्म पनि मुख्यौली प्रथा नै कायम रह्यो । वि.स. २०१७ साल पौष १ गते जन निर्वाचित सरकारलाई अपदस्त गरी पंचायती व्यवस्था लागु भयो । पंचायती व्यवस्थाले वि.स. २०१९ सालमा नै नेपाल अधिराज्यको संविधान २०१९ जारी ग-यो र त्यस संविधानमा व्यवस्था भएबमोजिम हालको लुम्ले गाउँ पिकास समिति तत्कालिन अवस्थामा तान्चोक गाउँ पञ्चायको रुपमा स्थापित भयो ।

भौगोलिक विकटताको कारणले गर्दा वि.स. २०२१ सालमा तान्चोक गाउँ पञ्चायत दुई भागमा विभाजन भई तान्चोक गाउँ पञ्चायत र भिचुक गाउँ पञ्चायत स्थापित भयो । यसरी छुट्टिँदा तान्चोक पञ्चायत अर्न्तगत ह्वाँडी, भचेक, तान्चोक, माझगाउँ, तोमिजुङ्ग , हाइजुङ्ग, चन्द्रकोट ढावा र लुम्ले गाउँहरुका क्षेत्रहरु रहे भने भिचुक गाउँ पञ्चायत अर्न्तगत भिचुक , देउराली, भेडिखर्क, तोल्का र लान्द्रुक गाउँका क्षेत्रहरु रहन पुगे ।

वि.स. २०४६ सालमा नेपालमा पुन पंचायती व्यवस्थाको विरुद्ध जनआन्दोलन भयो । त्यसपछि पंचायति व्यवस्थाको अन्त्य भई नेपालमा बहुदलिय प्रजातान्त्रिक व्यवस्थाको

सुत्रपात भयो । वि.स. २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ जारी गरियो । वि.स. २०४७ सालमा जारी गरिएको संविधान र त्यससँग संवन्धित कानुनी व्यवस्था अनुरुप स्थानिय निकाय अर्न्तगत गाउँ विकास समितिको अवधारण लागु भई लुम्ले गाउँ विकास समितिको स्थापना भयो ।

लुम्ले गाउँ विकास समितिमा भएका प्राकृतिक सौन्दर्यता, संस्कृति, जातजाति, भेषभुषा तथा रहनसहन यहाँका प्रमुख विशेषता हुन् । हाम्रा यी विशेषताहरुलाई उजागर गर्ने उद्धेश्यले साहित्यक र पर्यटकीय दृष्टिले पनि लुम्लेलाई विश्व सामु चिनाउनुपर्छ भन्ने मान्यताका साथ नेपाल राष्ट्रभित्रका सृष्टाहरुको समउपस्थितिमा १५ चैत्र २०६५ मा विशेष समारोहका साथ लुम्लेलाई कविता गाउँ घोषणा गरिएको थियो । यसर्थ लुम्लेलाई कविता गाउँको रुपमा पनि चिन्न सकिन्छ ।

साविक लुम्ले गाउँ विकास समितिको नामाकरणका संवन्धमा कुनै आधिकारीक एवं तथ्यगत अभिलेख तथा जानकारी प्राप्त नभएको भएतापनि जनकार व्यक्तिहरु, वयोबृद्ध व्यक्तिहरुका कथनहरु र देबकोटा बंशावली किताबमा उल्लेख भए वमोजिमका आधारमा निम्न अनुसार भनाइहरु भेटिएमा छन् ।

लुम्ले गाउँको पूर्वपट्टि हाल कोटको फेरो भन्दा केही मुनिको क्षेत्रलाई लुङ्दी खोरीया भन्ने गरियो । त्यस ठाउँमा देवकोटाका वंशज लक्ष्मीदास देवकोटा बसोवास गर्दथे । त्यही लुङ्दी भन्ने ठाउँको नाम शब्द अपभ्रम्स भई लुम्ले बन्न पुगेको कथन छ ।

२०३३ सालमा तत्कालिन तान्चोक गाउँ पंचायत र भिचुक गाउँ पंचायत एकिकरण भई लुम्ले गाउँ पंचायत स्थापित भयो । साथै वि.स. २०२४ सालमा यस गा. वि.स.मा राष्ट्रियस्तरको कृषि अनुषन्धान केन्द्रको स्थापना भई सो संस्थाको नाम लुम्ले कृषि केन्द्र रहन गएको र त्यसैको प्रभाव अनुसार लुम्ले गा.वि.स. रहन गएको अनुमान पनि गर्न सकिन्छ ।

## ४.३ अध्ययन क्षेत्रको जनसंख्या सम्वन्धि विवरण

तालिका नं ४.१  अध्ययन क्षेत्रको जनसंख्या विवरण

| वडा नं | जम्मा घर परिवार संख्या | जम्मा जनसंख्या | जम्मा पुरुष संख्या | जम्मा पुरुष प्रतिशतमा | जम्मा महिला संख्या | महिला प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| ६ | ५०१ | १९२६ | ८३९ | ४३.५६% | १०८७ | ५६.४३ % |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

प्रस्तुत तालिकामा अन्नपूर्ण गाउँपालिका वडा नं ६ मा जम्मा घरपरिवार संख्या ५०१ रहेको छ । जम्मा जनसंख्या १९२६ मध्ये पुरुषको जनसंख्या ८३९ अर्थात ४३.५६ प्रतिशत र महिलाहरुको जनसंख्या १०८७ अर्थात ५६.४३ प्रतिशत रहेको छ । जसमा अन्नपूर्ण गाउँपालिकाको जम्मा घर परिवार संख्या ६०२९, जम्मा जनसंख्या २३४१७ मध्ये पुरुषको जनसंख्या १०५९७ र महिलाको जनसंख्या १२८२० रहेको छ । अन्नपूर्ण गाउँपालिकाको जम्मा जनसंख्या मध्ये अध्ययन क्षेत्रको वडामा ८.२२ प्रतिशत जनसंख्या , ३.५८ प्रतिशत पुरुष र ४.६४ प्रतिशत महिला रहेका छन् ।

तालिका ४.२

अध्ययन क्षेत्रका बासिन्दाको जातिय जनसङ्ख्या विवरण

| **साविक वडा हाल वडा नं ६** | **ब्रहामण** | **गुरुङ्ग** | **क्षेत्री** | **कामी** | **थकाली** | **दमाई** | **सार्की** | **मगर** | **नेवार** | **अन्य** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **४** | ३९९ | १११ | ७६ | ३७८ | २ | ९ | ११४ | ८८ | ० | ९० |
| **५** | ३६० | १२१ | ४२ | २३ | ० | १०२ | २३ | ७ | ९ | ५८ |
| **६** | २८७ | १०८ | ६ | १४८ | ० | ० | २१ | ० | ० | ० |
| **जम्मा** | १०४६ | ३४० | १२४ | ५४९ | २ | १११ | १५८ | ९५ | ९ | १४८ |
| **प्रतिशतमा** | ४०.५१ | १३.१६ | ४.८० | २१.२६ | ०.०७ | ४.२९ | ६.११ | ३.६७ | ०.३४ | ५.७३ |

***स्रोत : लुम्ले गा.वि.स. प्रोफाइल , २०६७***

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रको जनसंख्यामा सबभन्दा वढी ब्राह्मण जातीको वसोवास रहेको देखिन्छ जम्मा जनसंख्या मध्ये १०४६जना अर्थात ४०.५१ प्रतिशत ब्राह्मण जाति रहेका छन् भने त्यसपछि कामी जातिको २१.५६ प्रतिशत बसोबास रहेको देखिन्छ । सबभन्दा कम बसोबास थकाली जातिको रहेको छ जसको जनसंख्या २ मात्र रहेको छ ।

## ४.४ अध्ययन क्षेत्रमा सामाजिक विकासको स्थिति

अन्नपूर्ण गाउँपालिका वडा नं ६ मा एक ओटा मा.वि. स्तरको विद्यालय रहेको छ । २ वटा सरकारी स्तरका आधारभूत तहका विद्यालय र एक वटा निजि स्तरको आधारभूत तहको विद्यालय रहेको छ । यस वडाका विद्यार्थीहरु मा.वि. स्तरको निजि विद्यालयमा अध्ययन गर्नको लागि अन्नपूर्ण गाउँपालिका वडा नं २ मा रहेको मर्निङ्ग स्टार र वडा नं ३ मा रहेको बाल मन्दिरमा जाने गरेका छन् । यस वडामा इलाका स्तरको आयुर्वेध औषधालय र निजिवाट संचालित औषधी पसलहरु पनि रहेका छन् । यहाँ बचत तथा ऋण सहकारी र कृषि सहकारी, फर्निचर उद्योग साथै अन्य व्यापारिक पसलहरू पनि छन् । सञ्चार साधनमा एनसेल र एन टि.सि.का टावरहरु रहेका छन् भने यी वाट चल्ने मोवाइल फोनहरु रहेका छन् । त्यस्तै इन्टरनेट पनि संचालनमा रहेका छन् । यहाँ रहेका छन् भने मानिसको जीवन निर्वाहको आधार भनेको व्यापार, पर्यटन, वैदेशिक रोजगार र कृषि पेशामा नै रहेको छ । यहाँ राजमार्गमा खाजा र खानाको लागि प्रशस्त होटलहरु खुलेका छन् । लामो दूरी तथा छोटो दूरीका यातायातका साधनहरुले यी होटलहरुमा खाजा तथा खानाको लागि रोकेका हुन्छन् । यहाँको मानव विकास सूचकाङ्क केही उल्लेख नभएको भएतापनि जिल्लाको प्रतिनिधित्व अङ्कसँग मध्यम खालको देखिन्छ । यस वडा अन्नपूर्ण संरक्षण क्षेत्र भित्र पर्ने भएकाले पर्यटकिय दृष्टिकोणवाट पनि महत्वपूर्ण मानिएको छ । अन्नपूर्ण संरक्षण क्षेत्रको प्रमुख प्रवेश द्वार नै यस वडामा पर्दछ । प्रमुख पर्यटकीय स्थलहरुमा अष्ट्रेलियन क्याम, चन्द्रकोट आदि रहेका छन् । यहाँ आन्तरिक र वाह्य पर्यटक धेरै आउने गर्दछन् । यस वडाको धेरै भूभाग पोखरा- वाग्लुङ्ग राजमार्गले छोएको छ । वाँकी भागहरुमा पनि ग्रामिण सडक पुगेको छ । यस वडामा तरकारीहरु राम्रै उत्पादन हुन्छ । यहाँ तरकारी संकलन केन्द्रहरु पनि रहेका छन् । ती संकलन केन्द्रहरुवाट तरकारी पोखरा र कुश्मामा पुग्ने गरेको छ ।

## ४.५ बैदेशिक रोजगारीको अवस्था

कास्की जिल्लावाट खाडी राष्ट्रहरुमा जानको लागि संस्थागतरुपमा श्रम स्विकृति लिनेको संख्या ४,२२० रहेको छ जसमा सबभन्दा धेरै कतारमा १,५२३ रहेको छ ( वार्षिक प्रतिवेदन बैदेशिक रोजगार विभाग, २०७३ ) ।

तालिका नं ४.३

अध्ययन क्षेत्रको वैदेशिक रोजगारको अवस्था

| साविक लुम्लेगा.वि.स. का वडा नं हाल अन्नपर्ण गा.प. वडा नं ६ | विदेश गएकाको संख्या | | | गएको मुलुकको नाम | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | भारत | खाडी | अन्य |
| ४ | ९ | १५१ | १६० | ७ | ८५ | ६८ |
| ५ | ५ | ५३ | ५८ | ७ | ४३ | ८ |
| ६ | २ | ८२ | ८४ | ३ | ७९ | २ |
| जम्मा | १६ | २८६ | ३०२ | १७ | २०७ | ७८ |
| जम्मा प्रतिशत | ५.२९ | ९४.७० | | ५.६२ | ६८.५४ | २५.८२ |

*स्रोत : लुम्ले गा.वि.स. प्रोफाइल , २०६७*

माथिको तालिकामा गा.वि.स. को प्रोफाइल २०६७ अनुसार जम्मा विदेश गएका संख्या ३०२ मा खाडी राष्ट्रमा गएकाको संख्या सबभन्दा वढी करिब ८० घर परिवारका २०७ जना अर्थात ६८.५४ प्रतिशत रहेको छ । यसमा सबभन्दा वैदेशिक रोजगारीको लागि खाडी राष्ट्रमा जाने प्रचलन रहेको देखिएको छ । त्यस्तै भारतमा १७ जना अर्थाथ ५.६२ प्रतिशत र अन्य देशहरुमा ७८ जना अर्थात २५.८२ प्रतिशत रहेको छ । जम्मा विदेश गएका संख्या मध्ये महिला १६ जना अर्थात ५.२९ प्रतिशत र पुरुष २८६ जना अर्थात ९४.७० रहेका छन् ।

# अध्याय पाँच

# उत्तरदाताको सामाजिक तथा जनसाङ्ख्यिक विवरण

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिकले भरिपूर्ण विविधतायुक्त समाज हो । देशमा १२५ जनजाति र १२३ ओटा भाषाभाषी रहेका छन् भने भौगोलिक क्षेत्रको आधारमा पनि विविधता पाइन्छ। त्यसैगरी यस अध्ययन क्षेत्र वा अन्नपूर्ण गाउँपालिका वडा नं.६ पनि विविधतायुक्त समाजको रूपमा लिन सकिन्छ । जनसङ्ख्याको विशेषता पनि फरक-फरक छ । यस अध्यायमा उत्तरदाताको जनसाङ्ख्यिक विशेषता अन्तर्गत लिङ्ग र उमेर, जातिय संरचना, शैक्षिक स्थिति, बैदेशिक रोजगारको अवस्था बैदेशिक रोजगारीमा जानुभन्दा अगाडिको पेशाको अवस्थाको बारेमा देखाउन खोजिएको छ ।

## ५.१ उत्तरदाताको जनसंख्याको अवस्था

जनसङ्ख्याको विशेषताको आधारमा मानिसको बुझाइ र जानकारीहरूलाई प्रभाव पारेको हुन्छ । बैदेशिक रोजगारीले पार्ने प्रभावको बारेमा उमेर, लिङ्ग, जातजाति, पेशा, शिक्षा, वैवाहिक स्थिति जस्ता विशेषताले बुझाइमा फरक पारेको हुन्छ । त्यसकारण बैदेशिक रोजगारीको कारणले दाम्पत्य सम्वन्धमा पारेको प्रभावलाई व्याख्या गर्न उक्त विशेषताहरूलाई उल्लेख गरिएको छ ।

यस अन्तर्गत लिङ, उमेर, जात, पेशा, शिक्षा, धर्म तथा वैवाहिक स्थितिको आधारमा उत्तरदाताको विवरण प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा प्रत्यक्षरुपमा वैयक्तिक अध्ययन गरिएका १२ घर परिवारका ५३ सदस्यहरू छन् । जसमा पुरुष २८ र महिला २५ जना रहेका छन् । अध्ययन गरिएका १२ घर परिवारका घरमुलीमध्ये ९ पुरुष र ३ जना महिला रहेका छन् । जनसंख्याको विवरणलाई तलको तालिकाद्वारा देखाइएको छ ।

तालिका ५.१

जनसंख्याको आधारमा घरधुरी उत्तरदाताहरूको विवरण

| विवरण | लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| जम्मा घरधुरी संख्या | १२ | | | | | |
| जम्मा जनसंख्या | २८ | ५२.८३ | २५ | ४७.१६ | ५३ | |
| घरमुली संख्या | ९ | ७५ | ३ | २५ | १२ | |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।*

माथिको तालिकाको अध्ययन गर्दा सामेल गरिएका उत्तरदाताहरूको जनसंख्यामा पुरुषको सङ्ख्या महिलाको सङ्ख्याभन्दा बढी देखिन्छ । जसमा पुरुष २८ जना अर्थात ५२.८३ प्रतिशत छन् भने महिला २५ जना अर्थात ४७.१६ प्रतिशत रहेका छन् । त्यस्तै घरमुलीमा पुरुष भन्दा महिलाको संख्या कम नै छ। जसमा पुरुष घरमुली ९ जना अर्थात ७५ प्रतिशत र महिला घरमुली ३ जना अर्थात २५ प्रतिशत रहेका छन्। यसरी घरमुली बढी पुरुष हुनुमा नेपालको सामाजिक संरचनामा अहिले पनि पितृसत्तात्मक ढाँचाको प्रभाव रहेको देखिएको छ । जम्मा उत्तरदाताहरुमध्ये घरमा रहेका ३ जना महिलाहरुले पनि घरमुलीको नाम पुरुषको भनेका थिए।

## ५.२ लिङ्ग र उमेर

लिङ्ग र उमेर एक मूलभूत जनसाङ्ख्यिक विशेषता हो । बैदेशिक रोजगारीवाट दाम्पत्ये सम्वन्धमा पारेको प्रभावलाई व्याख्या गर्न यस अध्ययनमा छनौट भएका उत्तरदाताहरूको उमेर पनि विविधतामूलक छ भने उत्तरदाताहरू महिला, पुरुष दुवै छनौट भएका छन् । तालिका नं. ५.२ ले लिङ्ग र उमेरको आधारमा उत्तरदाताको विवरण उल्लेख गरेको छ।


तालिका ५.२

उमेर र लिङ्गको आधारमा घरधुरी उत्तरदाताहरूको विवरण

| उमेर समूह | लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० देखि ३० वर्ष सम्म | १ | ८.३३ | २ | १६.७ | ३ | २५ |
| ३० देखि ४० वर्ष सम्म | ४ | ३३.३ | ४ | ३३.३ | ८ | ६६.७ |
| ४० वर्ष भन्दा माथि | १ | ८.३३ | ० | ० | १ | ८.३३ |
| जम्मा | ६ | ५० | ६ | ५० | १२ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७५ ।*

मथिको तालिकामा ३० देखि ४० वर्ष भित्रका उत्तरदाता बढी छन् । यस उमेर भित्र ८ जना रहेका छन् भने पुरुष र महिला बराबरी रहेका छन् । यस उमेरसमूह ६६.७ प्रतिशत रहेको छ । ४० वर्ष भन्दा माथि एक जना पुरुष मात्र रहेका छन् । २० देखि ३० वर्ष उमेरसमूह भित्र एउटा पुरुष र २ जना महिला रहेका छन् । विवाह पश्चात ३० देखि ४० वर्षको उमेरमा व्यापार व्यवसाय जागिर वा आर्थिक उपार्जनका हिसाबले छुट्टै बस्ने र संयुक्त परिवारभन्दा एकल परिवारको क्रमिक विकासले गर्दा यो उमेर समूहका उत्तरदाता बढी भएका हुन् ।




चित्र ५.२

## ५.३ जातिय संरचना

यस अध्ययन क्षेत्र बहुजातिय मानिसहरूको बसोबास भएको क्षेत्र हो । उत्तरदाताहरूको जनसङ्ख्याको आधारमा जातीय विवरणलाई निम्न तालिकाद्वारा देखाइएको छ ।


**तालिका ५.३**

**जाती र लिङ्गका आधारमा उत्तरदाताको विवरण**

| जात | लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ब्राह्मण | २ | १६.६६ | २ | १६.६६ | ४ | ३३.३३ |
| क्षेत्री | १ | ८.३३ | ० | ० | १ | ८.३३ |
| गुरुङ | १ | ८.३३ | १ | ८.३३ | २ | १६.६६ |
| सार्की | ० | ० | ३ | २५ | ३ | २५ |
| राई | १ | ८.३३ | ० | ० | १ | ८.३३ |
| कामी | १ | ८.३३ | ० | ० | १ | ८.३३ |
| जम्मा | ६ | ४९.९८ | ६ | ४९.९९ | १२ | ९९.९८ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।*

माथिको तालिकाको अध्ययन गर्दा सबैभन्दा बढी जाति यस उत्तरदाताको सर्वेक्षणमा ब्राह्मण देखिन्छन् जुन सङ्ख्यामा ४ जना र प्रतिशतमा ३३.३३ हुन आउछ । त्यसपछि सार्की, गुरुङ्ग, सार्की, राई, कामी, क्रमशः कम हुँदै आएको छ । माथिको तालिकाले अध्ययन क्षेत्रको बहुजातिय अवस्थालाई पनि प्रतिनिधित्व गरेको छ ।




चित्र ५.३

## ५.४ शैक्षिक स्थिति

मानिसको जीवन चर्यालाई उज्यालो संसारमा परिणत गराउने एक प्रमुख साधन शिक्षा हो । शिक्षाले प्रत्येक जनमानसमा जनचेतनाको अभिवृद्धि गराई विकासको अवयवहरु पत्ता लगाउन निर्णयगामी भूमिका खेल्दछ । शिक्षाले नै देशको विकास नयाँ आयामहरु पत्ता लगाउन सकिन्छ । नेपालमा जनगणना २०६८ का अनुसार साक्षर जनसंख्या ६५.०९ प्रतिशत रहेको छ ।

पोखरादेखि उत्तर पश्चिममा ४२ कि.मि. मा पर्ने अध्ययन क्षेत्र शैक्षिक स्थितिका अवस्था मध्यम खालको देखिन्छ । यहाँ एउटा माध्यमिक विद्यालय छ भने २ वटा आधारभूत विद्यालयहरु रहेका छन् । साथै एक आधारभूत तहको निजि विद्यालय पनि यस क्षेत्रमा रहेको छ । अध्ययन क्षेत्रको उत्तरदाताहरूमा के कस्तो शैक्षिक अवस्था छ भनी गरेको अध्ययनको विस्तृती निम्नानुसार छ ।

**तालिका ५.४**


**शिक्षा र लिङ्गका आधारमा उत्तरदाताको विवरण**

| शिक्षा | लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| निरक्षर | ० | ० | ० | ० | ० | ० |
| साक्षर | २ | १६.६६ | ५ | ४१.६६ | ७ | ५८.३३ |
| एस.एल.सी. | ३ | २५ | ० | ० | ३ | २५ |
| +२ भन्दा माथि | १ | ८.३३ | १ | ८.३३ | २ | १६.६६ |
| जम्मा | ६ | ४९.९९ | ६ | ४९.९९ | १२ | ९९.९९ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।*

उपरोक्त तालिकामा शुरूमा निरक्षरको अवस्था शुन्य रहेको देखिन्छ । अध्ययन क्षेत्रका उत्तरदातामध्ये साक्षर वा एस.एल.सि.उत्तिर्ण नगरेका सबभन्दा वढी ७ जना रहेका छन् । जसमा पुरुष २ जना र महिला ५ जना रहेका छन् । जम्मा उत्तरदातामध्ये साक्षर ५८.३३ प्रतिशत रहेको छ । त्यसपछि एस.एल.सि. उत्तिर्ण गरेका ३ जना , २५ प्रतिशत रहेका छन् । एस.एल.सि. भन्दा माथि +२ पास गरेका २ जना रहेका छन् । यसले के देखाउँछ भने साक्षर दर वढी रहेको छ । साक्षर दरवढी हुनुका कारणले गर्दा सबै परिवारका वालवच्चाहरु विद्यालयमा भर्ना भएका छन् । महिलाहरूको क्रमशः साक्षर, एस.एल.सी. र त्यसभन्दा माथि उच्चबाट निम्नतिर साक्षरता दर देखिन्छ । महिलाको तुलनामा पुरुषको उच्चतहमा साक्षरता दर पनि बढी छ । अहिलेको अवस्थामा एस.एल.सी.पास पछि महिलाहरू विवाह वन्धनमा बाधिने विवाह पछि पढ्ने अवसर प्राप्त हुन नसकेको देखिन्छ भने पुरुषहरू पनि वैदेशिक रोजगारीको खोजीमा हुनाले पढाइ छाड्ने प्रवृति बढ्दै गएको पाइन्छ । पढ्नको लागि पोखरा सम्म जानुपर्ने कारणले गर्दा व्यापार व्यवसायमा लाग्ने र नोकरी गर्ने बाहेक अन्य घर परिवारमा पढ्ने अवस्था कम भएको पाइन्छ । त्यसको प्रमुख कारण आर्थिक अवस्था कमजोर र पढाई पछि जीवनयापनमा सुलभताको कमी देखिन्छ । एस.एल.सी. सम्म गाउँबाट पढ्ने अवसर हुने त्यसपछि उच्च अध्ययनको लागि घर वाहिर बस्नु पर्नाले बढी

व्ययभार भएकोले पढाइलाई निरन्तरता नदिएको देखिन्छ । यस अध्ययन क्षेत्रमा एउटा पनि उच्च मा.वि. नभएकोले पनि उच्च शिक्षाको साक्षरता दर कम छ ।




**चित्र ५.४**

## ५.५ पेशागत अवस्था

नेपाल एक कृषि प्रधान देश हो । यहाँका अधिकांश मानिसहरु कृषि पेशामा आवद्ध रहेका छन् । जनगणना २०६८ अनुसार ७९.९१ प्रतिशत मानिसहरु कृषिमा आश्रित रहेका छन् । यसरी धेरै जनसंख्या कृषिमा आधारित भए पनि कृषिमा आधुनिकीकरण हुन नसक्दा दिनचर्याको लागि समस्याहरु रहेका छन् । जसले गर्दा वैदेशिक रोजगार नेपालीको वैकल्पिक पेशा बनेको छ ।

यस अध्ययन क्षेत्रका १२ जना उत्तरदाता मध्ये उत्तरदाता मध्ये बैदेशिक रोजगारीमा गएर आएका पुरुषहरुलाई रोजगारीमा जानुभन्दा अगाडिको पेशाको वारेमा सोध्दा र घरमा रहेका महिलाहरुलाई उनीहरुको पेशाको वारेमा सोध्दा ३ जनाले ड्राइभिङ्ग , १ जनाले ठेक्कापट्टा , २ जना शिक्षण र ६ जना कृषि पेशामा आवद्ध भएको देखिएको छ । यसरी सबभन्दा वढी कृषि पेशामा नै आवद्ध रहेको देखिएको छ जुन ५० प्रतिशत रहेको छ ।

तालिका ५.५

पेशा र लिङ्गका आधारमा उत्तरदाताको विवरण

| पेशा | लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कृषि | १ | ८.३३ | ५ | ४१.६६ | ६ | ५० |
| ड्राइभिङ्ग | ३ | २५ | ० | ० | ३ | २५ |
| ठेक्कापट्टा | १ | ८.३३ | ० | ० | १ | ८.३३ |
| शिक्षण | १ | ८.३३ | १ | ८.३३ | २ | १६.६६ |
| जम्मा | ६ | ४९.९९ | ६ | ४९.९९ | १२ | ९९.९९ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।*

कास्की जिल्लाको राष्ट्रिय जनगणना २०६८ अनुसार जम्मा १,२५,६७३ घरपविार रहेकोमा राष्ट्रिय कृषि गणना २०६८ अनुसार ५३,२६८ कृषक परिवार रहेका छन् जुन ४२.३८ प्रतिशत रहेको छ । माथिको तालिकाले पनि कृषि पेशामा रहेको संख्या वढी भएको देखाएको छ । जसमा पनि घरमा रहने महिलाहरु वढी कृषि पेशामा आवद्ध भएको देखियो । जुन ५० प्रतिशत रहेको देखियो । यसले नेपालको पेशाको अवस्थालाई पनि प्रतिनिधित्व गरेको छ ।

## ५.६ बैदेशिक रोजगारीको अवस्था

कास्की जिल्लावाट खाडी राष्ट्रहरुमा जानको लागि संस्थागतरुपमा श्रम स्विकृति लिनेको संख्या ४,२२० रहेको छ जसमा सबभन्दा धेरै कतारमा १,५२३ रहेको छ (बै.रा.वि.,२०७३) ।

अध्ययन क्षेत्रको समग्रतामा केही महिलाहरु पनि विदेश गएका तर तिनीहरु खाडी वाहेक अन्य देशहरुमा गएको देखिएको छ । अध्ययन क्षेत्रमा छनौट भएका उत्तरदाताहरुमध्ये सबै श्रीमान् वा पुरुषहरु नै बैदेशिक रोजगारीको लागि खाडी राष्ट्रमा गएका छन् । जसमा कतारमा ७ जना, ३ जना साउदी,१ जना दुवई र १ जना बहराइन्मा गएको देखियो । सबभन्दा वढी कतारमा गएका छन् । जम्मा संख्या मध्ये ५८.३३ प्रतिशत कतारमा गएको देखियो ।

# अध्याय ६

# वैदेशिक रोजगार र दाम्पत्य संवन्ध

## ६.१ बैदेशिक रोजगारीमा जान पर्नाका कारणहरु

नेपालको बैदेशिक रोजगारको इतिहासलाई अध्ययन सन् १८१६ को सुगौली सन्धी पछि ब्रिटिस भारतीय सरकारले नेपालीहरुलाई ब्रिटिस भारतीय सेनामा भर्ती गर्न शुरु गरेपछि बैदेशिक रोजगारीको ढोका खुलेको हो । नेपाल कृषि प्रधान देश भएता पनि कृषिमा आधुनिकिकरण हुन नसक्दा नेपालीहरु रोजगारी खोज्नका लागि बिश्व बजारका विभिन्न देशहरुमा जान वाध्य रहेका छन् । सन् १९७० पछिको पूँजिवादको विकास , विश्वव्यापीकरण र आधुनिकिकरणको प्रभावले गर्दा पनि नेपालीहरु बैदेशिक रोजगारीमा गइरहेका छन् । विशेष गरी नेपालका मध्यम स्तरका मानिसहरु रोजगारीका लागि खाडी राष्ट्रहरु (कतार, साउदी अरब, दुबही, कुवेत, बहराइन्, ओमन) मा जाने गरेका छन् ।

**तालिका नं ६.१ बैदेशिक रोजगारीमा जान पर्नाका कारणहरु**

| **बैदेशिक रोजगारीमा जान पर्नाका कारणहरु** | **प्रभावित दम्पति संख्या** |
|---|---|
| • द्धन्द | १ |
| • कृषिमा आधुनिकीकरण नहुनु | १२ |
| • व्यवसाय असफल हुन | १ |
| • साथीभाई संगती | २ |
| • जिविकाको लागि | १० |
| • विवाहको लागि | २ |
| • वालवच्चाको पालनपोषण , शिक्षा र स्वास्थ्यको लागि | १० |

श्रोत : स्थलगत सर्वेक्षण२०७५

नोट : प्रतिकृयाको वारम्वारता दोहरीएकाले कुलसंख्या प्रभावित छ ।

समान्यत देशमा भएको द्वन्द, बेरोजगारी समस्या, कृषिमा आधुनिकीकरण हुन नसक्नु, आम्दानी वढी गर्न, वालवच्चाको शिक्षाको लागि, विदेशमा रोजगारीका अवसरहरु धेरै हुनु आदिले गर्दा नेपालीहरु बैदेशिक रोजगारीमा जाने गरेका छन् ।

उत्तरदाताको वैयक्तिक अध्ययनहरु अनुसार उनीहरुले विभिन्न कारणले गर्दा रोजगारीको लागि खाडी राष्ट्रमा गएको देखिन्छ । प्रायजसो सबैको भनाई एउटै रहेको छ । माथिको अध्ययनलाई विश्लेषण गर्दा नेपालमा ठूला उद्योग तथा कल कारखाना नभएको हुँदा दिनप्रतिदिन वेरोजगारी समस्या वढीरहेको हुनाले, थोरै जग्गा त्यसमा पनि कृषियोग्य जमिन नभएका कारणले, परिवारको आर्थिक अवस्था कमजोर भएर, स्वदेशमा गरिने व्यवसायमा भन्दा बैदेशिक रोजगारीमा जानको लागि समूदायका धनी मानिसहरुले ऋण दिन तयार हुनु, नेपालमा गरिने कमाइले घर परिवार र वालवच्चाहरुलाई

**बकपत्र १**

*म अन्नपूर्ण गाउँपालिका ढावामा बस्छु । म बैदेशिक रोजगारीको लागि कतारमा गएर काम गर्छु । म अहिले छुट्टीमा घरमा आएको हुँ । मैले प्रमाणपत्र तह पास गरेको छु । म अहिले २९ वर्षको भएँ । मेरी एक श्रीमती छन् । उनी २७ वर्षकी भइन् । मेरी श्रीमतीले प्रमाणपत्र तह पास गरेकी छन् । मेरो घरमा बा आमा श्रीमती र २ छोराहरु छन् । ठूलो छोरो एल.के.जी.मा पढ्छ भने सानो १ वर्षको मात्र भएको छ । ठूलो छोरो भने ६ वर्षको भयो । म बैदेशिक रोजगारीको लागि वाहिर गएको करिब ६ वर्ष भयो । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि मैले कृषि कामको साथै कहिलेकाहीं ढुङ्गाको काम पनि गर्थें । मेरो विवाह बैदेशिक रोजगारमा गए पछि नै भएको हो । पहिले दुई साल विदेश रहेर घरविदाको सिलसिलामा २ महिना विदामा आउँदा बिहे भएको हो । विवाहको केही समय पश्चात पुनः बैदेशिक रोजगारलाई निरन्तरता दिएँ । म बिदेशमा सानै उमेरमा गएको हुँ । विदेश जानुपर्ने धेरै कारणहरु छन् । विशेष गरेर म विदेशमा रोजगारीका लागि जानुका कारणहरुमा स्वदेशमा रोजगारको अवस्था नहुनु , आर्थिक अवस्था कमजोर हुनु, नेपालमा रहँदा गरेको व्यवसायमा असफल भई ऋण लाग्नु ,सम्पूर्ण साथीभाईले बैदेशिक रोजगारवाट धेरै थोरै आम्दानी गरेको अवस्थामा आफू नेपालमा व्यवसायमा असफल हुँदा मैले पनि विदेश गएर कमाउन सक्छु भन्ने भावना पैदा हुनु, समाजमा बैदेशिक रोजगारलाई जोड दिनु जस्तोकी कुनै व्यवसाय गर्छु भन्दा कोही कसैसँग ऋण नपाइनु तर विदेशमा जाने हो भने ऋण दिन्छु भन्ने समाजमा धेरै भेटिनु जस्ता परिस्थतिले बैदेशिक रोजगारमा जान परेको हो । बैदेशिक रोजगारीले हाम्रो श्रीमान् श्रीमती विचको संवन्धमा खासै प्रभाव परेन । जतिवेला हाम्रो विवाह भएको थियो त्यो अवस्थामा मेरो ऋण धेरै थियो र यो वारेमा मेरी श्रीमतीलाई पनि जानकारी थियो । हामीले कसरी हुन्छ ऋणवाट मुक्त हुन चाहन्थ्यौं । हामीमा कसरी हुन्छ पहिला ऋण सक्ने भन्ने नै थियो । जब हाम्रो ऋण सकियो हामीमा खुशी नै आयो । यसले गर्दा पनि हाम्रो सम्वन्धमा खाासै नराम्रो असर परेन । म विदेशमा हुँदा उनीसँग दिनुहुँ फोन हुन्छ । सामाजिक सञ्जालहरुमा राम्रैसँग हाम्रो कुराकानी हुन्छ । व्यवहारिक कुराहरु हुन्छ । कहिलेकाहीं हाँसो ठट्टा पनि हुन्छ । अहिले सँगै घरमा रहँदा पनि हामी आपसी सरसल्लाहमा काम गर्छौं । उनले प्राय केही गर्न पर्दा मलाई सोधिहाल्छिन् । उनलाई मैले सहयोग गर्छु । वालवच्चा जन्माउने कुरामा पनि सल्लाहवाट नै हुन्छ । त्यसैले हालसम्म हाम्रो संबन्ध राम्रै भए जस्तो लाग्छ । विदेश गएर रोजगार भएपछि र आम्दानी भएपछि पक्का पनि विवाह गर्न सजिलो हुन्छ । उनीसँग मेरो विवाह हुने निर्णय छोटो समयमा नै टुङ्गिएको हो । श्रीमतीका बा आमाले पनि कस्तो केटो पर्छ इलम छकी छैन भनेर हेर्छन त्यसैले बैदेशिक रोजगारीमा गएपछि बैबाहिक सम्वन्ध निर्माण गर्न झन् सजिलो हुन्छ जस्तो लाग्छ । मेरो विवाह बैदेशिक रोजगारीमा गएको २ वर्ष पछि भएको हो । बैदेशिक रोजगारमा गएपछि विवाह भएकाले अगाडिको खासै अनुभव भएन । अहिले सम्वन्ध राम्रो नै छ । विवाह पछि हाम्रो सम्वन्ध राम्रै छ । यदि बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै बिबाह भएको भए पैसाको अभावको कारणले गर्दा परिवारमा सानोतिनो झगडा हुन्थ्यो होला । ऋण झन् वढ्दै जान्थयो । त्यही ऋणको कारणले हाम्रो विचमा सम्वन्ध विग्रन पनि सक्थ्यो । श्रीमतीलाई नै पनि आफ्ना आधारभूत आवश्यकता पूरा गर्न नसकेपछि रिस उठ्नु पनि स्वभाविक होला जस्तो लाग्छ । वालवच्चाहरुले दुख पाउँथे । समाजमा पनि हेलित भइन्थ्यो। परिवारको सुखी र खुशी वनाउनको लागि आम्दानी नै गर्नुपर्ने रहेछ । आर्थिक अवस्था राम्रो भएपछि सम्वन्ध पनि राम्रै हुँदो रहेछ । म यदि विदेश नगएको भए पैसाको अभावले गर्दा हाम्रो सम्वन्धमा अलि नराम्रो हुन पनि सक्थ्यो होला । हुन त सम्वन्ध राम्रो हुने र नहुनेमा श्रीमतीको वानी व्यहोरामा पनि भर पर्दछ । हामी केटाहरु पनि सम्वन्ध राम्रो र नराम्रो हुनुमा उत्तिकै जिम्मेवार हुन्छौं । हाम्रो विचमा कामको वाँडफाँड राम्रै रहेको छ । उनी बा आमा सँग घरमा बस्छिन् घरको काम गर्छिन् । एउटा घर व्यवस्थित सँग चलाउन श्रीमान् र श्रीमती विचमा पक्का पनि कामको वाँडफाँड हुनुपर्छ । हाम्रो बिचमा पनि कामको वाँडफाँड भएको छ । श्रीमतीले परिवार र घर व्यवहार सम्हाल्छिन् । उनले घरपरिवारको पालनपोषण , शिक्षा जस्तामा काम गर्छिन् । म विदेशमा हुने भएकाले सामाजिक कार्य, चाड पर्व, कहिंकतै हुने निम्तामा जानु पर्ने अवस्थामा उनी जान्छिन् । म विदेशमा रोजगार गर्छु । पैसा पठाउँछु । घरको सबै व्यवहार श्रीमतीले गर्छिन् । ऋण नभएकाले उनलाई पनि घर व्यवहार चलाउन सहज भउको छ । वालवच्चाहरुलाई खुशीसाथ पालेकी छन् । घरमा थोरै जग्गा भए आवश्यक पर्ने तरकारी लाउने, खेती गर्ने काम उनले नै गर्छिन् । पत्रपत्रिका, टि.भि.मा बैदेशिक रोजगारीमा भएको अवस्थामा श्रीमान् श्रीमतीमा नकरात्मक सम्बन्धको बारेमा आउने समचारहरु सुन्दा नराम्रो लाग्छ । श्रीमान् श्रीमतीको विचमा विश्वासको कमी भएर घटनाहरु भएका छन् । एक अर्कामा विश्वास नहुने, सम्वन्धलाई इमान्दारीका साथ नलिने हो भने बैदेशिक रोजगारीमा गएर मात्र सम्वन्ध विगार्दैन सँगै बसे पनि बिग्रन्छ । हाम्रा वावुवाजेका पालामा पनि बहुविाह हुन्थे । त्यो वेला त बैदेशिक रोजगार थिएन । सामाजिक सञ्जालकोहरुको गलत प्रयोग गर्दा पनि सम्वन्ध विग्रनुको मुख्य कारण हुन सक्छ । त्यसैले यसको प्रयोगमा ध्यान दिनुपर्छ । यस्ता विकृतखालका समचारहरुले गर्दा बिग्रिएका पनि छन् । समाजमा कतिको घरवार बिग्रिएको पनि छ । श्रीमानले दुख गरेर विदेशवाट काम गरेर पैसा पठाउने घरमा वुढीहरुले मोज मज्जा गरेर पैसा सकेका पनि छन् ।*

पाल्न पनि नपुग्ने हुनाले, नेपालमा धेरै समयसम्म द्वन्द भएको र त्यसको प्रभाव व्यवसायमा परेको कारणले, नेपालमा स्थायी प्रकारको र राम्रो रोजगार नपाइने दैनिक मजदुरीवाट आएको रकमले खान नपुग्ने भएकाले, परिवारमा रहेका बा आमा श्रीमती र वाल वच्चाहरुको पालनपोषण गर्न र उनीहरुलाई खुशी वनाउनको लागि, आधुनिकीकरणले गर्दा परिवारमा नयाँ नयाँ आवश्यकताहरु वढ्दै जाने भएकाले सोलाई पूर्ति गर्न र आफ्ना वालवच्चाहरुलाई राम्रो विद्यालयमा पढाउनको लागि उनीहरु वैदेशिक रोजगारीका लागि खाडी राष्ट्रमा गएको देखिन्छ ।

तालिका ६.१ अनुसार जम्मा उत्तरदातामा वैदेशिक रोजगारीमा जान पर्नाका कारण र प्रभावित दम्पती संख्या लाई विश्लेषण गर्दा द्वन्दका कारणले गर्दा १ जना, कृषिमा आधुनिकीकरण नहुनुमा १२ जना, व्यवसाय असफल हुनुमा १ जना, साथीभाई संगतिको कारणले १० जना, जिविकाको लागि १० जना, विवाहका लागि २ जना र वालवच्चाको पालनपोषण, शिक्षा र स्वास्थ्यको लागि १० जना वैदेशिक रोजगारीमा गएको देखिन्छ ।

**बकपत्र २**

*मेरो घर अन्नपूर्ण गाउँपालिकाको माझखोलामा छ । म अहिले वालवच्चाहरुको शिक्षाको लागि पोखरामा बस्छु । म पोखरा बस्न लागेको पनि १८ वर्ष जति भयो । म अहिले ३२ वर्षकी भएँ । म विवाहित महिला हुँ । मैले दश कक्षा सम्म अध्ययन गरेकी छु । मेरो माइतीघर सल्यान हो । पोखरा छोराछोरीका साथमा भाडामा बसेकी छु । मेरो श्रीमान् रोजगारीको लागि साउदीमा गएको छ । ऊ विदेश गएको १२ /१३ वर्ष जति भयो । ऊ ३८ वर्षको भयो । श्रीमानले पनि दश कक्षासम्म पढेर छोडेको हो । मेरा २ वटा छोरी र एउटा छोरो छ । ठूली छोरी १६ वर्षकी भई र एघार कक्षामा पढ्छे । अर्की छोरी १२ वर्षकी भई ऊ कक्षा सातमा निजि विद्यालयमा पढ्छे । कान्छो छोरो ८ वर्षको भयो ऊ कक्षा तीनमा निजि विद्यालयमा नै पढ्छ । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि उसले एउटा ट्याक्सी किनेर चलाएको थियो । हाम्रो विवाह भएपछि ठूली छोरी जन्मे पछि गाउँमा केही नहुने देखेर हामीहरुले अलिअलि ऋणमा भए पनि एउटा ट्याक्सी किनेर पोखरा झरेका हौँ । मेरो श्रीमान् विदेशमा जानुपर्नाका कारणहरुमा प्रमुख कारण माओवादी द्वन्द नै हो । त्यसवेलामा सधैँ डर मात्र हुने । कतै जान पनि गाह्रो हुने । हामीले एउटा ट्याक्सी किलेर चलाएका थियौँ । द्वन्दको कारणले ट्याक्सी चलाउन पनि गाह्रो भयो । विहान गएको बेलुका आउँछ की आउँदैन थाहा नै नहुने । एकदम डर लाग्ने । ट्याक्सी पनि महिनाको १०/१२ दिन मात्र चल्ने । आम्दानी पनि खासै भएन । वच्चाहरुलाई पालेर पोखरा बसेर पढाउन अति नै गाह्रो हुँदै गयो । कता गाडीनै जलाउँछन् भन्ने डर । यस्तो अवस्थामा त विदेशमा जानु नै ठीक भनेर ऊ विदेश गएको हो । यहाँ अन्य खासै काम पनि नपाइने, शान्ती पनि नहुने, गाडी चलाएर वस्ने भनेर पोखरा झरी हालियो गाउँमा फर्कन पनि अप्ठ्यारो लाग्यो । हाम्रो जातमा सबै लाहुरे र विदेश गएर धेरै पैसा कमाएका मात्र हुनछन् । त्यसैले विदेश जानु अति आवश्यक भयो । विदेश नगए त कुनै प्रगति गर्न नसकिँदो रहेछ । पोखरा बसेर त झन् गाह्रो हुने नी । उसको र मेरो सम्वन्ध राम्रै छ । ऊ बाहिर भएपनि हामीविचमा सर सल्लाहमा काम हुन्छ । खासै अहिले त्यती ऋण छैन । बेला बेलामा समय मिलाएर फोन गर्छ । दुई दुई वर्षमा विदामा आउनुहुन्छ । सम्वन्ध विदेश नजाँदा पनि राम्रै रहेको थियो । अहिले पनि हाम्रो सम्बन्ध राम्रै छ । कहिलेकाहीँ घरायसी कारणले विवाद हुन्छ तर त्यसले हाम्रो सम्बन्धमा कुनै असर पारेको छैन । हाम्रो विचमा सल्लाह भएर नै ऊ विदेश गएको हो । हाम्रा तर इष्टमित्र आजुभाई कि लाहुरे हुन्छन् कि बिदेशमा जान्छन् । हामीले त विदेश जाने सामान्यरुपमा सोचेका हुन्छौँ । उसले मलाई विश्वास गर्छ मैले पनि ऊ प्रति विश्वास गर्छु । वालवच्चाहरु पढाउने भनेर म पोखरामा बसेकी छु । यो पनि हामी दुई विचको सल्लाहमा भएको हो । हाम्रो जातमा कहिलेकाहीँ अरु सँग हिँड्दैमा त्यती शंका गर्ने वानी हुँदेन । त्यस्तोमा हामीले वास्ता पनि गर्दैनौँ । वालवच्चाहरु पनि खुशी नै छन् । सबैलाई निजि विद्यालयमा पढाएका छौँ । पोखरामा अहिले २ वडा घडेरी जोडेका छौँ । त्यो मेरो नाममा छ । जे होस् अहिले सम्म श्रीमान् श्रीमती बिचको बैबाहिक सम्वन्ध राम्रै रहेको छ ।*

*मेरो बिबाह भएर २ वटी छोरी जन्मेपछि ऊ विदेश गएको हो । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि हाम्रो सम्वन्धमा राम्रै थियो तर कमाई नहुँदा हाामीलाई सधैँ चिन्ता भइरहन्थ्यो । माओवादी द्वन्दले गर्दा ट्याक्सी नचल्दा जिविका कसरी चलाउने हो, वालवच्चाहरु कसरी पढाउने हो भनेर चिन्ता भइराख्थ्यो । पोखरामा वसेर महिना वित्दासाथ भाडा तिर्नुपर्ने गाह्रो हुन्थ्यो । बिदेशमा गए पछि ती समस्याहरु झेल्नुपरेको छैन । हामलिाई पुग्ने पैसा कमाउनुभएको छ । त्यसैले होला अहिले खासै चिन्ता त्यती छैन । सम्वन्ध पनि राम्रै छ । मेरो श्रीमान् साउदीमा भएपनि हामी बिचमा सर सल्लाहमा आ आफ्ना जिम्मेवारीहरु बहन गरीरहेका छौँ । उसले पैसा कमाएर पठाउँछ । मैले यहाँ व्यवहार चलाउँछु । वालवच्चाहरुको पालनपोषण । शिक्षाको वारेमा मैले व्यवस्थापन गर्छु । कहिलेकाही गाउँको घरमा जानछु । हेरचाह मैले नै गरीरहेको छु। ऊ त एक दुई महिनाको विदामा आउँछ । त्यो विदामा साथीभाई र इष्टमित्र भेट्दा ठिकै हुन्छ । समूदायका कार्यक्रममा , चाडपर्वहरुमा , कोषको व्यवहार मैले नै गर्छु । विदेशमा गएकोलाई यहाँको गर् भनेर भएन के गर्ने आफैले सबै गर्नुपर्ने रहेछ । टि.भि.मा कहिलेकाहीँ श्रीमान् श्रीमतीको सम्वन्ध विग्रियो भनेर आउँछ । त्यो मैले पनि सुनेको छु। मैले त्यस्तोमा त खासै वास्ता गर्दिन । सुन्दा अलि नरमाइलो लाग्छ । फेसवुक ले पनि विगारेको होकी जस्तो लाग्छ । हामीलाई त यसले खासै बिगारेको छैन । विदेशमा दुख गरेर कमाएको पैसाको घरमा रहेर व्यवहार गर्ने श्रीमतीले जतन गर्नुपर्दछ । अनावश्यक काममा मास्नु हुँदैन । हुनत कोही कोही त केटाहरु पनि ठीक हुँदैनन् । अर्की सँग हिँड्छन् ।*

## ६.२ बैदेशिक रोजगारीवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव

सम्वन्ध एउटा भावनात्मक विषय हो । यसलाई सजिलै मापन गर्न सकिँदैन । त्यसमा पनि श्रीमान् श्रीमती विचको सम्वन्धको वारेमा खोदल्नु आफैमा गहन विषय हो । यस अध्ययन क्षेत्रमा उत्तरदाताहरुले आफ्नो आन्तरीक सम्वन्धको वारेमा शुरुमा भन्न अप्ठ्यारो मानेका भएपनि छलफल गर्दै जाँदा प्रष्टरुपमा आफ्ना भनाइहरु राखेका छन् । विषयवस्तुलाई र अध्ययनका उद्धेश्यहरुलाई प्राथमिकतामा राखि समय समयमा भेटेर वा ऊ सँग नजिकको मानिसलाई भेटाएर भए पनि उनीहरुको सम्वन्धको वारेमा छनौट भएका १२ जनाको विस्तृत रुपमा वैयक्तिक अध्ययन गरिएको छ । १२ जनाको वैयक्तिक अध्ययनमा आएका भनाइहरुलाई प्रमाणित गर्नको लागि उनीहरुका श्रीमान् श्रीमतीसँग पनि सम्वन्धको वारेमा जिज्ञासा राखी अध्ययन गरिएको छ । वैयक्तिक अध्ययन गरिएका १२ जनामा २ जनाको बैदेशिक रोजगारीकै कारणवाट श्रीमती सँग सम्वन्ध विच्छेद भएको जुन १६.६६ प्रतिशत रहेको, १ जनाको सम्वन्ध नविग्रेपनि एक आपसमा अबिश्वास रहेको तथा सम्वन्ध खासै राम्रो नरहेको जुन ८.३३ प्रतिशत रहेको र बाँकी ९ जनामा  स-साना श्रीमान् श्रीमतीमा हुने झगडा वाहेक अन्य सबैमा सम्वन्ध राम्रै रहेको देखियो जुन ७५ प्रतिशत रहेको छ ।

**तालिका नं ६.२ बैदेशिक रोजगारीले दाम्पत्य सम्वन्धमा पारेको प्रभाव**

| **विवरण** | **प्रभावित दम्पति संख्या** |
|---|---|
| बैदेशिक रोजगारी दाम्त्य सुमधुर | ९ |
| बैदेशिक रोजगारी दाम्त्य कमजोर | ३ |
| यौनिक सन्तुलन नकारात्मक | २ |
| घरेलु  हिँसा | १ |
| सामान्य भनाभन | ७ |
| सम्वन्धमा शंका तथा अविश्वास रहनु | ३ |
| सम्वन्ध विच्छेद | २ |

श्रोत : स्थलगत सर्वेक्षण, २०७५

नोट : प्रतिकृयाको वारम्वारता दोहरीएकाले कुलसंख्या प्रभावित छ ।

वैयक्तिक अध्ययन अनुसार छनौटको क्रममा घरमा रहेका ६ जना महिलाहरु मध्ये १ जना दलित महिलाको सम्वन्धमा त्यती राम्रो नरहेको देखिन्छ । उनका अनुसार श्रीमानले उनी प्रति अनावश्यक रुपमा शंका, अविश्वास गर्ने भएकाले त्यती राम्रो सम्वन्ध नभएको वताइन् । श्रीमानले पैसा नपठाउने, शंका गर्ने, कुनै पनि व्यवहार गर्न नदिने, विदामा आउँदा पनि रक्सी खाएर आउने र कहिलेकाहीँ पिट्ने जस्ता व्यवहार गर्ने भनाई राखेकी थिइन् । घरको सबै व्यहार सासु आमाले गर्ने हुँदा आफूलाई व्यवहार सम्वन्धि केही पनि थाहा नहुने, घरमा रहेकी सासु आमाले जे गर् भन्छिन् त्यही गर्छु उनकै इशारामा हिँड्नु पर्दछ भनेर वताएकी थिइन् । यस्तै सम्वन्धको वारेमा श्रीमान्सँग सम्पर्क गरी जिज्ञासा राख्दा उनले आफूले आमालाई पैसा पठाउने गरेको, श्रीमतीलाई घरको खासै जिम्मेवारी नदिएको, कहिलेकाहीँ श्रीमतीसँग कल झगडा पनि हुने गरेको वताए । कामको वारेमा सबै आमालाई नै थाहा हुने भएकाले आमाको भनेको मान्नुपर्ने भनेर वताए । तर यती हुँदा पनि उनीहरुको सम्वन्ध विच्छेद भने भएको छैन । तर सम्वन्धमा यस्तो नराम्रो अवस्था लामो समय सम्म हुँदै गयो भने यसले भविश्यमा अझ नराम्रो हुने सम्भावना देखिन्छ

**बकपत्र ३**

*म अन्नपूर्ण गाउँपालिका ढावामा बस्छु । म अहिले २० वर्षको भएँ । म विवाहित महिला हुँ । म कक्षा ७ सम्म मात्र पढेको हुँ । म अहिले घरमा नै कृषि काम गर्छु । मेरा एक छोरी छे । छोरी नर्सरी कक्षामा पढ्छे । मेरो श्रीमान् सूर्य बहादुर नेपाली रोजगारीको लागि हाल साउदीमा हुनुहुन्छ । उहाँ २४ वर्षको हुनुभयो । उहाँ बिदेशमा गएको ७ वर्ष जति भयो । मेरो सानै उमेरमा विवाह भएको हो । बिदेश गएर २ वर्ष बसेर छुट्टीमा आउँदा विवाह भएको हो । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि उहाँले गाडी चलाउने काम गर्नुहुन्थ्यो रे । उहाँको वारेमा मलाई विवाह हुने समयमा खासै केही थाहा थिएन । बा आमाले रोजेर बिबाह गर्ने भने पछि म मञ्जुर भएकी हुँ । बिदेशमा रोजगारी भएको देखेर विवाह गरिदिनुभएको होला । म सानै भएकाले खासै मलाई बिबाह केटोको बारेमा केही पनि थाहा भएन ।*

*मेरो श्रीमान् विदेशमा जानुपर्नाका कारणहरुमा यहाँ बेरोजगारी भएको कारणले होला । पैसा नपुगेर , खान लाउन नपुगेर , खासै आम्दानीको स्रोत नभएर , बालबच्चाको पालनपोषण , शिक्षा, स्वास्थ्यको साथै परिवारलाई खुशी बनाउन श्रीमान् बिदेश जानु भएको हो जस्तो लाग्छ । आफ्नो देशमा रोजगारी छैन, काम पनि पाइँदैन , पाए पनि कहिलेकाँही मात्र जसले गर्दा अभाव भएहाल्दो रहेछ । बा आमाले पनि विदेशमा गएर पैसा कमाई छोरा पछि दुःख हुन्छ भनेर भन्ने गर्नुहुन्थ्यो ।*

*मेरो र श्रीमान् बिचको सम्वन्ध अहिले ठीकै छ । राम्रो छ भन्न पनि सक्दिन नराम्रो पनि भएको छैन । कहिलेकाहीँ मनमुटाव हुन्छ । विभिन्न समयमा घरायसी कारणले र अनावश्यकरुपमा शंका गर्ने बानीले गर्दा सामान्य भनाभनत भइनै रहन्छ । तर पनि ठूलो झगडा भएको छैन । समचार तथा पत्रपत्रिकामा श्रीमान् श्रीमती विचको नराम्रो सम्बन्ध भएको सुन्नासाथ मलाई फोन गरीहाल्नुहुन्छ, थर्काउनुहुन्छ । मलाई नरमाइलो लाग्छ । मलाई पैसा कहिले पनि पठाउनु हुन्न त्यसले गर्दा पनि म प्रति त्यति बिश्वास भए जस्तो लाग्दैन । आमालाई पैसा पठाउनुहुन्छ । मैले केही आवश्यकता पर्दाखेरी ममीसँग नै माग्ने हो । यसरी माग्दा मलाई धिक्कजस्तो लाग्छ । सासु आमाले जे गर् भन्नुहुन्छ त्यही काम गर्ने हो ।*

*किन हो कुन्नी छुट्टीमा आउँदा पनि सामान्य झगडा  हुन्छ । म प्रतिको सोचाई नराम्रो हो की के हो मैले बुझ्नै सक्दिन । आफ्नो जिन्दगीको साथी भनेर आएँ तर अहिले उसले बिदेश गएर आफूलाई पैसा नपठाउँदा मलाई अचम्म लाग्छ । मैले कमाएको पैसा यसले सक्छेकी भनेर सोच्नुहुन्छकी जस्तो लाग्छ ।*

*मेरो श्रीमान् बैदेशिक रोजगारीमा नगएको भए मेरो बिबाह उहाँ हुन्थ्यो वा हुँदैनथ्यो होला । बिदेशमा भए पनि रोजगारी भएको हुँदा बा आमाले विवाह गरिदिनु भएको हो । यदी बैदेशिक रोजगारीमा नगएको भए अहिले जस्तो राम्रो पक्का पनि हुने थिएन होला । हुनत अहिले पनि सोचे जस्तो राम्रो त छैन । अभावले गर्दा परिवारमा सधैँ झगडा हुन्थ्यो होला जस्तो लाग्छ । हाम्रो सम्वन्धमा झन् नराम्रो हुने थियो होला । अहिले सोच्दा त संबन्ध बिग्रन्थ्यो होला जस्तो लाग्छ । बैदेशिक रोजगारीको कारणले गर्दा हामी दुई बिचको सम्बन्ध भन्दा पनि पारिवारिक संबन्ध राम्रो भएको छ ।*

*घरको व्यवहार सबै आमाले गर्नुहुन्छ । उहाँले आमालाई पैसा पठाउनुहुन्छ । आमाले गर् भनेको काम मैले गर्ने हो । आफ्नै तरीकाले काम गर्न दिँदैनन् । मलाई पैसा नपठाएपछि मैले व्यवहार गर्ने कुरै भएन । मेरो नाममा जग्गा पनि छैन ।*

*पत्रपत्रिका ,टि.भि.मा बैदेशिक रोजगारीमा भएको अवस्थामा श्रीमान् श्रीमतीमा नकरात्मक सम्बन्धको बारेमा आउने समचारहरु सुन्दा नराम्रो लाग्छ । मलाई उहाँलाई जस्ता समचार सुनिएपनि खासै शंका गर्दिन तर उहाँले मलाई अनावश्यकरुपमा शंका गर्नुहुन्छ । म जस्ता सोझी र राम्रै सम्बन्ध भएकालाई पनि डर लाग्छ । टाढा गए पछि शंकाको दृष्टिकोणले हेर्ने बानी हुन्छ । त्यस्मा पनि समचारहरुले त असर पार्ने नै भए । यस्ता समचारहरु सुनेको समयमा फोन गरीहाल्न मन लाग्छ । फोन गर्दा उहाँले उल्टै थर्काउनुहुन्छ । केही घटनाहरु सत्य पनि रहेका  छन् । समय समयमा समाजमा हुने डिभोर्सका घटनाहरुले गर्दा पनि हामी जस्ता सोझा महिलाहरुलाई अप्ठ्यारो परिरहेको छ ।*

यस अध्ययनको क्रममा घरमा रहेका गृहिणी महिलाहरुको वैयक्तिक अध्ययन गर्दा जम्मा उत्तरदातामामध्ये ५ जनाको भने सम्वन्धमा राम्रै देखियो । वैयक्तिक अध्ययन अनुसार सामान्य अवस्थामा असमझदारीका कारण लोग्नेस्वास्नी विचमा हुने झगडा र कहिलेकाहीँ फोनमा सामान्य विवाद हुने वाहेक सबैमा दुई विचको सम्वन्ध राम्रै देखिन्छ । घरको व्यवहारहरु सर सल्लाहमा मिलाएर गरिएको, दुईवटाको सरसल्लाहमा व्यवहार हुने गरेको देखियो । कामको बाँडफाँड भएको, आपसी सर सल्लाहमा व्यवहारहरु हुने गरेको देखियो । समय समयमा फोनमा वार्ता भइ रहने, सामाजिक सञ्जालमा कुराकानी भइरहने साथै उनीहरुले आफ्नो श्रीमान् विदेशमा गएर रोजगारी गरेर पठाएको रकम राम्रो सँग सदुपयोग गरेका, जग्गाहरु किनेका, पैसा पठाएपछि घरको ऋण हटेको, खान लाउनपुगेको, वालवच्चाहरुलाई राम्रो विद्यालयमा पढाउन पाइएको भनाइ राखेका थिए । यस्तै अध्ययन ४ का श्रीमान् हाल घरमा नै आएका हुँदा उनलाई भेटेर र अध्ययन ५ का श्रीमान्लाई फोन गरी सम्वन्धको

**बकपत्र ४**

*म अन्नपूर्ण गाउँपालिका ढावामा बस्छु । म ३५ वर्षको भएँ । मैले पाँच कक्षा सम्म मात्र पढेकी छु । मेरो घरको आर्थिक कारणले गर्दा बा आमाले पढाउन सक्नु भएन । मेरा ३ वटा छोराहरु छन् । ठूलो छोरो ९ मा पढ्छ भने अरु २ वटा ६ र यू.के.जि.मा पढ्छन् । बच्चाहरुलाई निजि विद्यालयमा पढाएकी छु । अहिले घरमा मैले कृषि काम गर्छु । मेरो श्रीमान् अहिले ४० वर्षको हुनुभयो । उहाँ रोजगारीको लागि कतार जानु भएको छ । उहाँ विदेश गएको १६ वर्ष भयो । मेरो उहाँसँग बिबाह म २० वर्षकी हुँदा भएको हो । मेरो बिबाह भएको ४ वर्ष पछि ठूलो छोरो जन्मे पछि उहाँ अब यहाँ बसेर केही गर्न सकिँदैन भनेर कतार जानुभएको हो । मेरो बिबाह गर्दा इन्डियाको लाहुरे हो भनेर भएको हो तर उहाँ भारतमा केही समय काम गर्न जानु भएको रहेछ । मेरो श्रीमान् विदेशमा जानुपर्नाका कारणहरुमा यहाँ काम नपाएर ,नेपालमा कलकारखाना छैनन् । काम गर्छु भने पनि पाईंदैन त्यसैले बिदेश जाने सोच गर्नु भएको हो । म विदेश गएर केही त गर्नु पर्छ भनेर हो । बेरोजगारी भएको कारणले होला । आर्थिक अवस्था कमजोर भएर, गरिब भएर , धेरै पढ्न नसकेर , बालबच्चाको पालनपोषण , शिक्षा , स्वास्थ्यको साथै परिवारको खुशीको लागि श्रीमान् बिदेश जानु भएको हो । सधैं म सँग साथी भाईहरु ठाउँ ठाउँमा गएर पैसा कमाए म यहाँ हल्लनदास भएँ भन्नुहुन्थ्यो । समाजमा आफ्नो इज्जत जोगाउन पनि पैसा चाहिँदो रहेछ त्यसैले पनि उहाँ विदेश जान बाध्य हुनुभएको हो । विगतको केही काम नपाउँदा, आम्दानी नहुँदाको पिडा सम्झेर पनि विदेश जानुभएको हो । हाम्रो संबन्ध हाल सम्म खासै बिग्रिएको छैन । राम्रै भएको छ । बेला बेलामा फोन हुन्छ । उहाँ १/१ वर्षमा घरमा विदामा आउनुहुन्छ । समचार तथा पत्रपत्रिकामा श्रीमान् श्रीमती विचको नराम्रो सम्बन्ध भएको सुन्नासाथ मलाई फोन गरीहाल्नुहुन्छ । पैसा समय समयमा पठाउनु हुन्छ । कमाएको सबै रकम पठाएको जस्तो लाग्छ । वुटवलमा भएका २ वटा घडेरी पनि मेरो नाममा पास गरेकी छु। उहाँलाई मेरो नाममा जग्गा हुँदा तपाइँलाई अप्ठ्यारो लागेको छ की भन्दा ठीकै छ । विचमा वेच्नुपर्दा काम हुन्छ । जसको नाममा भएपनि के भयो र भन्नुहुन्छ । घरको व्यवहार मैले गरीराखेको छु । घर राम्रै वनाएका छौं । घरको व्यवहार म आफैले गर्दछु । फोनमा कामको दुखको वारेमा सुनाउनुहुन्छ । यस्तो सुन्दात यहीँ सँगै बस्न पाए हुन्थ्यो भन्ने जस्तो लाग्छ । तर बाध्यता रहेको छ । बिदेश नगइकन खान पुग्दैन । छोराछोरीलाई पढाउन सकिँदैन ।*

*मेरो बिबाह हुँदा उहाँ विदेश जानु भएको थिएन । इन्डयामा जानु भएको रहेछ । मलाई इनडियाको लाहुरे हो भनेर विवाह भएको हो । हाम्रो आम्दानीको स्रोत केही पनि थिएन । माइती भाइले मलाई पैसा पठाइदिन्थ्यो । सधैं पठाउँदा अप्ठ्यारो हुन्छ भनेर उहाँले नमाग भन्नुहुन्थ्यो । सानो रकम पनि बा आमा सँग मागेर चलाउनुपर्दा नरमाइलो लाग्थ्यो । पैसाको अभावमा कहिलेकाहीँ त सामान्य टिका किन्ने पैसा समेत हुँदैनथ्यो । सामान्य खर्च चलाउन पनि गाह्रो हुन्थ्यो । उहाँ सँग पैसानै हुँदैनथ्यो मागेर मात्र के गर्नु जस्तो लाग्थ्यो । मेरो श्रीमानले बा सँग बेलेड किन्ने पैसा माग्दा कस्तो नराम्रो शब्द भन्नुभएको थियो त्यो मैले अहिले पनि सम्झीरहेको छु । यस वाट पनि हाम्रो प्रगति भएको हुन सक्छ । माइतीबाट मागेर केही व्यवहार र वडापडी चलाउनेबाहेक अरु विकल्प हामीमा थिएन । यसले गर्दा कहिलेकाहीँ त हाम्रो विवाह भएको चाँडै नै सम्वन्धमा केही हुने हो की भन्ने डर लाग्थ्यो । अहिले सबै राम्रो छ । घर व्यवहार राम्रोसँग चलिरहेको छ । समय समयमा पैसा पठाउनु हुन्छ । सर सल्लाह अनुसार नै व्यवहार गरेका छौं । दाम्पत्य जिवन पनि राम्रै भए जस्तो लाग्छ । छोराहरु भएका छन् । उनीहरु खुशी नै छन् । निजि विद्यालयमा पढाएका छौं । मेरो श्रीमान् कतारमा भए पनि हामी दुई बिचमा घरायसी व्यवहारहरुमा सर सल्लाह हुन्छ । उहाँले दुःख गरेर पैसा पठाउनुहुन्छ । घरको व्यवहार सबै म आफूले नै चलाउँछु । उहाँसँग सरसल्लाह त हुने नै भयो । मैले नढाँटीकन व्यवहार गर्छु । आफ्नो व्यवहारको वारेमा उहाँलाई वताउने गर्छु । वाल वच्चाको पालनपोषण मैले गरिरहेको छु। शिक्षा , विरामी पर्दा तथा अन्य अवस्थामा रेखदेख मैले गरीरहेको छु । सामाजिक क्रियाकलापमा , केही काम पर्दा इष्टमित्रकोमा पनि म जान्छु। स साना व्यवहारीक समस्याहरु म आफै सल्टाउँछु भने जटिल र महत्वपूर्ण निर्णयहरु गर्नुपर्दा बा आमा लगायत श्रीमान्सँग पनि सर सल्लाह गरेर गर्छु । बा ,आमा ,छोरी बिरामी हुँदा पनि मैले उपचार गर्न लैजान्छु ।*

*विभिन्न समयमा पत्रपत्रिकाका साथै टि.भि.मा बैदेशिक रोजगारीमा भएको अवस्थामा श्रीमान् श्रीमतीमा नकरात्मक सम्बन्धको बारेमा आउने समचारहरु सुन्दा हामी जस्ता साथै समाजलाई नै असर परेको छ । नराम्रो अनुभव हुन्छ । संबन्धमा प्रभाव परिरहेको छ जस्तो लाग्छ । विदेशमा पुरुषहरुले कति दुःख गरेर कमाउँछन् यहाँ जथाभाविरुपमा खर्च गर्दा, त्यसको टुङ्गो नलाग्दा सबैलाई रिस उठ्ने नै भयो । यसो हुँदै जाँदा शंका र अविश्वास वढ्दै जान्छ र सम्वन्ध विच्छेद समेत हुन पुग्छ । केही महिला दिदी बहिनीहरु इस्तो कार्यमा लागेका पनि छन् । तर हामी दुई विचमा यस्ता कुराहरुमा शंका र अविश्वास हाल सम्म भएको छैन । समचारहरु सुन्दा केही हुने हो की भन्ने डर त लाग्ने नै रहेछ ।*

वारेमा सोध्दा दुवै जनाले हामीले कमाएको रकम सबै श्रीमतीको नाममा पठाउँछौं । घरको व्यवहार सबै श्रीमतीले नै गर्छन् । आपसी समभ्रूदारीमा काम हुने गरेको छ । फोनमा गफ भइरहन्छ । सम्वन्ध राम्रै रहेको छ भनेर वताएका छन् । यसवाट पनि उनीहरुविचको सम्वन्ध राम्रै भएको देखिन्छ ।

सोधकार्यको अध्ययनको क्रममा बैदेशिक रोजगारवाट छुट्टिमा आएका ६ जना पुरुष छनौट भएका मध्ये ४ जनाले श्रीमती सँग सम्वन्ध राम्रै रहेको वताएका छन् भने २ जनाको बैदेशिक रोजगारीको कारणले गर्दा नै सम्वन्ध विच्छेद भएको देखियो । ४ जनाका श्रीमतीहरुले पनि श्रीमान्सँग आफूहरुको सम्वन्ध राम्रै रहेको वताए भने सम्वन्ध विच्छेद भएका एक जनाकी श्रीमतीले दुवैको गल्तीको कारणले सम्वन्ध विच्छेद भएको वताएकी छन् भने अर्कीको मृत्यू भइ सकेको हुँदा नजिकका छिमेकीहरु सँग बुभ्रूदा श्रीमतीको कारणले  नै सम्वन्ध विच्छेद भएको हो भनेर वताएका छन् ।

वैयक्तिक अध्ययन अनुसार उत्तरदाताले आफ्नो श्रीमतीसंग सम्वन्ध राम्रै रहेको वताए । हामीले त विदेशमा गएर पैसा कमाएर पठाउने हो घरको व्यवहार, वच्चाहरुको शिक्षा, पालनपोषण सबै श्रीमतीवाट नै हुन्छ, एकले

***बकपत्र ५***

*म अन्नपूर्ण गाउँपालिका जामुनेमा बस्छु । म अहिले २९ वर्षकी भएँ । म विवाहित महिला हुँ । मैले स्नातक तह सम्म अध्ययन गरेकी छु । मेरो श्रीमानले प्रमाण पत्र तह सम्म अध्ययन गर्नु भएको छ । मैले घरवाट आधा घण्टा हिँडेर जाने ज्ञानोदय आधारभूत विद्यालयमा बाल विकास केन्द्रमा पढाउँछु । मेरा एक छोरा र एक छोरी छन् । छोरा छोरीलाई बोर्डिङ्ग स्कूलमा पढाएकी छु । छोरा पाँच कक्षामा र छोरी एक कक्षामा पढ्छन् । मेरो श्रीमान् खुम प्रसाद देबकोटा रोजगारीको लागि हाल कतारमा हुनुहुन्छ । उहाँ बिदेशमा गएको १३ वर्ष जति भयो । म २४ वर्षको हुँदा उहाँ सँग मेरो विवाह भएको हो । बिबाह गरेको २ वर्ष पछि उहाँ रोजगारीको लागि विदेशमा जानु भएको हो । उहाँको वारेमा मलाई विवाह हुने समयमा खासै केही थाहा थिएन । बा आमाले रोजेर बिबाह गर्ने भने पछि मैले बिबाह गर्ने निर्णय गरेकी हुँ । राम्रो खानदानको केटो हो गरेर खान्छ भनेर आमाले भन्नुभयो र विवाह गरिदिनुभयो । मेरो श्रीमान् विदेशमा जानुपर्नाका कारणहरुमा यहाँ बेरोजगारी भएको कारणले होला । पढेर पनि नेपालमा काम नपाउने परिस्थितिले गर्दा मेरो श्रीमान् कतार जाने निर्णय गर्नु भएको हो । शुरुमा त काम पाए त नेपालमा नै बसेर, संगै बसेर काम गर्न पाए हुन्थ्यो भन्नुहुन्थ्यो । घरमा आम्दानीका स्रोतहरु नभएर  , बालबच्चाको पालनपोषण , शिक्षा , स्वास्थ्यको साथै परिवारलाई खुशी बनाउन श्रीमान् बिदेश जानु भएको हो जस्तो लाग्छ । श्रीमान् कतार जानुमा पारिवारीक बाध्यताहरु पनि छन्। आफ्नो देशमा रोजगारी छैन, काम पनि पाइँदैन , पाए पनि कहिलेकाँही मात्र जसले गर्दा फाल्तुबस्दा खान पनि अभाव हुने कारणले पनि श्रीमान् विदेश जानुभएको हो । वरीपरी टोलका , छर छिमेकका बिदेशमा गएर पैसा पठाएको देखेर पनि विदेश जाने इच्छा गर्नु भएको हो । मेरो र श्रीमान् बिचको सम्वन्ध विदेश नजाँदा पनि राम्रै रहेको थियो । अहिले पनि हाम्रो सम्बन्ध राम्रै छ । कहिलेकाहीँ घरायसी कारणले विवाद हुन्छ तर त्यसले हाम्रो सम्बन्धमा कुनै असर पारेको छैन । मनमुटाव हुन्छ । विभिन्न समयमा घरायसी कारणले र अनावश्यकरुपमा शंका गर्ने बानीले गर्दा सामान्य भनाभनत भइनै रहन्छ । तर पनि ठूलो भ्रूगडा भएको छैन । समचार तथा पत्रपत्रिकामा श्रीमान् श्रीमती विचको नराम्रो सम्बन्ध भएको सुन्नासाथ मलाई फोन गरीहाल्नुहुन्छ राम्रैसँग फोनमा कुरा गर्छु । कहिलेकाहीँ पैसा कति छ ,कहाँ कहाँ खर्च भयो भनेर पनि सोध्नु हुन्छ । कहिले काहीँ पैसा ढिलो पठाउनुहुन्छ । यस्ले गर्दा समस्या हुन्छ तर पनि व्यवहार मिलाउँदै आइरहेको छु । घरको व्यवहार म आँफैले गर्दछु । उहाँले पैसा कमाएर पठाउनुहुन्छ । मैले यहाँ सबै घरको व्यवहार चलाएको छु। छोरा छोरीको पालनपोषण, कपडा, शिक्षामा मैले विशेष ध्यान दिन्छु किनभने बच्चाहरुकै खुशीको लागि श्रीमान् कतारमा गएर काम गर्नु भएको छ । समय समयमा फोन गर्नुहुन्छ । जे होस् अहिले सम्म हामी श्रीमान् श्रीमती बिचको बैबाहिक सम्वन्ध राम्रै रहेको छ ।मेरो श्रीमान् बैदेशिक रोजगारीमा नगएको भए अहिले जस्तो राम्रो पक्का पनि हुने थिएन होला । अभावले गर्दा घरमा सधैं भ्रूगडा हुन्थ्यो होला जस्तो लाग्छ । हाम्रो सम्वन्धमा नराम्रो हुने थियो होला । त्यसैले बैदेशिक रोजगारीको कारणले गर्दा हामी दुई बिचको सम्बन्ध राम्रो भएको छ जस्तो लाग्छ । मेरो श्रीमान् कतारमा भए पनि हामी बिचमा सर सल्लाहमा आ आफ्ना जिम्मेवारीहरु बहन गरीरहेका छौं । उहाँले दुख गरेर पैसा पठाउनुहुन्छ । मैले घरको व्यवहार चलाउँछु । स साना व्यवहारीक समस्याहरु म आफै सल्टाउँछु भने जटिल र महत्वपूर्ण निर्णयहरु गर्नुपर्दा श्रीमान्सँग सर सल्लाह गरेर गर्छु । छोरा छोरीको पालन पोषण , शिक्षा आदिमा प्रत्यक्षरुपमा मेरो सहभागिता रहन्छ किनभने उहाँ विदेशमा हुनुहुन्छ । सम्बन्ध राम्रै भएर तथा कामको बाँडफाँड मिलेर नै होला अहिले ढलान घर किनेका छौं । उहाँ बिदेशमा हुनुभएकाले सामाजिक कामहरुमा प्राय म जाने गर्छु साथै आमा समूहहरुको कार्यक्रममा पनि मैले भाग लिने गर्छु । विभिन्न समयमा पत्रपत्रिकाका साथै टि.भि.मा बैदेशिक रोजगारीमा भएको अवस्थामा श्रीमान् श्रीमतीमा नकरात्मक सम्बन्धको बारेमा आउने समचारहरु सुन्दा हामी जस्ता साथै समाजलाई नै असर परेको छ । कहिले केटाहरुको नराम्रो हल्ला आउँछ भने कहिले केटीको नराम्रो हल्ला   आउँछ । यस्ता समचारहरु आउनुमा श्रीमान् श्रीमती दुबैको उत्तिकै दोष छ । बिदेशमा श्रीमान्ले दुख गरेर पैसा कमाउने तर यहाँ श्रीमतीहरुले सित्तैमा पैसा खर्च गर्ने , अनावश्यक काममा पैसा खर्च गर्ने जस्ता समचार आउँदा मन चसक्क हुन्छ । कतै मलाई पनि समाजले शंकाको दृष्टिकोणले हेरेको छ की जस्तो लाग्छ । कहिलेकाहीँ डर लाग्छ ।केही महिलाहरुले आफूलाई सम्हाल्न नसक्दा हामी जस्ता धेरै महिलाहरुलाई असर परिरहेको छ । कसैको सम्बन्ध बिग्रिएको समचार सुन्दा मेरो पनि यस्तै हुने हो की भन्ने सोच्छु । म जस्ता सोभ्री र राम्रै सम्बन्ध भएकालाई पनि डर लाग्छ ।धेरै समयसम्म श्रीमान् श्रीमती टाढा भएपछि पछि शंकाको दृष्टिकोणले हेर्ने बानी हुन्छ । त्यस्मा पनि समचारहरुले त असर पार्ने नै भए । यस्ता समचारहरु सुनेको समयमा फोन गरीहाल्न मन लाग्छ । केही घटनाहरु सत्य पनि रहेका छन् । समय समयमा समाजमा हुने डिभोर्सका घटनाहरुले गर्दा पनि घरमा बस्ने महिलाहरुलाई अप्ठ्यारो परिरहेको छ । यस्ता घटनाहरु घटिरहेका पनि छन् ।*

अर्कोलाई विश्वास गर्नुपर्छ, भनी वताएका छन् । समय समयमा श्रीमतीसँग फोनमा गफ भइरहन्छ, घरको अवस्था, वाल वच्चाहरुको अवस्था, घर व्यवहार आदिको वारेमा श्रीमतीसँग टाढा भएपनि फोनमा सर सल्लाह हुन्छ भनेर भनेका छन् । उनले बैदेशिक रोजगारीमा गएर पैसा कमाए पछि न्यूनतम आवश्यकताहरु पूरा भएका कारणले पनि सबै खुशी रहेको वताएका छन् । हामीहरु विच एक आपसमा हालसम्म विश्वास रहेको, अनावश्यक रुपमा शंकाले हेर्ने नगरिएको, छोरा छोरी सबै खुशी नै रहेका छन् भनेर वताएका छन् । त्यस्तै वैयक्तिक अध्ययन ६ की श्रीमतीसँग दाम्पत्य सम्वन्धको वारेमा जिज्ञासा राख्दा उनले श्रीमानले पैसा पठाउनु हुन्छ । मैले घर व्यवहार चलाउँछु, वालवच्चाहरुको पालनपोषण गर्छु, श्रीमान् सँग प्राय फोनमा गफ भइरहेको हुन्छ भनेर वताएकी थिइन् । त्यस्तै उनले श्रीमान वैदेशिक रोजगारीमा गएपछि घरमा पैसाको खासै अभाव नभएको, ऋण पनि नरहेको हुँदा सबै खुशी नै छौं भनेर वताएकी थिइन् । यसवाट उनीहरुको सम्वन्ध राम्रै भएको देखिन्छ । यस्तै प्रकारको सम्वन्ध अन्य तीन जनाको रहेको देखिन्छ ।

**बकपत्र ६**

*म अन्नपूर्ण गाउँपालिका वडा नं ६ मा बस्छु । म ४२ वर्षको भएँ । मैले एस.एल्.सी. सम्म अध्ययन गरेको छु । म बैदेशिक रोजगारीको लागि कतारमा गएर काम गर्छु । म अहिले २ महिनाको छुट्टीमा घरमा आएको हुँ । मेरी एक श्रीमती छन् । उनी ३५ वर्षकी भइन् । मेरी श्रीमती १० कक्षासम्म अध्यया गरेकी छन् । मेरी छोरी नौ र छोरो कक्षा ४ मा पढ्छन् । उनीहरु नजिकैको वोर्डिङ्ग स्कूलमा अध्ययन गर्छन् । मेरा एक छोरा एक छोरी छन् । उनीहरु क्रमश १५ र १२ वर्षका छन् । बैदेशिक रोजगारीको लागि वाहिर गएको १६ वर्ष जति भयो ।शुरुमा २ वर्ष कतारमा, २ वर्ष यु.ए.ई.मा र हाल ४ वर्ष जति भयो फेरी कतारमा नै रोजगारीको लागि गएको छु । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि मैले निजि विद्यालयमा शिक्षण पेशामा अवद्ध थिएँ । मेरो बैदेशिक रोजगारीमा नजाँदै बिबाह भएको हो । म विदेशमा जान पर्नाका कारणहरु त धेरै छन् । मुख्य गरेर बेरोजगारी, पैसा नपुगेर , खान लाउन नपुगेर, खासै आम्दानीको स्रोत नभएर, बालबच्चाको पालनपोषण, शिक्षा, स्वास्थ्यको साथै परिवारलाई खुशी वानाउनको लगि । आफ्नो देशमा रोजगारी छैन, काम पनि पाइँदैन, काम पाए पनि कहिलेकाँही मात्र जसले गर्दा अभाव भएहाल्दो रहेछ । निजि विद्यालयमा शिक्षण पेशावाट भएको आम्दानीले त आफ्नो पकेट खर्च नपुग्ने परिवारको आवश्यकता पुरा गर्ने त कता हो कता । जमाना महंगो भयो । आधुकिताले सबैलाई छोयो त्यसैले नपुग्दो रहेछ । मेरो र श्रीमती बिचको सम्वन्ध अहिले सम्म राम्रै रहेको छ । पहिला र अहिलेमा कुनै अन्तर नरहेको । आर्थिक अवस्था सुधार भएकाले सम्वन्ध थप सुमधुर भएको अनुभव भएको छ । म बैदेशिक रोजगारीका गएर पैसा कमाएकोले परिवारका र श्रीमतीको न्यूनतम आवश्यकता पूरा गर्न सकिएकाले होला सम्वन्ध राम्रै भए जस्तो लाग्छ । छोरा छोरी समेत खुशी नै देखिन्छन् । छोरा छोरी भएको कारणले गर्दा पनि मैले खासै उनलाई शंका गर्दिन । उनले पनि तपाईप्रति म शंका गर्दिन भन्छिन् । कहिलेकाहीँ सामान्य व्यहारमा दुईटाको कुरा नमिल्दा भनाभन त भइहाल्छ । तर त्यसले हाम्रो सम्बन्धमा खासै असर पारेको छैन । म बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि र हालमा सम्वन्धमा खासै फरक देखिएको जस्तोता लाग्दैन । बैदेशिक रोजगारीमा गए पछि यहाँको भन्दा वढी पैसा कमाइने भएकाले केही सुखका साधनहरु खरिद गर्न सकिएकाले सम्वन्धमा पनि सुधार भएको छ । परिवारसँग खासै धेरै समय दिन नसकिएको हुँदा त्यसमा गुनासो त हुने नै भयो । परिवारको सुख तथा व्यवस्थापन सबै आर्थिकसँग जोडिएको हुन्छ । आर्थिक अवस्था राम्रो भएपछि सम्वन्ध पनि राम्रै हुँदो रहेछ । एकले अर्कोलाई विश्वास गरिएको हुँदा सम्वन्ध राम्रो रहेको छ । हुनत विदेश नगएको भए अभावले गर्दा सम्वन्धमा अलि नराम्रो हुन पनि सक्थ्यो होला । हामी २ बिचमा कसैले चाहेर वा नचाहेर भए पनि कामको बाँडफाँड भएकै हुन्छ । श्रीमानले विदेशमा गएर आर्थिक उपार्जन गर्नुपर्छ भने श्रीमतीले घरमा त्यसको रेखदेख तथा कृषि क्षेत्रमा गरिने कामले थप आम्दानीमा वृद्धि भएको छ । श्रीमतीले घरको काम, व्यवहारको साथै कृषि काम पनि गर्छिन् । कृषिवाट उनले पनि आम्दानी गर्छिन् । मेहनत गर्छिन । भएको जग्गामा खेती लाउने काम पनि उनले नै मिलाएर गरेकी छन् । मैले त कमाएको पैसा पठाउँछु । त्यसलाई उनले व्यवस्थापन गर्छिन् ।  पत्रपत्रिका, टि.भि.मा बैदेशिक रोजगारीमा भएको अवस्थामा श्रीमान् श्रीमतीमा नकरात्मक सम्बन्धको बारेमा आउने समचारहरु सुन्दा नराम्रो लाग्छ । कहिले काहीँ शंका नलाग्ने पनि  होइन । तर त्यसलाई आपसी विश्वासले समधान गर्ने गरिएको छ । मिडियाहरुमा सकरात्मक भन्दा नकरात्मक कुराहरुमा मसला जोड्ने गर्छन् जुन राम्रो होइन । मिडियाहरुले सकरात्मक कुराहरु खासै गर्दैनन् किनहो अचम्म लाग्छ । सामाजिक सञ्जालहरुमा हुने विकृतिले गर्दा पनि श्रीमान् श्रीमतीको सम्वन्धमा असर परेको छ जस्तो लाग्छ ।*

अध्ययन क्षेत्रमा छनौट भएका २ जनाले बैदेशिक रोजगारीकै कारण आफ्नो श्रीमती सँग सम्वन्ध विग्रिएर सम्वन्ध विच्छेद भएको वताए । सम्वन्ध विच्छेद हुनेमा एक जना राई र एक जना ब्राहमण जातका रहेका छन् । हाल एक जनाले अर्कै श्रीमती विवाह गरीसकेका छन् भने अर्काको दोस्रो विवाह भएको छैन । दुवै जनाका पहिलेकी श्रीमतीवाट वच्चाहरु भएका र हाल वाल वच्चाहरुको पालन पोषण उनीहरुले नै गरिरहेका छन् ।

अध्ययन ७ का  अनुसार आफ्नी श्रीमतीको अहिले मृत्यूभएको तथा अध्ययन ८ का अनुसार पहिलेकी श्रीमती अर्केसँग विवाह भएको छ भनेर वताएका छन् ।

वैयक्तिक अध्ययन अनुसार २ जनाले बैदेशिक रोजगारीकै कारण आफ्नो श्रीमती सँग सम्वन्ध विग्रिएर सम्वन्ध विच्छेद भएको वताए । सम्वन्ध विच्छेद हुनेमा एक जना राई र एक जना ब्राहमण जातका रहेका छन् । उनीहरुका अनुसार बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि श्रीमतीसँग सम्वन्ध राम्रो रहेको, आफूहरुले पैसा कमाएर पठाउने र घरको व्यवहार सबै श्रीमतीलाई नै जिम्मा दिइएको र उनीहरुले पनि घरको व्यवहार गरीरहेका थिए । आफूहरुको सहमतिमा नै वालवच्चाहरु पनि भएका तथा एक दुई छुट्टिमा आउँदा सम्म सम्वन्ध राम्रै रहेको थियो । विस्तारै बिदेशमा हुँदा नै शंकाहरु बढे, घरको व्यवहार पनि बिग्रिए जस्तो लाग्यो, श्रीमतीसँग अविश्वास वढ्दै गयो, विस्तारै फोनमा झगडा हुन थाल्यो, समाजमा नराम्रा हल्लाहरु सुनिन थालियो । अर्कै केटाहरुसँग हिँडेको हल्लाहरु सुनिन थाले । बा आमाले पनि समाजमा धेरै नराम्रा हल्ला आउन थाले के हो यस्तो भनेर सोध्न थाल्नुभयो । यसै सिलसिलामा हाम्रो सधैंको लागि सम्वन्ध विच्छेद भयो । अझ वैयक्तिक अध्ययन ७ का अनुसार उनकी श्रीमतीले आफूलाई छोडेर अर्कै केटा सँग गइन् र त्यहाँ पनि उनले आत्महत्या गरेको भनी वताए ।  वैयक्तिक अध्ययन ७ की श्रीमतीको हाल मृत्यू भइसकेको छ । उनका घर छेउका छिमेकीहरु सँग उनीहरुको सम्वन्धको वारेमा

**बकपत्र ७**

*म अन्नपूर्ण गाउँपालिका वडा नं ६ ढावामा बस्छु । म साक्षर मात्र हुँ । म बैदेशिक रोजगारीको लागि कतारमा गएर काम गर्छु । म अहिले छुट्टीमा घरमा आएको हुँ । हाल मेरो घरमा बा, आमा , भाई एक छोरी र २ छोराहरु छन् । भाई अविवाहित हो । मेरो १६ वर्षको उमेरमा बिबाह भएको हो । मेरी श्रीमती अहिले म सँग छैनन् । छोरा छोरीहरु सरकारी स्कूलमा अध्ययन गर्छन् । छोरा छोरीलाई मैले नै पालनपोषण गरेको छु । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि म गाडी चलाउने काम गर्थें । म बैदेशिक रोजगारीमा नजाँदै उनी सँग प्रेम बिबाह भएको हो । १६ वर्षको उमेरमा उनी सँग मेरो बिबाह भएको हो । म १६ वर्ष र उनी १५ वर्ष हुँदा हाम्रो प्रेम बिबाह भएको हो । सानै उमेरमा बिबाह भएकाले हामीमा त्यती व्यवहारिकता थिएन। म स्कूल छोडी ट्याक्टर चलाउँथे भने वुढीले स्कूल छोडी घरमा नै वस्ने कहिलेकाहीँ उनले ज्याला मजदुरको काम गर्छिन् । म विदेशमा जान पर्नाका कारणहरु त धेरै छन् । मुख्य गरेर बेरोजगारी समस्या भएर , पैसा नपुगेर , खान लाउन नपुगेर नै हो । घर खर्च संचालन गर्न , छोरा छोरी पढाउन , बा आमा तथा परिवारलाई पाल्न , बस्ने छाप्रो निर्माण गर्न म विदेश गएको हुँ । दिनदिनै कमाउँदा मासिने पैसा नदेखिने हुनाले एकमुष्ठ हुँदा केही बचत हुन्छ की भनेर म बिदेश गएको हुँ । विदेश जानुभन्दा अगाडि बिबाह गरेको आठ, दश वर्ष सम्म हाम्रो सम्वन्ध राम्रै थियो । ज्याला मजदुरीको काम पनि सर सल्लाह गरेर हुन्थ्यो । वच्चा भएपछि समस्या आयो अनि केही झगडा हुन थाल्यो । हामी दुवै जनाको रक्सी खाने वानीको शुरु भयो । कहिले झगडा हुने फेरी मिल्ने यस्तै हुँदै गयो । सामान्य अवस्थामा हाम्रो जिविका चल्दै गयो । यत्तिकैमा म बैदेशिक रोजगारीको लागि कतारमा गएँ । म विदेशमा गएपछि वुढी वढी स्वन्त्र भई र बा आमासँग निस्की एक्लै बस्न थाली । बिदेशवाट मैले मैले पैसा पठाउँदा खुशी हुने कहिलेकाहीँ पैसा नहुँदा वा पठाउन नसक्दा फोनमा झगडा गर्ने यस्तै यस्तै हुन थाल्यो । हुँदा हुँदा त उनी अर्कै केटा सँग पल्किएकी रहछिन् । त्यो थाहा भएर हामी विचमा झन कल झगडा हुन थाल्यो र अन्त्यमा हाम्रो सम्वन्ध बिग्रियो उ पोइला गई । अहिले भने ऊ आत्म हत्या गरेर मरी सकी यसरी हाम्रो सम्वन्धमा तुषारो लाग्यो । उनले म प्रति वेइमान् गरिन् । छोरा छोरीको पनि माया नलाग्ने कस्ता निष्ठुरी हुँदा रहेछन् । म बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि हाम्रो सम्बन्ध ठिकै थियो । विदेशमा गएर एकपटक आउँदा पनि सम्वन्ध राम्रै थियो । तर दोस्रो पटक जाँदा मेरी वुढीले मलाई छोडी पोइला गई । अर्को सँग गएर पनि उसको राम्रो भएन । म सँगै हुँदा पनि एक दुई पटक मर्ने प्रयास गर्थी तर मैले वचाएँ । उ पोइला गई र त्यहाँ त्यसले आत्महत्या गरेर आफ्नो ज्यान फलिछ । यो सुनेर मलाई कति नरमाइलो लाग्यो कति । के गर्ने जसो भए पनि सहन पर्ने रहेछ । यसरी बैदेशिक रोजगारीको कारणले गर्दा नै हाम्रो सम्वन्ध बिग्रन गयो । कमाएको पनि सबै सकियो । यदि म विदेश नगएको भए वुढीसँग सम्वन्ध यसरी बिग्रने थिएनकी जस्तो लाग्छ । हाम्रो संबन्ध राम्रो हुँदा मैले विदेशमा गएर पैसा कमाउथैं पठाउँथैं । श्रीमतीले घरमा खाना पकाउने , छोरा छोरी पालने गर्थि । छोराछोरीलाई विद्यालय पठाउने यस्तै यस्तै काम गर्थी । घरको काम पनि उसले गर्थी । पत्रपत्रिका, टि.भि.मा बैदेशिक रोजगारीमा भएको अवस्थामा श्रीमान् श्रीमतीमा नकरात्मक सम्बन्धको बारेमा आउने समचारहरु सुन्दा नराम्रो लाग्छ । कहिले काहीँ शंका नलाग्ने पनि  होइन । धेरैलाई शंका हुन्छ । धेरैमा समस्या देखिन्छ । धनजनको क्षति भएको छ । एकले गर्दा यसले धेरैलाई असरपरेको छ ।*

बुझ्दा: *महिला अलि बाठी थिई । श्रीमान् भन्दा टाँठी पनि थिई । अर्कै केटासँग हिँड्छे भन्ने हल्ला सुनिन्थ्यो । हुँदा हुँदै पोइला गई भन्ने हल्ला आयो । यो बेलामा श्रीमान् विदेशमा नै थियो । श्रीमतीको कारणले नै यिनीहरुको सम्वन्ध विच्छेद भएको हो भनेर वताए । साथै यौन सन्तुलन हुन नसक्दा यो अर्कै केटासँग पोइला गएकी हो भनेर पनि वताए ।* यसरी वैदेशिक रोजगारीमा गएको कारणले गर्दा उनीहरुको सम्वन्ध विच्छेद भएको देखिन्छ । त्यस्तै वैयक्तिक अध्ययन ८ की श्रीमतीलाई सम्पर्क गरी उनीहरुको सम्वन्ध र सम्वन्ध विच्छेदका वारेका जिज्ञासा राख्दा *विवाह हुने वेला देखि २ वटा वच्चा जन्माउने समय सम्म हाम्रो सम्वन्ध राम्रै थियो । अकस्मात् सम्वन्ध विग्रँदै गयो । सम्वन्ध विग्रनुमा हामी दुवैको गल्ती छ । म जागिरको सिलसिलामा कहिलेकाहीँ तालिममा जाँदा शंका गरीहाल्ने र फोन गरेर थर्काइहाल्ने । दिन प्रतिदिन झगडा हुन शुरु भयो । यस्तो हुँदा हुँदै मेरो पनि अर्कै केटासँग माया बस्यो र ऊ आए पछि हाम्रो सम्वन्ध विच्छेद भएको हो । उहाँ वैदेशिक रोजगारीमा नगएको भए सम्भवत हाम्रो सम्वन्ध विग्रने थिएन होला भनेर वताइन्* । यसले गर्दा वैदेशिक रोजगारीका गएको समयमा यौन सन्तुलन हुन नसक्नु र एकले अर्कोलाई विश्वास गर्नु नसक्नुको कारणले गर्दा उनीहरुको सम्वन्ध विच्छेद भएको देखिएको छ ।

**बकपत्र ८**

*म अन्नपूर्ण गाउँपालिका वडा नं ६ काउरोटमा बस्छु । म रोजगारीको लागि कतारमा गएर आएको हुँ । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि मैले कृषि पेशा गर्थें । मैले एस.एल.सी. सम्म पढेको छु । म अहिले ३५ वर्षको भएँ । म विदेश गएको १२ वर्ष जति भयो । मेरा २ वटा छोरी र १ छोरा छन् । छोरो सात कक्षामा पढ्छ भने छोरीहरु छ कक्षा र शिशुमा पढ्छन् । अहिले जेठी श्रीमती छन् । उनी संग मैले विाह गरेको ४ वर्ष भयो । पहिलो बिबाह गरेको १३ वर्ष पछि दोस्रो बिबाह गर्न म बाध्य भएँ । कान्छी श्रीमतीसँग संबन्ध बिच्छेद भएको ५ वर्ष जति भयो । म २२ वर्षको हुँदा कान्छी श्रीमती सँग बिबाह गरेको हुँ । उनीसँग बिबाह गरेको १५ दिन पछि म विदेश गएको हुँ । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै मेरो पहिलो बिबाह भएको हो । बा आमा पनि हुनुहुन्छ । उहाँहरु अलिमाथि गामामा बस्नुभएको छ । पहिलेकी श्रीमतीको कुन्नी कुन केटा सँग हो विवाह भएको छ भन्ने सुनेको छु ।म बैदेशिक रोजगारमा जानुपर्नाका कारणहरुमा घरको समस्या , गरिबि , आर्थिक अवस्थामा कमी , नपुग हुने , नियमित काम नपाइने आदि रहेका छन् । त्यस्तै धेरै पढ्न सकिएन र राम्रो काम नेपालमा पाइएन । यहाँ जति काम गरे पनि पुग्दै नपुग्ने , अभाव मात्र हुने । नेपालमा उद्योगहरु छैनन् , कृषि पेशा गरेर खान पुग्दैन । जग्गा पनि धेरै छैन । भएको पनि पाखोमात्र छ । त्यसैले जिपिकोपार्जनको लागि पनि म बिदेश गएको हुँ । म विदेशमा भए पनि हाम्रो संबन्ध सात आठ वर्ष सम्म राम्रै रह्यो । मैले उनलाई बिश्वास गर्थे र उनले पनि मलाई बिश्वास गर्थिन । उनी तिर मेरा एक छोरा र एक छोरी छन् । छोरा छोरी पनि खुशी साथ रहेका थिए । उनी खुशीनै भएजस्तो लाग्थ्यो । तर उनी र ममा अकास्मात् संबन्ध बिग्रन गयो । विदेशमा हुँदाखेरी नै हाम्रो संबन्धमा अविश्वास पैदा भयो । हल्लाहरु बढी सुनिन थाले । आज पनि नराम्रो सुनिन्छ , भोली पनि नराम्रो सुनिन्छ मलाई पनि छाँगावाट खसे जस्तो भयो । मैले पनि अविश्वास गर्न थालें । फोनमा पनि सधैँ झगडा मात्र हुन थाल्यो । समाजमा पनि धेरै हल्ला भएको थाहा भयो । झन् मलाई उनी प्रति घृणा हुन थाल्यो । अबिश्वास भएको एक वर्ष पछि म घर आएँ । घर आए पछि पनि हाम्रो संबन्ध राम्रो हुन सकेन । दिन प्रतिदिन झगडा हुने , अबिश्वास झन् बढ्दै जाने अवस्था आयो र हामीहरुले अन्तत कानुनीरुपमा संबन्ध बिच्छेद गर्ने निर्णय गऱ्यौं । मेरो बैदेशिक रोजगारीले गर्दा नै संबन्ध बिग्रन पुग्यो । संबन्ध बिग्रन समय धेरै नलाग्दो रहेछ । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि हाम्रो संबन्ध राम्रो थियो दुबै मिलि घरको काम गर्थयौं। घरको गुजारा चलाइरहेको थियौं । बिदेश गएपछि पनि केही समय त हाम्रो संबन्ध राम्रो नै थियो । तर अकास्मात संबन्ध बिग्रन पुग्यो । श्रीमान् घर छोडी बिदेश जान्छन् घरमा श्रीमतीका चाहना र आवश्यकताहरु वढ्दै जान्छन् । तिनै चाहना र आवश्यकताहरु पूरा नहुँदा संबन्धमा फरक आउने रहेछ ।हामी दुई बिचको कामको बाँडफाँड त शुरुमा राम्रै थियो । मैले दु:ख गरेर पैसा कमाउँथेँ उनले घरको व्यवहार चलाइरहेकी थिइन् । उनले बच्चाहरु समालेर बसेकी थिइन् । सामाजिक काममा जान्छिन् । घरको सबै व्यवहार उनले नै गर्छिन् । मैले बिश्वास गरीरहेको थिएँ । तर पछि उनको बारेमा नराम्रा समाचारहरु सुने पछि मैले पैसा पठाउन छोडेँ । पत्रपत्रिकामा तथा मिडियाहरुमा श्रीमान् श्रीमतीका नकरात्मक संबन्धहरुको वारेमा सुन्दा नरमाइलो लाग्छ । कत्तिको संबन्ध बिच्छेद पनि भएको छ । पुरुषहरु विदेशमा गएर काम गर्दा कत्ति दु:ख हुन्छ । त्यसरी कमाएको धन घरमा रहने महिलाहरुले अनावश्यकरुपमा खर्च गर्दा चिन्ता त पर्नेनै हुन्छ । आफ्ना अनावश्यक चाहनाहरु पूरा गर्न दु:ख गरेर कमाएको धन खर्च गर्दा त रिस उठ्छ नै । यसो हुँदा हुँदै संबन्ध बिग्रँदो पनि रहेछ । शंका शंकाले गर्दा पनि यस्ता घटनाहरु घटेका छन् । मिडियाहरुमा त संबन्ध बिग्रिएका समचारहरु हेरेको थिएँ तर आँफैलाई यस्तो पर्दा सबै समचार सत्य रहेछन् जस्तो लाग्यो*

तालिका नं ६.२ अनुसार छनौट भएका उत्तरदाताको दाम्पत्य सम्वन्धका प्रभाव विवरण र प्रभावित दम्पती संख्याको आधारमा तालिकिकरणद्धारा केलाउँदा वैदेशिक रोजगारीवाट

दाम्पत्य सम्वन्ध सुमधुर हुनेमा ९ जना, दाम्पत्य सम्वन्ध कमजोर हुनेमा ३ जना , यौनिक सन्तुलन नकरात्मक देखिनेमा २ जना , घरेलु हिँसा हुनेमा १ जना, *लोग्ने स्वास्नीको झगडा परालको आगो भने जस्तै* कहिलेकाहीँ सामान्य भनाभन हुनेमा ७ जना , सम्वन्धमा शंका तथा अविश्वास गर्नेमा ७ जना र सम्वन्ध विच्छेद हुनेमा २ जना देखिएको छ । यस गुणात्मक तालिकाद्धारा विश्लेषण गर्दा वैदेशिक रोजगारीको कारणले गर्दा दाम्पत्य सम्वन्धमा सुमधुर रहने संख्या सबभन्दा वढी देखियो ।

## ६.३ बैदेशिक रोजगारीमा रहँदा र नरहँदा दाम्पत्य सम्वन्धमा देखिएको फरक

अध्ययन क्षेत्रका १२ जना उत्तरदातामध्ये बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै ८ जनाको विवाह भएको र ४ जनाको बैदेशिक रोजगारीमा गएपछि विवाह भएको छ ।

बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै विवाह भएका ८ जना व्यक्तिहरुको वैयक्तिक अध्ययन र उनीहरुका श्रीमान् श्रीमतीको भनाई अनुसार बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि वा रोजगारीमा नरहँदा उनीहरुको सम्वन्ध राम्रै रहेको तर पैसाको अभावले गर्दा चाहेको आवश्यकता पूरा हुन नसक्ने, परिवारलाई खुशी तुल्याउन नसक्ने, वालवच्चाहरुलाई राम्रो विद्यालयमा पढाउन गाह्रो भएकोले कहिलेकाहीँ झगडा हुने छिन छिनमा सम्वन्धमा टकराव हुने जस्ता भनाइहरु राखेका थिए । २ जना सम्वन्ध विच्छेद भएका व्यक्तिहरुले पनि बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै वा वैदेशिक रोजगारीमा नरहँदा विवाह भएको वताए । उनीहरुका अनुसार विवाह गर्ने समयमा श्रीमतीसँग सम्वन्ध राम्रै रहेका, मिलिजुली काम गरिएको, एकले अर्कालाई विश्वास गरिएको, सरसल्लाहमा वच्चाहरु भएको देखियो ।

**तालिका नं ६.३ बैदेशिक रोजगारीमा नरहँदा दाम्पत्य सम्वन्धमा पारेको प्रभाव**

| वैदेशिक रोजगारीमा नरहँदा | प्रभावित दम्पति संख्या |
|---|---|
| विवाहित | ८ |
| रोजगारी पाइने | ३ |
| आय स्रोतमा कमी | ८ |
| अभाव | ८ |
| कल झगडा हुने | ३ |
| सामाजिक हैसियतमा कमी | २ |

| | |
|---|---|
| सन्तुष्टि | १ |
| सन्तान भएको | ७ |
| सन्तान नभएको | १ |
| यौन सन्तुलनता भएको | ८ |

श्रोत : स्थलगत सर्वेक्षण २०७५

नोट : प्रतिकृयाको वारम्वारता दोहरीएकाले कुलसंख्या प्रभावित छ। ।

अध्ययन अनुसार बैदेशिक रोजगारीमा गएपछि वा वैदेशिक रोजगारमा रहँदा पैसा कमाइएकाले घरका सामान्य आवश्यकताहरु पूरा गर्न सकेकाले सम्वन्ध राम्रो रहेको देखियो । २ जना सम्वन्ध विच्छेद भएका उत्तरदाताका अनुसार बैदेशिक रोजगारीमा गए पछि क्रमश सम्वन्ध विग्रदै गई सम्वन्ध विच्छेद समेत भएको वताए । वाँकी ४ जना बैदेशिक रोजगारीमा गएपछि विवाह भएकाले उनीहरुले विदेशमा गएपछिको सम्वन्धको वारेमा मात्र वताए । उनीहरुका अनुसार १ जनाको सम्वन्ध खासै त्यति राम्रो नरहेको छ भने अरु ३ जनाको सम्वन्ध राम्रै रहेको छ । उनीहरुले वैदेशिक वैदेशिक रोजगारीमा गएर विवाह गर्न सजिलो भएको । घर परिवारको आवश्यकताहरु पूर्ति गर्न सकिएको भनेर वताएका थिए ।

**तालिका नं ६.३.१ बैदेशिक रोजगारीमा रहँदा दाम्पत्य सम्वन्धमा पारेको प्रभाव**

| वैदेशिक रोजगारीमा रहँदा | प्रभावित दम्पति संख्या |
|---|---|
| आय स्रोतमा वृद्धि | १२ |
| अभाव घट्दै गएको | १२ |
| कल झगडा हुने | ३ |
| सामाजिक हैसियत राम्रो | ६ |
| जिविका संचालनमा सहजता | १२ |
| यौनिक सन्तुलनता नभएको | २ |

श्रोत : स्थलगत सर्वेक्षण, २०७५

नोट : प्रतिकृयाको वारम्वारता दोहरीएकाले कुलसंख्या प्रभावित छ। ।

वैयक्तिक अध्ययन अनुसार वैदेशिक रोजगारीमा नरहँदा उनीहरुमा सम्वन्ध राम्रै रहे पनि पैसाको अभाव र श्रीमतीको साथै परिवारको आवश्यकताहरु पूरा गर्न नसक्दा सामान्य झगडा हुन, चिन्ता वढी हुने गरेको भनी वताए । स-साना खर्च चलाउँदा पनि माइत गएर ल्याउनु पर्ने, बा आमा सँग माग्नुपर्ने । यसरी माइतमा गएर मात्र ल्याउँदा अरुका अगाडि हल्का हुनुपर्ने अवस्था देखियो । घरमा अभाव र नियमित रोजगार नपाइने भएकाले कहिलेकाहीँ दुवै जना दम्पती नै दैनिक ज्यालादारीमा गएको देखियो । वैयक्तिक अध्ययन ९ का अनुसार आफ्नो लभ भएर विवाह भएको हो त्यसैले उनले मैले पाल्छु, दुख दिन्न भनेर भनेको होइनस् भनेर भन्दात मन चसक्क हुन्छ भनेर भनेका छन् । यसले अभाव र श्रीमतीको वचनले गर्दा पनि विदेश गएको देखिएको छ । वैदेशिक रोजगारीमा गएपछि पैसा कमाइएको घरको र परिवारको आधारभूत आवश्यकताहरु पुरा गर्न सकिएको साथै घरमा श्रीमती का साथै वाल वच्चाहरु खुशी रहेका र वाल वच्चाहरुहरुलाई राम्रो विद्यालयमा

**बकपत्र ९**

*म अन्नपूर्ण गाउँ पालिका वडा नं ६ जामुन्ने भन्ने ठाउँमा  बस्छु । म अहिले ३५ वर्षको भएँ र कक्षा १० सम्म मात्र पढेको हुँ । हाल म रोजगारीका लागि बहराइन देशमा गएको छु । म बहराइन गएको ४ वर्ष जति भयो । यस भन्दा अगाडि ३ वर्ष सम्म म मलेशियामा काम गर्थें । विदेश जानु भन्दा अगाडि म जिप चलाउँथे । केही समय ढुङ्गाको काम पनि गरियो । मेरो घरमा ३२ वर्षकी श्रीमती , १० र २ वर्षका २ वटा छोराहरु छन् । मेरी श्रीमती पनि १० कक्षा सम्म पढेकी हुन् । हाम्रो प्रेम बिबाह हो । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै मेरो बिबाह भएको हो । बा आमा पनि हुनुहुन्छ । उहाँहरु अलिमाथि होटल गरेर बस्नुभएको छ । म १८ वर्ष हुँदा हाम्रो बिबाह भएको हो । म बैदेशिक रोजगारमा जानुपर्नाका कारणहरु त धेरै छन् । मुख्य गरेर जानु पर्नाका कारणहमा घरको समस्या , आर्थिक अवस्थामा कमी , नपुग हुने , नियमित काम नपाइने आदि रहेका छन् । त्यस्तै धेरै पढ्न सकिएन र राम्रो काम नेपालमा पाइएन । यहाँ जति काम गरे पनि पुग्दै नपुग्ने , अभाव मात्र हुने । नेपालमा उद्योगहरु छैनन् , कृषि पेशा गरेर खान पुग्दैन । जग्गा पनि धेरै छैन । भएको पनि पाखोमात्र छ । यहाँ जिप पनि चलाएँ तर पनि पुग्दै पुग्दैन । किनहो कुन्नी नेपालमा कमाएको पैसाले त पुग्दै नपुग्ने, सामान्य खर्च पनि नचल्ने । आज कमायो आजै सिद्धिएको छ । भोलीको लागि वचत गर्न नै नसकिने रहेछ । त्यसैले विदेश जना बाध्य भएको हुँ । म विदेशमा भए पनि हाम्रो संबन्ध राम्रै छ । पहिलाको जस्तै छ । हामी विचमा विश्वासको आधारमा हेरीन्छ । एकले अर्कोलाई विश्वास गर्नुपर्ने हुन्छ । नत्र घर व्यवहार चल्दैन । संबन्ध पनि राम्रो हुँदैन । कहिले काहीँ स-साना व्यवहारहरुले सामान्य झगडा त हुने नै गर्छन् । त्यसलाई मैले स्वभाविकरुपमा लिने गर्छु । किन हो कुन्नी त्यतिकै सामान्य बिबाद भैहाल्छ । प्रमुख गरेर श्रीमान् श्रीमती टाढा भएर बढी शंका गर्ने वानी भएमा संबन्ध नराम्रो हुन सक्छ । आजकल धेरै शंका शंकाले गर्दा धेरैको संबन्ध बिग्रिएको छ । मैले शंका गर्दिन । त्यसकारणले हामी दुई बिचको सम्बन्ध राम्रै भए जस्तो लाग्छ । बैदेशिक रोजगारीको कारणले गर्दा हाम्रो बैबाहिक संबन्ध राम्रै रहेको छ ।वैदेशिक रोजगारीको सिसिलामा मलेशिया जानुभन्दा अगाडि मैले खासै नियमितरुपमा काम गर्दैनथेँ । केही समय साथीभाईसँग हल्लिएर हिँडियो । काम गर्न मन लागेन तर बिबाह भएपछि त जसरी पनि केही त गर्नुपर्ने भयो र ढुङ्गाको ठेक्काको काम गरेँ । जिप चलाएँ तर सधैँ पैसाको अभाव नै रह्यो । अभाव भएपछि श्रीमतीले भनेको कुरा पु-याउन नसकिँदो रहेछ । यसैमा हामी बिचमा स साना झगडा हुन्थे । उनले मलाई पाल्छु भनेर लभ गरेको होइनस् । किन पु-याउन सक्दैनस् भनेर भन्दा मन चसक्क हुन्थ्यो । तर नराम्रो भने भएन । सानैमा बिबाह भएको हुँदा मेरी श्रीमतीलाई व्यवहारीक कुराको शुरुमा खासै चासो भएन । तर बिदेश गएपछि पैसा कमाइएको छ । सामान्य आवश्यकताहरु पूरा भएका छन् । त्यसैले श्रीमती खुशी नै छन् । छोराहरु बोर्डिङ्गमा पढाएको छु । सबै खुशी नै छन् । बैदेशिक रोजगारीले गर्दा घर खर्च र व्यवहार चलाउन सहज भएको छ । मेरो र श्रीमतीको बिचमा घरको र व्यवहारको कामको वाँडफाँड राम्रै संग भएको छ । मैले विदेशमा गएर पैसा कमाएर पठाउँछु । उनले व्यवहार चलाउँछिन् । सामाजिक काममा जान्छिन् । सर सल्लाहले नै व्यवहार हुन्छ । जग्गा जमिन पनि उनकै नाममा छ । पत्रपत्रिमा तथा मिडियाहरुमा श्रीमान् श्रीमतीका नकरात्मक संबन्धहरुको वारेमा सुन्दा नरमाइलो लाग्छ । कत्तिको संबन्ध बिच्छेद पनि भएको छ । हामीलाइ त प्रभाव परेको छैन । तर पनि यसले विदेश जानेलाई प्रभाव त पार्ने नै भयो । यस्ता समचारहरुले गर्दा हाम्रो पेशालाई मर्यादित वनाउँदैन । हामी पुरुषहरु विदेशमा गएर काम गर्दा कत्ति दुःख हुन्छ । त्यसरी कमाएको धन घरमा रहने महिलाहरुले अनावश्यकरुपमा खर्च गर्दा चिन्ता त पर्नेनै हुन्छ । शंका शंकाले गर्दा पनि यस्ता घटनाहरु घटेका छन् ।*

पढाउन सकिएको भनेर वताए । वैदेशिक रोजगारीमा रहँदा वालवच्चाको साथै बा- आमाको रोग लाग्दा पनि तुरुन्तै उपचार गर्न सकिने र यसले गर्दा परिवारको स्वास्थ्यमा सुधार हुँदै जाने देखिएको छ । यसरी सम्वन्ध राम्रो भएका व्यक्तिहरुमा वैदेशिक रोजगारीमा रहँदा र नरहँदाको सम्वन्धमा नरहँदाको सम्वन्ध भन्दा वैदेशिक रोजगारीमा रहँदाको सम्वन्ध अझ राम्रो भएको देखिन्छ । दम्पती विचमा समय समयमा फोन भइरहने, सर सल्लाहहरु हुने पनि देखिएको छ । वैदेशिक रोजगारीले गर्दा घरखर्च र व्यवहार चलाउन सहज भएको देखिएको छ । घरको एउटा मात्र पनि वैदेशिक रोजगारीमा जाँदा घरका सबै परिवारहरु खुशी हुने , उनीहरुले चाडवाड राम्रोसँग मान्न पाउने , समाजमा अरु सरह वस्न सकिने अवस्था देखिएको छ ।

**बकपत्र १०**

*म ढावामा बस्छु । म २६ वर्षको भएँ । मैले नौ कक्षामा पढ्दा पढ्दै पढ्न छोडेर बसेकी हुँ । मेरो घरको आर्थिक कारणले गर्दा बा आमाले पढाउन सक्नु भएन ।मेरी ४वर्षकी एक छोरी छ । छोरी यस वर्ष मात्र स्कुलमा भर्ना भएकी छ । मैले अहिले कृषि धन्दा गरीरहेको छु। मेरो श्रीमान् अहिले ३१ वर्षको हुनुभयो । उहाँ रोजगारीको लागि दुबही जानु भएको छ । उहाँ विदेश गएको ४ वर्ष भयो । घरमा म छोरी र बा आमा छौँ । मेरो उहाँसँग बिबाह २३ वर्षमा भएको हो । मेरो बिबाह भएको ३ वर्ष पछि उहाँ दुबही जानुभएको हो । बिबाह भएको १ वर्ष पछि विदेश जाने प्रयास गर्नु भएको हो तर २ वर्ष पछि मात्र भिसा आयो । मेरो श्रीमान् विदेशमा जानुपर्नाका कारणहरुमा यहाँ काम नपाएर ,बेरोजगारी भएको कारणले होला । आर्थिक अवस्था कमजोर भएर, गरिब भएर , पढ्न नसकेर , बालबच्चाको पालनपोषण , शिक्षा , स्वास्थ्यको साथै परिवारलाई खुशी बनाउन , बा आमालाई पाल्नको लागि श्रीमान् बिदेश जानु भएको हो । आफ्नो देशमा रोजगारी छैन, काम पनि पाइँदैन , कहीँ कतै काम खुले पनि आ-आफ्ना मान्छेलाई मात्र दिन्छन् । काम पाए पनि कहिलेकाँही मात्र जसले गर्दा फाल्तुबस्दा खान पनि अभाव हुने कारणले पनि श्रीमान् विदेश जानुभएको हो । वरीपरी टोलका, छर छिमेकका बिदेशमा गएर पैसा पठाएको देखेर पनि विदेश जाने इच्छा गर्नु भएको हो । के गर्ने अरुसरह भएर बाँच्नुपर्ने । हाम्रो संबन्ध हाल सम्म खासै बिग्रिएको छैन । कहिलेकाहीँ झगडा तथा मनमुटाव हुन्छ । समयमा पैसा नपठाएर , घरको समस्या नबुझेर , फोन नउठाउँदा हामी बिचमा सामान्य विवाद हुन्छ । केही समय हामी बिचमा फोनमा नै झगडा भए जस्तो हुन्छ । फोन काट्नुहुन्छ । फेरी अर्को दिनमा फोन गरेर राम्रै कुरा गर्नुहुन्छ । यस प्रकारका सामान्य विवाद हामीबिचमा भइनैरहन्छ । विभिन्न समयमा घरायसी कारणले र अनावश्यकरुपमा शंका गर्ने बानीले गर्दा सामान्य भनाभनत भइनै रहन्छ । तर पनि ठूलो झगडा भएको छैन । समचार तथा पत्रपत्रिकामा श्रीमान् श्रीमती विचको नराम्रो सम्बन्ध भएको सुन्नासाथ मलाई फोन गरीहाल्नुहुन्छ । तँ पनि ठीक सँग बस् है नराम्रा नराम्रा समचार सुनिएका छन् भनेर भन्नुहुन्छ । यस्तो बेलामा म पनि रिसाउँछु । रिसाएपनि राम्रैसँग फोनमा कुरा गर्छु । यस्तै समय पारेर कहिलेकाहीँ पैसा कति छ ,कहाँ कहाँ खर्च भयो भनेर पनि सोध्नु हुन्छ । घरको व्यहार मैले नै मिलाउँदै आइरहेको छु । घरको व्यवहार म आफैले गर्दछु । समय समयमा फोन गर्नुहुन्छ । फोनमा कामको दुखको वारेमा सुनाउनुहुन्छ । यस्तो सुन्दात आधा पेट खाएर पनि यहीँ सँगै बस्न पाए हुन्थ्यो भन्ने जस्तो लाग्छ । तर बाध्यता रहेको छ । बिदेश नगइकन खान पुग्दैन । छोराछोरीलाई पढाउन सकिँदैन । मेरो बिबाह हुँदा उहाँ विदेश जानु भएको थिएन । हाम्रो आम्दानीको स्रोत केही पनि थिएन । सानो रकम पनि बा आमा सँग मागेर चलाउनुपर्दा नरमाइलो लाग्थ्यो । सामान्य खर्च चलाउन पनि गाह्रो हुन्थ्यो । माइतीबाट मागेर केही व्यवहार र वडापडी चलाउँथे । कहिलेकाहीं दुबै जना दैनिक काममा जान्थ्यौं । पैसाको अभाव हुँदा उहाँको र मेरो झगडा पनि हुन्थ्यो । कहिलेकाहीँ झगडा हुँदा म माइत जान्थेँ । कहिलेकाही रक्सी पिएर आउनु हुन्थ्यो त्यसले गर्दा झन् झगडा हुन्थ्यो । तर विदेशमा गएपछि उहाँले पैसा पठाउन थाल्नुभयो जसले गर्दा घरको व्यवहार गर्न सजिलो भयो । वालवच्चाको पालनपोषण ,शिक्षा मा सहज भएको छ । पहिला जस्तो झगडा अहिले हुँदैन । बा आमापनि हामी प्रति खुशी नै देखिनुहुन्छ । त्यसैले बैदेशिक रोजगारीको कारणले गर्दा हामी दुई श्रीमान् श्रीमती विचको सम्वन्ध र परिवार बिचको सम्बन्ध राम्रो भएको छ जस्तो लाग्छ । मेरो श्रीमान् टाढा विदेश साउदीमा भए पनि हामी दुई बिचमा घरायसी व्यवहारहरुमा सर सल्लाहमा हुन्छ । कामको वाँडफाँड पनि भएको छ । उहाँले दुःख गरेर पैसा पठाउनुहुन्छ । मेरो श्रीमान् टाढा विदेश साउदीमा भए पनि हामी दुई बिचमा घरायसी व्यवहारहरुमा सर सल्लाहमा हुन्छ । कामको वाँडफाँड पनि भएको छ । उहाँले दुःख गरेर पैसा पठाउनुहुन्छ । स-साना व्यवहारीक समस्याहरु म आफै सल्टाउँछु भने जटिल र महत्वपूर्ण निर्णयहरु गर्नुपर्दा बा आमा लगायत श्रीमान्सँग पनि सर सल्लाह गरेर गर्छु । छोरीको पालन पोषण , शिक्षा आदिमा प्रत्यक्षरुपमा मेरो सहभागिता रहन्छ । बा ,आमा ,छोरी बिरामी हुँदा पनि मैले उपचार गर्न लैजान्छु । सामाजिक काममा म जान्छु । साथै सामाजिक क्रियाकलापमा पनि भाग लिन्छु । विभिन्न समयमा पत्रपत्रिकाका साथै टि.भि.मा बैदेशिक रोजगारीमा भएको अवस्थामा श्रीमान् श्रीमतीमा नकरात्मक सम्बन्धको बारेमा आउने समचारहरु सुन्दा हामी जस्ता साथै समाजलाई नै असर परेको छ । संबन्धमा प्रभाव परिरहेको छ । हल्लाहल्लाले श्रीमान् श्रीमती बिचको संबन्ध पनि बिग्रन गएको छ । म जस्ता सोझी र राम्रै सम्बन्ध भएकालाई पनि डर लाग्छ । त्यस्मा पनि बेलाबेलामा आउने समचारहरुले त असर पार्ने नै भए ।*

माथि उल्लेखित गुणात्मक तालिका नं ६.३ का आधारमा वैदेशिक रोजगारीमा  नरहँदा दाम्पत्य सम्वन्धको अवस्थालाई र दम्पती संख्याको विश्लेषण गर्दा वैदेशिक रोजगारीमा नजाँदै विवाह भएका ८ जना, रोजगारी पाइएको भन्नेमा ३ जना, आयस्रोतमा कमी भएको भन्नेमा ८ जना, अभावहरु हुने गरेको भन्नेमा ८ जना, कल झगडा हुने भन्नेमा ३ जना, सामाजिक हैसियतमा कमी हुने भन्नेमा २ जना, विदेशमा नजाँदा पनि सन्तुष्टि नै रहेको भन्नेमा १ जना, सन्तान भएका ७ जना, सन्तान नभएका १ जना र दम्पतीहरुवीच यौन सन्तुलन भएको ८ जना देखिएका छन् । यस तालिकाले वैदेशिक रोजगारीमा नजाँदा भएको विवाह,आय स्रोतमा कमी, अभाव, जिविका निर्वाह गर्न असहज र यौन सन्तुलनता भएका उत्तरदाताहरु वढी देखिएका छन् ।

चित्र नं ६.३.१ को गुणात्मक तालिकाका आधारमा वैदेशिक रोजगारीमा  रहँदा दाम्पत्य सम्वन्धको अवस्थालाई र दम्पती संख्याको विश्लेषण गर्दा वैदेशिक रोजगारीमा गएपछि आय स्रोतमा वृद्धि भएको भन्नेमा १२ जना, पहिले भएका अभावहरु घट्दै गएको भन्नेमा ८ जना, वैदेशिक रोजगारीमा रहँदा पनि झगडा हुन्थ्यो भन्नेमा ३ जना, सामाजिक हैसियत राम्रो भएको भन्नेमा ६ जना, जिविका संचालनमा सहज भएको भन्नेमा १२ जना र यौनिक सन्तुलनता नभएको भन्नेमा २ जना रहेको देखियो । यस तालिका अनुसार आय स्रोतमा वृद्धि र जिविका निर्वाह गर्न सहज भएको भन्नेमा १२ जना अर्थात १०० प्रतिशत देखिए ।

## ६.४ बैदेशिक रोजगारी र कामको बाँडफाँडको अवस्था

बैदेशिक रोजगारमा जानु नेपालीका लागि वाध्यतात्मक जस्तै परीसकेको छ । आफ्नो परिवारलाई आर्थिकरुपमा सम्पन्न गराउन, परिवारका सदस्यहरुलाई खुशी वनाउन पनि रोजगारीको लागि विदेश जानुपर्ने परिस्थिति रहेको छ । घरमा रहँदा र विदेशमा जाँदाको अवस्थामा दम्पतीहरुवीचमा गरिने कामहरुमा पनि फरकपना देखिन्छन् । घरमा रहँदा दुवै जना मिली काम गरेका हुन्छन् भने बाहिर जाँदा घरको सबै काम एउटैले गर्नुपर्ने वाध्यता रहन्छ । यस्तै गरेर अन्नपूर्ण गाउँपालिका वडा नं ६ लुम्लेका मानिसहरु पनि बैदेशिक रोजगारीका लागि खाडी राष्ट्रका श्रम बजारमा गएका छन् । ती मध्ये अध्ययन क्षेत्रमा छनौट भएका प्रायजसोले घरमा कामको वाँडफाँड भएको वताए । विदेश जानेले पैसा पठाउने र घरमा रहनेले घरको व्यवहार, सामाजिक क्रियाकलापमा सहभागिता , बा आमा तथा वालवच्चाहरुको पालनपोषण र शिक्षा, स्वास्थ्य आदिमा हेरचाह गर्ने भनेर वताएका थिए ।

सम्वन्ध विच्छेद भएका व्यक्तिहरुले पनि घरमा रहँदा मिलीजुली नै कामको जिम्मेवारी वाँडेर गरिएको तथा विदेशमा गएपछि पनि शुरुमा सरसल्लाहमा घरको कामको वाँडफाँड गरेर चलाएको र घरको व्यवहारको सबै जिम्मा श्रीमतीलाई नै दिएको वताएका थिए । त्यति सम्वन्ध राम्रो नभएकी १ जना महिलाले आफूलाई पैसा पनि नपठाउने, जिम्मेवारी पनि नदिने, आमाले जे गर्नु भन्छिन् त्यही गर्नुपर्ने भनी वताएकी छन् । यसवाट समग्रमा श्रीमान् श्रीमतीको सम्वन्ध राम्रो हुने वेलासम्म कामको वाँडफाँड राम्रै सँग भएको देखिन्छ ।

**तलिका नं ६.४ वैदेशिक रोजगारीले कामको वाँडफाँडमा परेको प्रभाव :**

| **लोग्ने मानिसले गर्ने काम** | **स्वास्नी मानिसले गर्ने काम** |
|---|---|
| ● वैदेशिक रोजगारीमा गएर श्रम गरेर पैसा कमाउने र घरमा पठाउने । | ● घर व्यवहार चलाउने ।<br>● वालवचाहरुको पालनपोषण तथा रेखदेख गर्ने ।<br>● वच्चाहरुलाई विद्यालयमा पठाउने, घरमा रहेका अन्य परिवारका सदस्यहरुको रेखदेख गर्ने।<br>● सामाजिक काममा सहभागिता जनाउने ।<br>● फुर्सदको समयमा कृषि काम गर्ने गरेको देखियो ।<br>● चाडवाडको व्यवस्थापन गर्ने । |

श्रोत : स्थलगत सर्वेक्षण, २०७५

उल्लेखित वैयक्तिक अध्ययन अनुसार श्रीमान् श्रीमतीको विचमा कामको बाँडफाँड भएको देखियो । उनले हामी विचमा कामको बाँडफाँड भएको छ । श्रीमतीले घरको व्यवहार सम्हाल्ने र आफूले वैदेशिक रोजगारीमा गएर पैसा कमाएर पठाउने गरेको वताए । घरमा रहने गृहिणी महिलाले घरको कामको साथै सामाजिक कामहरुमा पनि सहभागिता जनाउने, बाल वच्चाहरुको पालन पोषण गर्ने गरेको भनेर वताएका छन् । भर्खर मात्र उनले १० दिन जति आफ्नी श्रीमती समूदायमा वा टोलमा खानेपानीको लागि श्रमदान गरेर आएकी रहिछन् भनेर वताए । उनले घरको व्यवहार सबै श्रीमतीवाट हुने गरेको भनी वताएका छन् । उनकी श्रीमतीले पनि आफूहरुमा कामको बाँडफाँड हुने गरेको श्रीमानले पैसा कमाएर उठाउनु हुन्छ । घरको व्यवहार, वालवच्चाहरुको रेखदेख, पालनपोषण गर्ने काम मैले नै गर्छु । कहिले काहीँ आवश्यकता पर्दा सामाजिक

**बकपत्र ११**

*म अन्नपूर्ण गाउँपालिका वडा नं ६ उपल्लोथरमा बस्छु । म ३३ वर्षको भएँ । मैले एस.एल्.सी. पास गरेको छु । म बैदेशिक रोजगारीको लागि कतारमा गएर काम गर्छु । म अहिले २ महिनाको छुट्टीमा घरमा आएको हुँ । म छुट्टिमा आएको १ महिना भयो । मेरी एक श्रीमती छन् । उनी २८ वर्षकी भइन् । मेरी श्रीमती साक्षर मात्र हुन् । मेरा २ वटा छोराहरु छन् । ठूलो छोरो ७ वर्षको भयो र ऊ कक्षा २ मा पढ्छ । कान्छो छोरो भर्खर मात्र जन्मेको छ । म बैदेशिक रोजगारीको लागि वाहिर गएको करिब १० वर्ष भयो । म रोजगारीको लागि कतारमा गएको छु । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि मैले कृषि काम गर्थें । मेरो बैदेशिक रोजगारीमा गएर २ वर्षपछि घरमा आएपछि बिबाह भएको हो । म बिदेशमा रहरले भन्दा पनि परिस्थितिले गर्दा गएको हुँ । म बिदेशमा जान पर्नाका कारणहरु धेरै नै छन् । विशेष गरेर म आर्थिकरुपमा सबल हुन बिदेश गएको हुँ । नेपालमा सबैले रोजगार पाउने ठूला ठूला कल कारखाना , उद्योगहरु छैनन् । यहाँको थोरै त्यसमा पनि कहिलेकाहीँ हुने आम्दानीले खान पनि पुग्दैन । स्थायी खालको यहाँ आम्दानीको स्रोत नै छैन । नेपालमा बसेर केही गर्छु भन्ने हो भने वालवच्चाको पालनपोषण , शिक्षा , बिरामी पर्दाको अवस्थामा केही गर्न सकिँदैन । यहाँ कहिलेकाहीँ कमाएको पैसाले त आफ्नो पकेट खर्च पनि नपुग्ने रहेछ । कृषि पेशामा लागौँ भने पनि आफ्नो पुग्ने जग्गा नै छैन । परिवारको पालनपोषण र उनीहरुलाई खुशी वनाउन पनि म बाध्य भएर विदेश गएको हुँ । नेपालमा काम गर्ने सिप भए पनि त्यो सिप प्रगोग गर्ने ठाउँ छैन । त्यसैले होला विदेश जानेको संख्या दिन प्रतिदिन वढ्दै गएको । मेरो र श्रीमती बिचको सम्वन्ध एकदम राम्रो सुमधुर र आत्मिय छ । हाम्रो सम्वन्धमा त्यस्तो खासै समस्या छैन । रोजगारीको कारणले हाम्रो सम्वन्ध झन् राम्रो भए जस्तो लाग्छ । अभाव त्यति छैन खान लाउन  पुगेको छ । श्रीमती वाल वच्चाहरु खुशी नै छन् । समाज टोलमा सबै सरह बाँचिएकै छ । म विदेशमा भएको समयमा पनि हाम्रो सम्वन्ध राम्रो नौ थियो । समय समयमा फोन भइरहेको हुन्छ । हामीहरुले एक आपसमा विश्वास गरेका छौँ । अविश्वास भएमा मात्र सम्वन्ध विग्रने हो । विदेश गएको भएर होला उनीसँग मेरो विवाह हुने निर्णय छोटो समयमा नै टुङ्गिएको हो । श्रीमतीका बा आमाले पनि कस्तो केटो पर्छ इलम छकी छैन भनेर हेर्छन त्यसैले बैदेशिक रोजगारीमा गएपछि बैबाहिक सम्वन्ध निर्माण गर्न झन् सजिलो हुन्छ जस्तो लाग्छ । सबभन्दा ठूलो भनेको नै आम्दानी रहेछ ।  मेरो विवाह बैदेशिक रोजगारीमा गएपछि भएको कारणले अगाडीको खासै अनुभव भएन । अहिले सम्वन्ध राम्रो नै छ । यदि बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै बिबाह भएको भए पैसाको अभावको कारणले गर्दा परिवारमा सानोतिनो झगडा हुन्थ्यो होला । श्रीमतीलाई नै वडापडी गर्न नपुगेपछि रिस उठ्नु पनि स्वभाविक होला जस्तो लाग्छ । परिवारको सुखी र खुशी वनाउनको लागि आम्दानी नै गर्नुपर्ने रहेछ । आर्थिक अवस्था राम्रो भएपछि सम्वन्ध पनि राम्रै हुँदो रहेछ । म यदि विदेश नगएको भए पैसाको अभावले गर्दा हाम्रो सम्वन्धमा अलि नराम्रो हुन पनि सक्थ्यो होला । हुन त सम्वन्ध राम्रो हुने र नहुनेमा श्रीमतीको वानी व्यहोरामा पनि भर पर्दछ । हामी केटाहरु पनि सम्वन्ध राम्रो  र नराम्रो हुनुमा उत्तिकै जिम्मेवार हुन्छौँ । हाम्रो आफ्नै कारणले पनि सम्वन्ध विग्रन्छ जस्तो लाग्छ । श्रीमान् र श्रीमती विचमा पक्का पनि कामको वाँडफाँड हुनुपर्छ । हाम्रो बिचमा पनि कामको वाँडफाँड भएको छ । श्रीमतीले परिवार र घर व्यवहार सम्हाल्छिन् । म विदेशमा रोजगार गर्छु । पैसा पठाउँछु । घरको सबै व्यवहार श्रीमतीले गर्छिन् । म भन्दा व्यवहार गर्न उनी सिपालु भएकी छन् । वालवच्चाहरुलाई खुशीसाथ पालेकी छन् । सामाजिक क्रियाकलापमा उनी नै सहभागि हुन्छिन् । भर्खर मात्र उनले १० दिन जति टोलमा खानेपानीको लागि श्रमदान गरेर आएकी  रहिछन् । जसले गर्दा समाजमा पनि राम्रै भएको छ । घरमा थोरै जग्गा भए पनि त्यसमा तरकारी लाउने , खेती गर्ने काम उनले नै गर्छिन् । पत्रपत्रिका ,टि.भि.मा बैदेशिक रोजगारीमा भएको अवस्थामा श्रीमान् श्रीमतीमा नकरात्मक सम्बन्धको बारेमा आउने समचारहरु सुन्दा नराम्रो लाग्छ । त्यस्ता समचार सुनिन्छ र कतिपय देखिएको पनि छ । यस्ता विकृतखालका समचारहरुले गर्दा बिग्रिएका पनि छन् । समाजमा कतिको घरवार बिग्रिएको पनि छ । श्रीमानले दुख गरेर विदेशवाट काम गरेर पैसा पठाउने घरमा वुढीहरुले मोज मज्जा गरेर पैसा सकेका पनि छन् । आजकल फेसबुक र युट्यूबमा आउने बिकृतिमूलक क्रियाकलापले पनि श्रीमान् श्रीमतीको सम्वन्ध बिग्रिएको छ । सुन्दा मनमा नरमाइलो लाग्छ । आफ्नो सम्वन्ध राम्रै भए पनि आफूजस्ता विदेशमा गएका साथीभाइको नराम्रो भएको सुन्दा दुःख लाग्ने नै भयो । शंका र अविश्वासले गर्दा सम्वन्ध विग्रन सक्छ ।*

काममा पनि जाने गर्छु भनेर वताएकी छन् । यसरी श्रीमान् श्रीमतीको सम्वन्ध राम्रो हुँदा उनीहरुवीचमा श्रमको विभाजन तथा कामको वाँडफाँड पनि आपसी समझदारीमा हुने गरेको देखिन्छ ।

माथिको तालिका नं ६.४ को गुणात्मक तालिकाको विश्लेषण गर्दा र वैदेशिक रोजगारीमा गएका दम्पतीहरुको काम तथा श्रमको वाँडफाँडको अवस्थाको आधारमा लोग्ने मानिसहरुले वैदेशिक रोजगारीमा गएर पैसा कमाउने र पठाउने गरेको देखियो । स्वास्नी मानिसहरुले घर व्यवहार चलाउने, वालवच्चाहरुको पालनपोषण तथा रेखदेख गर्ने, वच्चाहरुलाई विद्यालयमा पठाउने, घरमा रहेका अन्य परिवारका सदस्यहरुको रेखदेख गर्ने, सामाजिक काममा सहभागिता जनाउने, चाडवाडको व्यवस्थापन गर्ने र फुर्सदको समयमा कृषि काम गर्ने गरेको देखियो । यसवाट घरमा रहेर गृहिणीको काम गर्ने स्वास्नी मानिसहरुमा लोग्ने मानिसको भन्दा जिम्मेवारीहरु वढी रहेको तथा घरको सम्पूर्ण व्यवहारहरु स्वास्नी मानिसले नै गर्ने गरेको देखियो ।

## ६.५ वैदेशिक रोजगारीले दाम्पत्य सम्वन्धमा पारेको मनोवैज्ञानिक प्रभाव

सूचनाका माध्यमहरु जस्तै टि.भि., पत्रपत्रिका र सामाजिक सञ्जालमा आउने समचार तथा सूचनाहरुले समाजलाई नै सुसुचित गराउने गर्छन । यस्ता समचारहरु समाजमा घटेका विभिन्न घटनाहरुमा आधारित हुन्छन् भने कही सूचनाहरु विकृतिमूलक पनि हुने गर्छन जसको कारणले समाजलाई विकारालतर्फ पु-याइरहेको छ । अध्ययन क्षेत्रका छनौट भएका व्यक्तिहरुको भनाई अनुसार समाजमा पत्र पत्रिका समचार तथा सामाजिक सञ्जालमा आउने समचारहरुले श्रीमान् श्रीमतीको सम्वन्धमा आशंकाहरु उब्जाउने गरेको छ । मनोवैज्ञानिक असरहरु पर्ने गरेको छ । कतिपय अनुपयुक्त समचारहरु, विकृतिमूलक पोष्ट गरिएका दृष्यहरुले गर्दा मानिसहरुलाई बिगारी रहेको छ । जसवाट परिवारको सम्वन्धमा पनि असर परेको छ । बैदेशिक रोजगारप्रति समाजको हेर्ने दृष्टिकोण नकरात्मक बन्दै गएको छ । कतिपय समचारहरुले मानिसलाई सुसुचित पनि गराइरहेको छ । चेतना दिने काम गरेको छ । मिडिया तथा सामाजिक सञ्जाल विशेष गरेर फेसबुकले गर्दा पनि श्रीमान् श्रीमतीको सम्वन्धमा प्रभाव पारेको छ ।

**तालिका नं ६.५ बैदेशिक रोजगारीले दाम्पत्य सम्वन्धमा पारेको मनोवैज्ञानिक प्रभाव**

| **लेग्नेमानिसको मनोविज्ञानमा प्रभावपार्ने तत्व** | **स्वास्नी मानिसको मनोविज्ञानमा प्रभावपार्ने तत्व** |
|---|---|
| सामाजिक मिडिया<br>छिमेकी सूचना<br>परिवारका सूचना<br>साथीसंगीका सूचना | सामाजिक मिडिया<br>छिमेकी सूचना<br>परिवारका सूचना<br>साथीसंगीका सूचना<br>समाजमा आउने नकरात्मक सूचनाहरु |

श्रोत : स्थलगत सर्वेक्षण, २०७५

माथिको तालिका ६.५ वैदेशिक रोजगारीले गर्दा दाम्पत्य सम्वन्धमा परेको मनोवैज्ञानिक प्रभावहरुलाई केलाउँदा लोग्ने मानिस र स्वास्नी मानिसमा सामाजिक मिडिया जस्तै फेसबुक, छिमेकीको सूचना, पारिवारीक सूचना, साथीसंगीका सूचना, समाजमा आउने नकरात्मक खालका सूचनाहरुले गर्दा दाम्पत्य सम्वन्धमा मनोवैज्ञानिक प्रभाव परेको देखियो । जुन प्रभाव लोग्ने स्वास्नी दुबैमा परेको देखियो । सूचनाहरु सत्य असत्य जे भएपनि विभिन्न कारणले दम्पती बीचमा मनोवैज्ञानिक प्रभाव परेपछि सम्वन्धमा एक आपसमा शंका र अविश्वासहरु वढ्दै जाने देखियो ।

वैयक्तिक अध्ययन अनुसार मिडियाहरु तथा पत्रपत्रिकामा आउने समचारहरुले गर्दा हामीलाई साथै समाजलाइ नै असर परेको छ भनेर वताएकी छन् । उनले कसैको सम्वन्ध विग्रीएको समचार सुन्दा मेरो पनि यस्तै हुने हो की भन्ने डर लाग्छ , टाढा भए पछि श्रीमान्ले शंकाको दृष्टिकोणले हेर्ने गर्छन् त्यसै माथि सम्वन्ध विग्रेका समाचारहरु आउँदा असर पार्ने नै भयो भनेर वताएकी छन् । साथै उनले आजकल फेसबुकले पनि श्रीमान् श्रीमतीको सम्वन्धमा प्रभाव पारेको छ भनेर भनेकी छन् । यसरी विभिन्न समयमा समाचार तथा मिडियामा आउने सम्वन्ध विच्छेदका विषयहरु , श्रीमान्ले पैसा कमाएर पठाउने र घरमा श्रीमतीले अनावश्यक काममा खर्च गर्दा वैदेशिक रोजगारवाट आउँदा झन् ऋण हुने जस्ताले गर्दा सम्वन्ध राम्रो हुनेलाई पनि असर परेको र आजकल फेसबुकको विकृतिले गर्दा पनि सम्वन्धमा असर परेको देखिन्छ । साथै उनीहरुमा मनोवैज्ञानिक असर परेको देखिएको छ ।

**बकपत्र १२**

*म अन्नपूर्ण गाउँपालिका ढावामा बस्छु । म अहिले ३२ वर्षको भएँ । म विवाहित महिला हुँ । म कक्षा ८ सम्म मात्र पढेको हुँ । म कृषि काम गर्छु । मेरा एक छोरा र एक छोरी छन् । छोरा छोरीलाई बोर्डिङ्ग स्कूलमा पढाएकी छु । मेरो श्रीमान् सुकबहादुर नेपाली रोजगारीको लागि हाल साउदीमा हुनुहुन्छ । उहाँ बिदेशमा गएको ११ वर्ष जति भयो । म २३ वर्षको हुँदा उहाँ सँग मेरो विवाह भएको हो ।  बिदेश गएर २ वर्ष बसेर छुट्टीमा आउँदा विवाह भएको हो । उहाँको वारेमा मलाई विवाह हुने समयमा खासै केही थाहा थिएन । बा आमाले रोजेर बिबाह गर्ने भने पछि म मञ्जुर भएकी हुँ । बिदेशमा रोजगारी भएको देखेर यसले मेरी छोरी पक्का पनि पाल्न सक्छ भनेर विवाह गरिदिनुभएको होला । मेरो श्रीमान् विदेशमा जानुपर्नाका कारणहरुमा यहाँ बेरोजगारी भएको कारणले होला । आम्दानी नभएर , बालबच्चाको पालनपोषण , शिक्षा , स्वास्थ्यको साथै परिवारलाई खुशी बनाउन श्रीमान् बिदेश जानु भएको हो जस्तो लाग्छ । आफ्नो देशमा रोजगारी छैन, काम पनि पाइँदैन , पाए पनि कहिलेकाँही मात्र जसले गर्दा फाल्तुबस्दा खान पनि अभाव हुने कारणले पनि श्रीमान् विदेश जानुभएको हो । वरीपरी टोलका , छर छिमेकका बिदेशमा गएर पैसा पठाएको देखेर पनि विदेश जाने इच्छा गर्नु भएको हो । मेरो र श्रीमान् बिचको सम्वन्ध अहिले सम्म राम्रै रहेकाछ । कहिलेकाहीँ मनमुटाव हुन्छ । विभिन्न समयमा घरायसी कारणले र अनावश्यकरुपमा शंका गर्ने बानीले गर्दा सामान्य भनाभनत भइनै रहन्छ । तर पनि ठूलो झगडा भएको छैन । समचार तथा पत्रपत्रिकामा श्रीमान् श्रीमती विचको नराम्रो सम्बन्ध भएको सुन्नासाथ मलाई फोन गरीहाल्नुहुन्छ । यस्तो यस्तो भएकोरहेछ सतर्क हुनु है फेरी हाम्रो पनि सम्बन्धमा नराम्रो हुन सक्छ  भनेर भन्नुहुन्छ । यस्तो बेलामा मलाई तनाब भए जस्तो महशुस हुन्छ तापनि राम्रैसँग फोनमा कुरा गर्छु । समय समयमा फोन गर्नुहुन्छ । विदेशको दु:खको वारेमा भन्नुहुन्छ । यस्तो सुन्दात आधा पेट खाएर पनि यहीँ सँगै बस्न पाए हुन्थ्यो भन्ने जस्तो लाग्छ । तर बाध्यता रहेको छ । मेरो श्रीमान् बैदेशिक रोजगारीमा नगएको भए मेरो बिबाह उहाँ हुन्थ्यो वा हुँदैनथ्यो होला । बिदेशमा भए पनि रोजगारी भएको हुँदा बा आमाले विवाह गरिदिनु भएको हो।  यदी बैदेशिक रोजगारीमा नगएको भए अहिले जस्तो राम्रो पक्का पनि हुने थिएन होला । अभावले गर्दा घरमा सधैँ झगडा हुन्थ्यो होला जस्तो लाग्छ । हाम्रो सम्वन्धमा झन् नराम्रो हुने थियो होला । त्यसैले बैदेशिक रोजगारीको कारणले गर्दा हामी दुई बिचको सम्बन्ध राम्रो भएको छ जस्तो लाग्छ । मेरो श्रीमान् साउदीमा भए पनि हामी बिचमा सर सल्लाहमा आ आफ्ना जिम्मेवारीहरु बहन गरीरहेका छौँ । उहाँले दुख गरेर पैसा पठाउनुहुन्छ । मैले घरको व्यवहार चलाउँछु । स साना व्यवहारीक समस्याहरु म आफै सल्टाउँछु भने जटिल र महत्वपूर्ण निर्णयहरु गर्नुपर्दा श्रीमान्सँग सर सल्लाह गरेर गर्छु । छोरा छोरीको पालन पोषण , शिक्षा आदिमा प्रत्यक्षरुपमा मेरो सहभागिता रहन्छ किनभने उहाँ विदेशमा हुनुहुन्छ । सामाजिक काममा पनि मेरो सहभागिता रहन्छ । विभिन्न समयमा पत्रपत्रिकाका साथै टि.भि.मा बैदेशिक रोजगारीमा भएको अवस्थामा श्रीमान् श्रीमतीमा नकरात्मक सम्बन्धको बारेमा आउने समचारहरु सुन्दा हामी जस्ता साथै समाजलाई नै असर परेको छ । प्रभाव परिरहेको छ। उसको सम्बन्ध बिग्रियो मेरो पनि यस्तै हुने हो की भन्ने सोच्छु । म जस्ता सोझी र राम्रै सम्बन्ध भएकालाई पनि डर लाग्छ । टाढा गए पछि शंकाको दृष्टिकोणले हेर्ने बानी हुन्छ । त्यस्मा पनि समचारहरुले त असर पार्ने नै भए । फेस बुकहरुले पनि विगारेको हो की जस्तो लाग्छ ।*

## ६.६ प्रत्यक्ष अबलोकन

अबलोकन पनि तथ्याङ्क संकलन विधि मध्ये एउटा विधि हो । वैयक्तिक अध्ययनवाट आउन नसकेका विषयहरु अवलोकनवाट पनि देख्न सकिन्छ । सोधकर्ताको लागि अवलोकन विधि अन्य विधिसँग तुलना गरी उपयुक्त निश्कर्ष निकाल्ने विधि हो ।

सोधकार्यको लागि छनौट भएका उत्तरदाताहरुसँग वैयक्तिक अध्ययन गर्ने क्रममा प्रत्यक्ष सहभागी अवलोकन गर्दा १२ जनामा सम्वन्ध विच्छेद भएका एक जना राइको परिवार वाहेक अरु सबैको घरमा हालको अवस्था राम्रै देखियो । उनले अहिले पुनः ड्राइभिङ्को काम गर्दा रहेछन् । उनले ट्याक्टर चलाएको देखियो । उनी आजकल रक्सी धेरै खाने, उज्यालोमा घरमा कमै आउने, त्यतिकै भौंतारिए जस्तो हुने गरेका रहेछन् । उनका परिवारका बा आमा वाल बच्चाहरु पनि अलि दुःख पाएका जस्ता देखिए । अर्का सम्वन्ध विच्छेद भएका व्यक्तिको अहिले अर्को विवाह भइसकेको, घरको अवस्था राम्रै रहेको छोरा छोरीहरु राम्रो विद्यालयमा पढेका । घर राम्रै रहेको देखियो । बा आमासँग मिलेर बसेको देखियो । उनलाई भावनात्मक पिडा त हुनसक्छ तर बाहिरवाट अवलोकन गर्दा उनको घरको अवस्था राम्रै देखियो ।

श्रीमान्सँग सम्वन्ध ठीकै भएकी एक जना महिला त्यति खुशी नदेखिएकी, श्रीमान्को कुरा गर्दा पनि चिन्ता गरेकी जस्तो देखिएकी, घरमा अर्कैको इशारामा चल्नुपर्दा उनको श्रीमानले विदेश गएर कमाए पनि त्यसवाट उनी खासै खुशी हुन नसकेकी देखियो । घरमा रहेकी सासुआमासँग उनको जिविका संचालनमा भर पर्ने अवस्था देखियो । अन्य ९ जनाको अवस्था राम्रै देखियो । वालवच्चाहरु राम्रै निजि विद्यालयमा पढेका रहेछन् । घरमा रहेका गृहिणी महिलाहरुले घरको व्यवहारहरु आफै चलाएका । घरमा गाइ, भैंसीहरु पालेका घर राम्रै रहेको देखियो । सबैको करेसावारी रहेको र त्यहाँ तरकारीहरु लगाएको देखियो । केही महिलाका श्रीमान् घरमा आएका र उनीहरु घरमा श्रीमतीसँग मिलेर काम गरेको देखियो । अध्ययन क्षेत्रका महिला उत्तरदाताहरु सामाजिक संघ संस्था तथा सामाजिक कामहरुमा सहभागिता भएको देखियो । टोलमा हुने विकास निर्माणका क्रियाकलापहरुमा पनि सहभागिता देखियो । समूदायमा गठन हुने महिला समूहहरु , उपभोक्ता समूहहरु आदिमा महिलाहरुको सहभागि भएको देखियो ।

## ६.७ बैदेशिक रोजगारीवाट दाम्पत्य सम्वन्धमा परेको सकरात्मक तथा नकरात्मक प्रभाव

वैदेशिक रोजगारीको कारणले दाम्पत्ये सम्वन्धमा कुनै न कुनै प्रभाव परेको देखिएको छ । उत्तरदाताहरुको भनाइ अनुसार उनीहरुको दाम्पत्य सम्वन्धमा राम्रा, ठीकै र नराम्रो जस्ता सम्वन्धहरु देखिएका छन् । यस प्रकारको सम्वन्धलाई सकरात्मक र नकरात्मक गरी दुई भागमा विभाजन गरेर देखाइएको छ । ती प्रभावहरु निम्न अनुसार रहेका छन् ।

### ६.७.१ सकारात्मक प्रभाव

- परिवारको आर्थिक विकास भई आर्थिक क्रियाकलापमा वृद्धि भएको ।
- परिवारको आधारभूत आवश्यकता पूरा भएकाले सम्वन्धमा राम्रो देखिएको ।
- वालवच्चाहरुलाई राम्रो विद्यालयमा पढाउन सकिएको ।
- श्रीमान् श्रीमतीको विचमा कामको बाँडफाँड भएको ।
- सामाजिक हैसियत कायम गर्न सहज भएको ।

### ६.७.२ नकारात्मक प्रभाव

- वैदेशिक रोजगारीमा गएपछि विभिन्न आशंका र अविश्वासहरु वढ्दै जाने गरेको ।
- श्रीमान् श्रीमतीको विचमा सम्वन्ध विच्छेद हुने गरेको ।
- आधुनिकिकरणको नक्कल गर्न खोज्दा अनावश्यकरुपमा परिवारको खर्च वढ्न गई आर्थिकरुपमा सबल हुन नसकेको ।
- दिन प्रतिदिन युवा जनशक्ति विदेश पलायन हुँदा सामाजिक विकासमा असर पर्न गएको ।
- एउटा व्यक्तिको सम्वन्ध विग्रँदा सम्पूर्ण समाज भरि नै वैदेशिक रोजगार प्रति नराम्रो दृष्टिकोणवाट हेर्ने गरिएको ।

# अध्याय सात

# वैदेशिक रोजगारीले दाम्पत्य संवन्धमा परेको प्रभावको समाजशास्त्रीय विवेचना

वैदेशिक रोजगार नेपालीहरुको बैकल्पिक आय स्रोतको पेशाको रुपमा देखिएको छ। वैदेशिक रोजगारीले गर्दा दाम्पत्य सम्वन्धमाा पारेको प्रभावले समाजशास्त्रीय विश्लेषणमा कस्तो असर पार्दछ भन्ने कुरा विभिन्न तथ्याङ्कको विश्लेषणबाट पत्ता लगाउन सकिन्छ । अध्ययनको सिलसिलामा जे कुरा देखियो त्यसको सम्बन्ध  समाजशास्त्रसँग प्रत्यक्ष रहेको देखिन्छ।

अध्ययनको उद्धेश्यमा आधारित भई ग्रामिण भेगका वैदेशिक रोजगारीमा गएका श्रीमान् श्रीमतीको सम्वन्धको प्रभावलाई आधुनिकीकरण, परनिर्भरता, विश्वप्रणाली र संरचनात्मक प्रकार्यात्मक सिद्धान्तहरूको रूपमा विश्लेषण गरिएको छ । यसमा पूर्व वास्तविक तथ्याङ्कको अभाव भएतापनि तत्कालिन अवस्थाको देखी जान्ने मान्छेहरूको विचारहरूलाई लिएर अहिलेको अवस्थासँग तुलना गरी विश्लेषणलाई सार्थक बनाउने प्रयास भएको छ।

## ७.१ वैदेशिक रोजगारवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव र विश्व व्यवस्था उपागम

विश्वव्यापीकरण र आधुनिकीकरणले गर्दा आधुनिक बन्नलाई पश्चिमि आर्थिक र समाजिक शैलिको नक्कल गर्नुपर्ने अवस्था तथा विभिन्न देशहरुविच विकासका समान सम्वन्धहरुको वारेमा बिश्लेषण गर्दै तेस्रो विश्व वा गरिब राष्ट्रहरु किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्व व्यवस्था सिद्धान्तको विकास भएको हो। सन् १९७० मा यसको विकास भएको हो। जसका मुख्य व्यवख्याकार ईमान्युल वालेस्ट्राइन हुन् । यसलाई नवमार्क्सवादी सिद्धान्त वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ।

विश्वव्यवस्था सिद्धान्तमा ईमान्युल वालेस्ट्राइनले विश्वलाई केन्द्र , अर्धपृष्ठ र पृष्ठ क्षेत्र गरी ३ वटा वर्गमा विभाजन गरेका छन् । यस सिद्धान्त अर्न्तगत केन्द्र देशहरुले सस्तो मूल्यमा कामदार तथा कच्चा पदार्थहरु पृष्ठ देशहरुवाट आयात गरी बिश्व वजारलाई आफ्नो

अधिनमा पारीरहेका हुन्छन् । केन्द्र क्षेत्र विकसित भइरहेको हुन्छ भने केन्द्र क्षेत्र सधैँ अविकसित रहन्छ । केन्द्र देशहरुवाट आर्थिक श्रम शोषणका कारणले श्रमिकको ज्यालामा असमानता हुन्छ । त्यस्तै नेपाली श्रम वजार पनि अन्तराष्ट्रिय स्तरमा हेर्दा अत्यन्त सस्तो श्रममा काम गरिरहेको अवस्था हाम्रो सामु रहेको छ । यसरी पृष्ठ देशका श्रमिकहरु रोजगारीको अभावमा केन्द्र देशहरुमा जान्छन जसले गर्दा उनीहरुको पारिवारिक तथा श्रीमान् श्रीमती विचको सम्वन्धमा प्रभावहरु देखिएका छन् ।

यस सोधपत्रमा पनि बैदेशिक रोजगारीमा जान पर्नाका कारणहरु र यसको अवस्थालाई विश्व व्यवस्था संग जोडेर अध्ययन गरिएको छ । हाम्रो जस्तो पृष्ठ क्षेत्र भित्र पर्ने देश आर्थिक तथा विहान बेलुकी खान लाउन गाह्रो हुने अवस्थाले गर्दा अन्य देशमा काम गर्न जान वाध्य वनाएको छ । यस अनुसन्धानमा अध्ययन क्षेत्र पृष्ठ क्षेत्र र खाडी राष्ट्रलाई केन्द्र क्षेत्रको रुपमा देखाइएको छ । केन्द्र क्षेत्र खाडी राष्ट्रमा ठूला ठूला कलकारखाना तथा उद्योगहरु रहेका छन् भने त्यहाँ काम गर्न सस्तो मूल्यमा यहाँका मानिसहरु गइरहेका छन् । हामीलाई काम चाहिएको छ त्यसैले नेपालीहरु खाडी राष्ट्रमा गएका छौँ भने खाडी राष्ट्रले हाम्रो श्रमशोषण गरिरहेको छ ।

## ७.२ वैदेशिक रोजगारवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव र आधुनिकीकरण

आधुनिकीकरण पश्चिमाहरूको दृष्टिकोणमा औद्योगिकीकरण हो (स्पेन्सर, १९८५) । यो आधुनिकीकरणका सिद्धान्तकारले आधुनिकीकरण एउटा सामाजिक आर्थिक परिवर्तनको वाहकको रूपमा स्वीकारेका छन् । आधुनिकीकरण परम्परागत ढाँचाहरूको अन्त्य हो । जब परम्परागत समाजहरू आधुनिक बन्नको लागि शुरू गर्दछन् तिनीहरू आधुनिक समाजको लागि संस्कृति र संस्थाहरू कार्यरत रहन्छन् । उदाहरणको लागि लैङ्गिक समानता, महिला र वालवालिकाको उच्च हैसियत, एकल परिवार, काममा लगनशील विज्ञानलाई आदार गर्ने, पैसालाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने आदि लक्षणहरू समाजमा देखिन्छ । अध्ययन क्षेत्रमा एकल परिवार, समाज र बालबालिकाको हैसियत वृद्धि, शिक्षा र स्वास्थ्य सम्बन्धी जनचेतनामा वृद्धि जस्ता प्रकृतिको अभ्यास देखिन्छन् ।

यसै क्षेत्रका आसपास क्षेत्रका बासिन्दाहरूको पोखरा, कुश्मा लगायत अन्य क्षेत्रमा आवतजावत बढ्ने, पर्यटकको आगमनले तिनीहरूको बानी व्यहोरा, खानपान, लवाइखुवाइ

आदिको आदानप्रदान गर्ने र विभिन्न कामको शिलशिलामा शहर र बजार केन्द्रित हुनाले साँस्कृतिक आदान प्रदानमा वृद्धि हुन गएको छ । लामो समयसम्म अवलम्वन गर्दै आएको संस्कृतिमा ह्रास आएको छ भने नयाँ संस्कृति प्रतिस्थापित हुँदैछ । बिरामीको उपचारको लागि धामी झाँक्रीको प्रयोगको सट्टा डाक्टर र क्लिनिकमा जाने प्रवृत्ति बढ्दो छ । भाग्यमा भन्दा मानिसले कर्ममा विश्वास राख्ने प्रवृत्ति वृद्धि भएको छ । आफ्नो लागि आफैं निर्णय गर्ने कुरा प्रष्ट देख्न सकिन्छ । कृषि पेशामा काम गर्ने मानिसभन्दा व्यापार व्यवसाय र पेशामा लागेका मानिस बढी आधुनिक देखिन्छन् । दाउराको प्रयोगमा कटौती आई गोबरग्यास, सिलिण्डर, ग्याँस र बिजुलीबाट खाना बनाउने गरिन्छ । ढुङ्गा र खरको घरहरू, सिमेन्ट र टिनको प्रयोगमा वृद्धि भएको छ । जुन कुरा प्रत्यक्ष सर्वेक्षणबाट प्राप्त हुन आएको हो । उपभोग्य सामग्रीमा आधुनिक र महङ्गा चीजको प्रयोग वृद्धि भएको छ । फेसनमा पश्चिमा संस्कृतिको वृद्धि र भड्किला पश्चिमा संस्कारको नक्कलमा वृद्धि भएको छ ।

आधुनिकिकरणको सिद्धान्तले सामाजिक, साँस्कृतिक एवम् आर्थिक विकासको अबधारणालाई जोड दिन्छ । मानिस पनि एक सामाजिक  प्राणी भएका कारण समाजको परिवर्तनसँगै आफूलाई पनि परिवर्तन गर्दै जान्छ । परिवार र परिवार भित्रका सदस्यले पनि आधुनिकिकरणलाई अबलम्वन गर्ने क्रममा आवश्यकताहरु तिव्ररुपमा वृद्धि हुँदै जान्छन् । यसको कारणले गर्दा परिवारका सदस्यहरु बैदेशिक रोजगारीमा जान बाध्य भएका छन् । आधुनिकिकरणले निम्त्याएका परिवर्तित आवश्यकताहरुलाई परिपूर्ति गर्नका लागि परिवार अर्न्तगत रहेका श्रीमान् वा श्रीमती बैदेशिक रोजगारीमा जाने गरेका छन् । परिवर्तित समाज संगै बढेको आधुनिकिकरणमा बैबाहिक संवन्ध निर्माण गर्न र श्रीमान् श्रीमतीमा प्रभाव परी संवन्धमा यसले ल्याएका तथ्यहरुलाई आधुनिकिकरण सिद्धान्तसँग जोडेर यस सोधपत्रलाई बिश्लेषण गरिएको छ । उत्तरदाताको भनाई र प्रत्यक्ष अवलोकन गर्दा परिवारमा अवश्यकताहरु वृद्धि हुँदै जाने र आफ्नो उत्पादन गरेको चिज भन्दा बाहिरी वनावटी चिजहरु किनेर खाने अवस्था वढ्दै जाँदा उनीहरुले रोजगारीको खोजीको लागि विदेशमा गएका र त्यही रोजगारीको कारण श्रीमान् श्रीमती विचको सम्वन्धमा सकरात्मक तथा नकरात्मक प्रभाव दुवै परेको देखियो ।

## ७.३ वैदेशिक रोजगारवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव र परनिर्भरता

आधुनिकीकरणको सिद्धान्तले वास्तविक गरीबहरूको विकास गर्न नसकेको कारण यस सिद्धान्तलाई आलोचना गर्दै विकास र अल्पविकासका सम्बन्धमा आलोचनात्मक विश्लेषण गर्ने क्रममा परनिर्भरताको सिद्धान्तको उदय भएको हो । परनिर्भरता भन्नाले अरूमा निर्भर रहनुलाई बुझिन्छ यसको धरातल मार्क्सवादी परम्परामा छ र यसले विकासको समाजवादी धारको वकालत गर्दछ । केही लेखक (स्पेन्सर, १९८५) ले परनिर्भरताको सिद्धान्तलाई विश्व व्यवस्थात्मक सिद्धान्तसँग मिल्दोजुल्दो रूपमा विचार राखेका छन् त्यसैले उनले आन्तरिक नियन्त्रणबाट प्राकृतिक स्रोत साधनका परिचालन गरी विकास गर्नुपर्ने कुरालाई सुझाव गर्दछ । उनीहरूको विश्लेषणमा विश्वका सम्पूर्ण राष्ट्रहरूलाई शहरी केन्द्र क्षेत्र र ग्रामिण पृष्ठ क्षेत्रसँग तुलना गर्दछन् । प्रत्येक शहरी केन्द्र क्षेत्र औद्योगिक कच्चा पदार्थ तथा जनशक्तिको लागि ग्रामिण पृष्ठ क्षेत्रमा निर्भर रहन्छन् भने ग्रामिण पृष्ठ क्षेत्र तयारी तयारी मालसामान तथा विलासिताका वस्तुहरूका लागि शहरी केन्द्रमा परनिर्भर हुन्छन् । पृष्ठ क्षेत्रले सस्तो मूल्यमा कमसल प्रविधिका वस्तु तथा कच्चा पदार्थहरू शहरमा निर्यात गर्छन् र शहरबाट उच्च स्तरको प्रविधिबाट निर्मित महँगा वस्तुहरू खरीद गर्छन् र आफ्ना आवश्यकताहरू परिपूर्ति गर्छन् ।

अन्नपूर्ण गाउँपालिका वडा नं मा ६ पोखरा केन्द्र क्षेत्र र गाउँपालिकाका वडाहरू पृष्ठ क्षेत्रको रूपमा विकास भएको छ । केन्द्र क्षेत्रबाट मानिसहरूको आवश्यक सामग्री नुन, तेल, चिनी, दाल, चाउचाउ, चिउरा, बिस्कुट, लत्ताकपडा, सिङ्गारका सामग्री, सुनचादी, सिमेन्ट, जस्ता पाता, छड, चामल, ग्यास लगायत अन्य सामग्री खरीद गर्दछन् भने ग्रामिण क्षेत्रबाट तरकारी दुध, दही, फलफूल, बाखा, गोलभेडा, कुखुरा आदि बिक्री गर्ने गर्दछन् । सामग्री खरीदको अवस्था हेर्ने हो भने ग्रामिण क्षेत्रबाट थोरै सामग्री र शहरी क्षेत्रबाट धेरै र महङ्गा सामग्रीको आपूर्ति भएको देखिन्छ । यही परनिर्भरताको कारणले वडा नं ६ लगायत ग्रामिण भेगका मानिसहरू रोजगारीको कारण विदेशिएका छन् । शहरी क्षेत्रमा परनिर्भरता दिनप्रतिदिन वृद्धि छ । शिक्षा र स्वास्थ्यको अवस्थामा पनि परनिर्भरता वृद्धि छ । गाउँको घरेलु खानपानको संस्कृतिमा परिवर्तन भई तयारी र छिटो खाना चाउचाउ, चाउमिन, बिस्कुट आदिको उपभोगमा संस्कति बढेको छ । दही दुधको सट्टा कोक, फेन्टा जस्ता पेय पदार्थको प्रयोग बढेको छ । गहुँ र मकैको सट्टा आटा, मैदा र पपकन मकैको प्रयोग वृद्धि

छ ।

प्राकृतिक स्रोत साधनको परिचालन र व्यवस्थापन गर्ने परम्परागत संस्कृतिहरू जस्तै ढुङ्गा, माटोबाट घर बनाउने काठ दाउरा प्रयोग गर्ने आदि चलनको सट्टा सिमेन्ट, रड प्रयोग गरी रड बनाउने निर्माण सामग्री नयाँपुल, पोखरा, कुश्मा, वाग्लुङदेखि आयात गर्दा महङ्गो हुनाले खर्च धान्न कठिन भई सडक निर्माणपछि मानिसहरू आफ्नो जग्गा जमिन बिक्री गर्ने, विदेशमा रोजगारी जान बाध्य हुने सम्भावना बढेर गएको देखिन्छ । घर खर्च सञ्चालन गर्न समस्या परी साहु वा समूह मार्फत् ऋण लिनुपर्ने बाध्य भएको पाइन्छ । फलस्वरूप धनी धनी बन्दै जाने र गरीब झन् गरीब हुने अवस्था विद्यमान छ । समग्र रूपमा हेर्दा खाद्यान्नमा परनिर्भरता, गरीब धनीमाथि निर्भर, विदेशी सामानमा निर्भरता रोजगारीमा वैदेशिक रोजगारीमा प्रभाव र बसाइसराई र विदेशी पूँजिको बढ्दो प्रभाव छ । शहरी क्षेत्रमा भएको परनिर्भरताले गर्दा शिक्षा , स्वास्थ्य तथा खानपान महंगो हुन गई यहाँका व्यक्तिहरु वैदेशिक रोजगारीमा जान वाध्य भएका छन् । वैदेशिक रोजगारीमा गए पछि उनीहरुसँग घरमा वस्ने महिलाहरु पूरै परनिर्भर रहेको तथा विदेशवाट पैसा कहिले आउँछ र सामानहरु किनौँला , घरको खर्च टारौँला भनेर वसेको अवस्था देखियो ।

## ७.४ वैदेशिक रोजगारवाट दाम्पत्य सम्वन्धमा परेको प्रभाव र प्रकार्यात्मक अबधारणा

यस अबधारणाका मुख्य व्याख्याकारहरुमा ईमाइल दुर्खिम , टाल्कोट पार्सन्स , आर.के. मर्टन आदि रहेका छन । यस सोधपत्रमा इमाइल दुर्खिमको श्रमको विभाजन भन्ने पुस्तकको आधारमा कसरी परिवार र बैबाहिक संबन्धलाई टिकाइराख्नको लागि जैविक एकताका रुपमा श्रमको विभाजन भएको छ भनी अध्ययन गरिएको छ । साथै यस अवधारणा अनुसार परिवार तथा श्रीमान् श्रीमतीको बैबाहिक जिवनलाई टिकाईराख्नको लागि घरको र वाहय कामलाई बाँडफाँड गरेको पाइन्छ । यसैका आधारमा यस सोधपत्रमा श्रीमान् श्रीमतीको श्रमको विभाजनलाई बिष्लेषण गरीएको छ ।

दुर्खिमका अनुसार समाजमा आएको परिवर्तनले श्रम विभाजन अपरिहार्य हुन पुग्यो । समाजहरु यान्त्रिक र जैविक एकतामा परिणत हुन पुगे । यान्त्रिक वा परम्परागत समाजमा मानिसहरु धर्म, साम्प्रदायिकता, नाता संवन्ध, सामूहिक भावनामा एकतामा बाँधिएर रहन्थे ।

यसलाई सामूहिक सद्भाव भनिन्थ्यो । जैविक तथा आधुनिक समाजमा कार्यहरुमा भएको बिशिष्टीकरणले गर्दा समाजलाई एकता कायम गर्नको लागि श्रम विभाजन अपरिहार्य छ । आधुनिक समाजमा श्रम विभाजनले गर्दा जैविक एकता कायम गरी समाजलाई बाँध्ने काम गरेको छ ।

दुर्खिमको माथि उल्लेखित आधुनिक समाजमा हुने एकता समाजको साथसाथै परिवार र बैबाहिक संवन्ध मजवुत वनाउन सहयोगी हुनेछ भन्ने धारणाका साथ यस सोधपत्रलाई संरचनात्मक प्रकार्ययात्मक अबधारणासँग जोडेर बिश्लेषण गर्न खोजिएको छ । यस अध्ययन क्षेत्रको अनुसन्धानमा वैदेशिक रोजगारमा गएका पुरुषहरु र घरमा रहेका महिलाहरु वा दम्पतीहरुवीचमा कामको बाँडफाँड भएको देखियो । आफ्नो परिवार, समाजमा टिकिरहनको लागि उनीहरुमा श्रमको विभाजन भएको देखियो । विदेशमा गएकाले पैसा कमाएर पठाउने र घरमा रहनेले घरको व्यवहार, वालवच्चाहरुको पालनपोषण, रेखदेख सामाजिक क्रियाकलापमा सहभागिता रहेको पाइयो । साथै उनीहरुले दाम्पत्य सम्वन्धलाई राम्रो वनाउनको लागि पनि श्रमको विभाजन तथा कामको बाँडफाँड गरेको देखियो ।

# अध्याय आठ

# सारांश, मुख्य प्राप्ति र निश्कर्ष

यस अध्यायमा शोधकार्यका लागि छनौट भएका उत्तरदातावाट आएका भनाइहरुलाई विश्लेषणात्मक आधारमा सारांश उल्लेख गरिएको छ । शोधकार्यमा भएको उद्धेश्य र मुख्य प्राप्तीका आधारमा निश्कर्ष निकालिएको छ ।

## ८.१ सारांश

विश्वमै नेपाल एउटा कृषि प्रधान देशका रुपमा परिचित छ । यहाँका करिब ७५ प्रतिशत भन्दा वढी जनसंख्या गरिबीको रेखामुनि रहेका छन् । नेपाल परम्परागत कृषि प्रणालीमा नै सिमित हुनु, आधुनिक प्रबिधिको विकास हुन नसक्नु, विभिन्न उद्योग, कलकारखाना तथा व्यापारवाट रोजगारी सिर्जना नहुनुका कारण लाखौं नेपालीहरु रोजगारीका लागि विदेशिन वाध्य भएका छन् । यसरी रोजगारीका लागि विदेशमा जाँदा धेरै समय आफ्नो परिवार र श्रीमतीसँग भन्दा विदेशी भूमिमा समय गरेका हुन्छन् । यस वाट दाम्पत्य सम्वन्धमा कहिलेकाहीं फरक आउन सक्छ । सबैको एकै प्रकारको सम्वन्ध नहुन सक्छ । वैदेशिक रोजगारीमा रहँदाको सम्वन्ध र नरहँदाको सम्वन्धमा फरकहरु रहेका छन् । त्यसैले यस शोधकार्यको अध्ययन गरिएको हो ।

नेपालमा वैदेशिक रोजगारीवाट दाम्पत्य संवन्धमा परेका प्रभावहरु विभिन्न प्रकृतिका रहेका छन् । संवन्धमा परेको प्रभावकै कारण सामाजिक मूल्य मान्यतामा पनि प्रभावहरु देखिन थालेका छन् । धेरै सकरात्मक पक्ष भए पनि थोरै नकरात्मक प्रभावहरु देखिएमा हाम्रो समाजमा तुरुन्तै फैलिने गर्छन् । यस शोधकार्यलाई समाजशास्त्रीय खोजवाट अध्ययन गर्न खोजिएको छ । यस शोधकार्यको मूख्य उद्धेश्य निम्न अनुसार रहेको छ ।

१. वैदेशिक रोजगारीका कारणले दाम्पत्य संवन्धमा पारेको प्रभावहरुको खोजी गर्नु ।

२. वैदेशिक रोजगारीमा रहँदा र नरँहदा दाम्पत्य संवन्धमा देखिएको फरकको खोजी गर्नु ।

यस अध्ययनमा अन्नपूर्ण गाउँपालिका वडा नं ६ लुम्लेमा मा वैदेशिक रोजगारीमा गएका दम्पतीहरुवीचको संवन्धमा परेको प्रभावको पहिचान, कारण र असरको वारेमा अनुसन्धान गरिएको छ । यस शोधकार्यमा १२ वटा घर परिवारका १२ जना जसमा ६ जना वैदेशिक रोजगारीवाट छुट्टिमा घरमा आएका पुरुष तीनका श्रीमतीहरु र ६ जना घरमा रहेका गृहिणी महिलाहरु र तीनका श्रीमान्हरुको वैयक्तिक अध्ययन र प्रत्यक्ष सहभागि अवलोकन विधिवाट अनुसन्धान गरिएको छ । गुणात्मक अध्ययनद्धारा अनुसन्धान गरिएको यस अध्ययनको ढाँचामा वर्णनात्मक विधि छनौट गरिएको छ भने प्राथमिक र द्धितिय स्रोतको प्रयोग गरिएको छ । यस अध्ययनमा ६ जना महिला छनौट गर्दा उद्धेश्यमूलक र ६ जना पुरुषको छनौट गर्दा स्नोबल छनौट विधिको प्रयोग गरी अध्ययन गरिएको छ । घरमा रहेका महिला उत्तरदाता मध्ये केहीका लोग्ने मानिसहरु अध्ययन गर्ने समयमा वैदेशिक रोजगारीमा रहेकाले आधुनिक सूचना प्रणाली तथा सामाजिक सञ्जालको प्रयोग गरी दाम्पत्य सम्वन्धको वारेमा अध्ययन गरिउको छ । यस अध्ययनलाई आधुनिकीकरण, विश्व व्यवस्था उपागम, परनिर्भरता र संरचनात्मक प्रकार्यात्मक धारणासँग जोडेर विश्लेषण गरिएको छ । यस अनुसन्धानवाट पत्ता लागेको परिमाणले भविश्यमा दाम्पत्य संवन्ध सम्वन्धि अनुसन्धान गर्ने व्यक्तिलाई मार्ग देखाउने छ ।

समय, आर्थिक अवस्था, जनशक्ति, स्रोतको अभावमा अन्नपूर्ण गाउँपालिका वडा नं ६ का सबै बैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको दाम्पत्य सम्वन्धको वारेमा समावेश गर्न सकिएन । विषय नयाँ भएकाले पनि सिमित व्यक्तिहरुको मात्र अध्ययन गरिएको छ । सिमित व्यक्ति भए पनि अध्ययन गर्दा उनीहरुलाई भेट्न नसकिने, दोहो-याई तेह-याई जानुपर्ने, सम्वन्धको वारेमा सोध्दा उत्तर दिन गाह्रो मान्ने, कसैलाई बेलुकीमात्र भेट्न सकिने अवस्थामा, सम्वन्ध विच्छेद भएका व्यक्तिहरुले आफ्नो आन्तरीक समस्या भन्न अलि अप्ठ्यारो मान्ने जस्ता समस्याका वावजुद पनि उनीहरुको विभिन्न तरीकाहरु अपनाएर यो अध्ययन गरिएको छ ।

## ८.१.१ मुख्य प्राप्तिहरु

- यस अध्ययन क्षेत्रमा छनौट भएका १२ घर परिवारका १२ जनाको परिवारमा जम्मा जनसंख्या ५३ रहेको छ भने पुरुष २८ जना र महिला २५ जना रहेका छन् ।

- उमेर र लिङ्गको आधारमा ३० देखि ४० वर्ष भित्रका उत्तरदाता बढी छन् । यस उमेर भित्र ८ जना रहेका छन् भने पुरुष र महिला बराबरी रहेका छन् । यस उमेरसमूह ६६.७ प्रतिशत रहेको छ । ४० वर्ष भन्दा माथि एक जना पुरुष मात्र रहेका छन् । २० देखि ३० वर्ष उमेरसमूह भित्र एउटा पुरुष र २ जना महिला रहेका छन् ।
- जातियताको अध्ययन गर्दा उत्तरदाताको सर्वेक्षणमा सबभन्दा वढी ब्राह्मण देखिन्छन् जुन सङ्ख्यामा ४ जना र प्रतिशतमा ३३.३३ हुन आउँछ । त्यसपछि सार्की, गुरुङ्ग, सार्की, राई, कामी, क्रमशः कम हुँदै आएको छ । यसले अध्ययन क्षेत्रको बहुजातिय अवस्थालाई पनि प्रतिनिधित्व गरेको छ ।
- शैक्षिक अवस्थाको अध्ययन गर्दा निरक्षरको अवस्था शुन्य रहेको देखिन्छ । अध्ययन क्षेत्रका उत्तरदातामध्ये साक्षर वा एस.एल.सि.उत्तिर्ण नगरेका सबभन्दा वढी ७ जना रहेका छन् । जसमा पुरुष २ जना र महिला ५ जना रहेका छन् । जम्मा उत्तरदातामध्ये साक्षर ५८.३३ प्रतिशत रहेको छ । त्यसपछि एस.एल.सि. उत्तिर्ण गरेका ३ जना , २५ प्रतिशत रहेका छन् । एस.एल.सि. भन्दा माथि +२ पास गरेका २ जना रहेका छन् ।
- यस अध्ययन क्षेत्रका १२ जना उत्तरदाता मध्ये उत्तरदाता मध्ये बैदेशिक रोजगारीमा गएर आएका पुरुषहरुलाई रोजगारीमा जानुभन्दा अगाडिको पेशाको वारेमा सोध्दा र घरमा रहेका महिलाहरुलाई उनीहरुको पेशाको वारेमा सोध्दा ३ जनाले ड्राइभिङ्ग , १ जनाले ठेक्कापट्टा, २ जना शिक्षण र ६ जना कृषि पेशामा आवद्ध भएको देखिएको छ । यसरी सबभन्दा वढी कृषि पेशामा नै आवद्ध रहेको देखिएको छ जुन ५० प्रतिशत रहेको छ ।
- अध्ययन क्षेत्रमा छनौट भएका उत्तरदाताहरुमध्ये सबैका श्रीमान् वा पुरुषहरु नै बैदेशिक रोजगारीको लागि खाडी राष्ट्रमा गएका छन् । जसमा कतारमा ७ जना, ३ जना साउदी, १ जना दुवई र १ जना बहराइन्मा गएको देखियो । सबभन्दा वढी कतारमा गएका छन् । जम्मा संख्या मध्ये ५८.३३ प्रतिशत कतारमा गएको देखियो ।
- यस अध्ययन क्षेत्रका छनौट भएका उत्तरदाताहरु पनि रोजगारीको लागि खाडी राष्ट्रमा गएका छन् । उनीहरुका अनुसार विभिन कारणले बैदेशिक रोजगारीमा जाने

गरेको वताएका छन् । प्रायजसो सबैको भनाई एउटै रहेको छ । उनीहरुका अनुसार नेपालमा ठूला ठूला उद्योग तथा कलकारखाना नभएको र वेरोजगारी समस्या वढिरहेको हुँदा, कृषियोग्य जमिन कम भएको तथा कृषिमा आधुनिकिकरण हुन नसकेको, परिवारका आर्थिक अवस्था कमजोर भएको ,वैदेशिक रोजगारीमा जानको लागि सहजरुपमा ऋण पाइने, नेपालमा द्धन्द मात्र भइरहने, आधुनिकीकरणको प्रभाव वढ्दै जानु, परिवारका सदस्यहरुको पालनपोषण गर्न, बालबच्चाहरुलाई पढाउन, जस्ता कारणहरुले गर्दा वैदेशिक रोजगारीमा जान परेको वताएका छन् ।

- अध्ययनका क्रममा छनौट भएका १२ वटा दम्पतीहरुको विस्तृत रुपमा वैयक्तिक अध्ययन गरिएको छ । १२ जनामा २ जनाको बैदेशिक रोजगारीकै कारणवाट श्रीमती सँग सम्वन्ध विच्छेद भएको जुन १६.६६ प्रतिशत रहेको, १ जनाको सम्वन्ध नविग्रेपनि एक आपसमा अबिश्वास रहेको तथा सम्वन्ध खासै राम्रो नरहेको जुन ८.३३ प्रतिशत रहेको र बाँकी ९ जनामा स-साना श्रीमान् श्रीमतीमा हुने झगडा वाहेक अन्य सबैमा सम्वन्ध राम्रै रहेको देखियो जुन ७५ प्रतिशत रहेको छ ।

- अध्ययन क्षेत्रका १२ जना उत्तरदातामध्ये बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै ८ जनाको विवाह भएको र ४ जनाको बैदेशिक रोजगारीमा गएपछि विवाह भएको छ । बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै विवाह भएका व्यक्तिहरुको भनाई अनुसार बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि उनीहरुको सम्वन्ध राम्रै रहेको भएतापनि पैसाको अभावले गर्दा चाहेको आवश्यकता पूरा हुन नसक्ने, परिवारलाई खुशी तुल्याउन नसक्ने, वालवच्चाहरुलाई राम्रो विद्यालयमा पढाउन गाह्रो भएकोले कहिलेकाहीँ झगडा हुने छिन छिनमा सम्वन्धमा टकराव हुने जस्ता भनाइहरु राखेका थिए । बैदेशिक रोजगारीमा गएपछि पैसा कमाइएकाले घरका सामान्य आवश्यकताहरु पूरा गर्न सकेकाले सम्वन्ध राम्रो रहेको देखियो । अध्ययनको क्रममा छनोट भएका ६ जना पुरुषमध्ये २ जना सम्वन्ध विच्छेद भएका व्यक्तिहरुले पनि बैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै विवाह भएको वताए । उनीहरुका अनुसार विवाह गर्ने समयमा श्रीमतीसँग सम्वन्ध राम्रै रहेको, मिलिजुली काम गरिएको, एकले अर्कालाई विश्वास गरिएको, सरसल्लाहमा वच्चाहरु जन्माइएको तर बैदेशिक रोजगारीमा गए पछि क्रमश सम्वन्ध विग्रदै गई सम्वन्ध विच्छेद समेत भएको वताए । वाँकी ४ जना बैदेशिक रोजगारीमा गएपछि विवाह भएकाले उनीहरुले विदेशमा

गएपछिको सम्वन्धको वारेमा मात्र वताए । अध्ययन अनुसार १ जनाको सम्वन्ध खासै त्यति राम्रो नरहेको छ भने अरु ३ जनाको सम्वन्ध राम्रै रहेको देखिन्छ ।

- अध्ययन क्षेत्रमा छनौट भएका उत्तरदाता मध्ये प्रायजसोले घरमा कामको वाँडफाँड भएको वताए । विदेश जानेले पैसा पठाउने र घरमा रहनेले घरको व्यवहार, सामाजिक क्रियाकलापमा सहभागिता, बा आमा तथा वालवच्चाहरुको पालनपोषण र शिक्षा , स्वास्थ्य आदिमा हेरचाह गर्ने भनेर वताएका थिए । सम्वन्ध विच्छेद भएका व्यक्तिहरुले पनि शुरुमा घरको कामको वाँडफाँड गरेर चलाएको र घरको व्यवहारको सबै जिम्मा श्रीमतीलाई नै दिएको वताएका थिए । त्यति सम्वन्ध राम्रो नभएकी १ जना महिलाले आफूलाई पैसा पनि नपठाउने, जिम्मेवारी पनि नदिने, आमाले जे गर्नु भन्छिन् त्यही गर्नुपर्ने भनी वताएकी छन् । यसवाट समग्रमा श्रीमान् श्रीमतीको सम्वन्ध राम्रो हुने वेलासम्म कामको वाँडफाँड राम्रै सँग भएको देखियो ।

## ८.२ निष्कर्ष

देशको राजनितिक अस्थिरता तथा एक आपसमा खिचातानीको अवस्थाले गर्दा देश विकासको अग्रगति हुन नसक्नु , विकास निर्माणको काममा सुस्तता आउनु जस्ता कारणले गर्दा देशमा वेरोजगारी समस्या बढ्दै गएको देखिन्छ । परिवारमा वेरोजगारीले गर्दा बिहान वेलुका हातमुख जोड्न समेत धौ धौ पर्ने अवस्थाले गर्दा युवा शक्तिले विकल्पको माध्यमको रुपमा समेत वैदेशिक रोजगारलाई प्रमुख गन्तब्य बनाउँदै आएको देखियो । यसरी वैदेशिक रोजगारीमा जाँदा उनीहरुले आफ्ना परिवारका सदस्यहरु तथा श्रीमतीहरुलाई छाडेर गएका हुन्छन् । जुन लामो समयसम्म चलिरहन्छ । यसले गर्दा श्रीमान् श्रीमतीको विचमा पनि सम्वन्धमा केही उतारचढाव भएको देखियो ।

### ८.२.१. वैदेशिक रोजगारीका कारणले दाम्पत्य संवन्धमा पारेको प्रभावहरु :

छनौट भएका उत्तरदाताको दाम्पत्य सम्वन्धका प्रभाव विवरण र प्रभावित दम्पती संख्याको आधारमा तालिकिकरणद्धारा विश्लेषण गर्दा वैदेशिक रोजगारीवाट दाम्पत्य सम्वन्ध सुमधुर हुनेमा ९ जना अर्थात ७५ प्रतिशत, दाम्पत्य सम्वन्ध कमजोर हुनेमा ३ जना, यौनिक सन्तुलन नकरात्मक देखिनेमा २ जना , घरेलु हिँसा हुने तथा सम्वन्ध त्यती राम्रो नभएकोमा १ जना, *लोग्ने स्वास्नीको झगडा परालको आगो भने जस्तै* कहिलेकाहीँ सामान्य

भनाभन हुनेमा ७ जना , सम्वन्धमा शंका तथा अविश्वास गर्नेमा ७ जना र सम्वन्ध विच्छेद हुनेमा २ जना देखिएको छ । यस गुणात्मक तालिकाद्धारा विश्लेषण गर्दा वैदेशिक रोजगारीको कारणले गर्दा दाम्पत्य सम्वन्धमा सुमधुर रहने संख्या सबभन्दा वढी देखियो । यसवाट वैदेशिक रोजगारीमा जाने दम्तीवीचको सम्वन्ध फरक फरक वा राम्रो नराम्रो देखिए पनि समग्रमा दाम्पत्य सम्वन्ध राम्रो रहने संख्या वढी देखियो ।  २ जनाको सम्वन्ध विच्छेद एक जनाको सम्वन्ध ठीकै रहनुले वैदेशिक रोजगारमा गएका श्रीमान् श्रीमती विचको नकरात्मक सम्वन्धमा वढ्दै जान सक्ने देखियो । यसले गर्दा वैदेशिक रोजगारीलाई समाजले नकरात्मक दृष्टिकोणवाट हेर्न सक्ने देखियो । हाम्रो समाजमा नकरात्मक विषयहरुलाई बढी प्रचारप्रसार गर्ने प्रचलन भएको हुँदा धेरै व्यक्तिहरुको सम्वन्ध राम्रै भए पनि ओभ्फेलमा पर्ने अवस्था देखिएको छ । यस वाट वैदेशिक रोजगारीमा गएका दम्पतीहरुवीचमा सकरात्मक र नकरात्मक सम्वन्ध दुवै देखिए भने सकरात्कम सम्वन्ध हुने दम्पतीहरुको संख्या वढी देखियो ।

## ८.२.२. वैदेशिक रोजगारीमा रहँदा र नरहँदा  दाम्पत्य संवन्धमा देखिएको फरक :

उत्तरदाताको वैदेशिक रोजगारीमा रहँदा र नरहँदाको दाम्पत्य सम्वन्धलाई विश्लेषण गर्दा वैदेशिक रोजगारीमा नरहँदा खासै रोजगारी नभएकाले तथा आय स्रोत नभएकाले घरमा अभाव हुने जसको कारणले गर्दा परिवार तथा श्रीमान् श्रीमतीको विचमा स-साना भ्फगडाहरु हुने देखियो भने वैदेशिक रोजगारीमा रहँदा आवश्यकता पूरा गर्ने पैसा हुने भएकाले केही शंका र अविश्वास बाहेक सम्वन्ध राम्रै रहेको देखियो । वाल वच्चाहरुलाई राम्रो विद्यालयमा पढाएको देखियो । केहीलाई भने श्रीमानले पैसा पठाएपछि आफ्ना आवश्यकता पूरा हुने र महत्वकांक्षा वढ्दै जाने र अरुनै सँग सम्वन्ध राख्दा सम्वन्ध विच्छेद भएको देखियो ।

गुणात्मक तालिकाको आधारमा  वैदेशिक रोजगारीमा  नरहँदा  र रहँदा दाम्पत्य सम्वन्धको अवस्थालाई केलाउँदा वैदेशिक रोजगारीमा नजाँदै वा रोजगारीमा नरहँदा विवाह भएका ८ जना, वैदेशिक रोजगारीमा नजाँदा पनि यहाँ रोजगारी पाइएको भन्नेमा ३ जना, आयस्रोतमा कमी भएको भन्नेमा ८ जना, अभावहरु हुने गरेको भन्नेमा ८ जना , कल भ्फगडा हुने भन्नेमा ३ जना, सामाजिक हैसियतमा कमी हुने भन्नेमा २ जना, विदेशमा नजाँदा पनि सन्तुष्टि नै रहेको भन्नेमा १ जना , सन्तान भएका ७ जना, सन्तान नभएका १ जना र

दम्पतीहरुवीत यौन सन्तुलन भएको ८ जना देखिएका छन् । यस तालिकाले वैदेशिक रोजगारीमा नजाँदा भएको विवाह,आय स्रोतमा कमी, अभाव र यौन सन्तुलनता भएका उत्तरदाताहरु वढी देखिएका छन् ।

वैदेशिक रोजगारीमा रहँदा दाम्पत्य सम्वन्धको अवस्थालाई र दम्पती संख्याको विश्लेषण गर्दा वैदेशिक रोजगारीमा गएपछि आय स्रोतमा वृद्धि भएको भन्नेमा १२ जना, पहिले भएका अभावहरु घट्दै गएको भन्नेमा ८ जना, वैदेशिक रोजगारीमा रहँदा पनि झगडा हुन्थ्यो भन्न्मा ३ जना, सामाजिक हैसियत राम्रो भएको भन्नेमा ६ जना, जिविका संचालनमा सहज भएको भन्नेमा १२ जना र यौनिक सन्तुलनता नभएको भन्नेमा २ जना रहेको देखियो । यस तालिका अनुसार आय स्रोतमा वृद्धि र जिविका निर्वाह गर्न सहज भएको भन्नेमा १२ जना वा सबभन्दा वढी देखिए । यसवाट वैदेशिक रोजगारीमा रहँदा आयस्रोतमा वृद्धि भई अभावहरु घट्दै गएको भन्ने दम्पतीहरुको संख्या वढी देखिएको हुँदा रोजगारीमा नरहँदा भन्दा रहँदा धेरै दम्पतीहरुको सम्वन्ध राम्रो रहेको देखियो ।

## ८.२.३. वैदेशिक रोजगारीले कामको बाँडफाडमा पारेको प्रभाव

गुणात्मक तालिका वनाई केलाउँदा वैदेशिक रोजगारीमा गएका दम्पतीहरुको काम तथा श्रमको वाँडफाँडको अवस्थाको आधारमा लोग्ने मानिसहरुले वैदेशिक रोजगारीमा गएर पैसा कमाउने र पठाउने गरेको देखियो । स्वास्नी मानिसहरुले घर व्यवहार चलाउने, वालवचाहरुको पालनपोषण तथा रेखदेख गर्ने, वच्चाहरुलाई विद्यालयमा पठाउने, घरमा रहेका अन्य परिवारका सदस्यहरुको रेखदेख गर्ने, सामाजिक काममा सहभागिता जनाउने र फुर्सदको समयमा कृषि काम गर्ने गरेको देखियो । यसवाट घरमा रहेर गृहिणीको काम गर्ने स्वास्नी मानिसहरुमा लोग्ने मानिसको भन्दा जिम्मेवारीहरु वढी रहेको तथा घरको सम्पूर्ण व्यवहारहरु स्वास्नी मानिसले नै गर्ने गरेको देखियो ।

## ८.२.४ वैदेशिक रोजगारीले दाम्पत्य सम्वन्धमा पारेको मनोवैज्ञानिक प्रभाव :

मिडिया र सामाजिक सञ्जालहरुले उत्तरदाताहरुलाई खासै प्रभाव नपारे पनि उनीहरुको भनाइ र अध्ययनको निश्कर्ष अनुसार उनीहरुमा कुनै न कुनै रुपमा मनोवैज्ञानिक प्रभाव परेको देखियो ।

अध्ययनलाई अनुसार वैदेशिक रोजगारीले गर्दा दाम्पत्य सम्वन्धमा परेको मनोवैज्ञानिक

प्रभावहरुलाई केलाउँदा लोग्ने मानिस र स्वास्नी मानिसमा सामाजिक मिडिया जस्तैः फेसबुक, छिमेकीको सूचना , पारिवारीक सूचना , साथीसंगीका सूचना, समाजमा आउने नकरात्मक खालका सूचनाहरुले गर्दा दाम्पत्य सम्वन्धमा मनोवैज्ञानिक प्रभाव परेको देखियो । यस प्रकारका प्रभावहरु लोग्ने स्वास्नी दुबैमा परेको देखियो ।

# सन्दर्भ सूचि

खत्री,गुमानसिँह(२०११); अन्तराष्ट्रिय श्रमिक वसाइसराइले गर्दा सामाजिक संवन्धमा परेको प्रभाव,पश्चिमि गाउँ (अप्रकाशित सोधपत्र).समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, त्रि.वि., किर्तिपूर

गा.वि.स. प्रोफाइल, (२०६७); साबिक लुम्ले गा.वि.स.को कार्यालय , लुम्ले, कास्की .

थापा, दिल बहादुर (२०७०); वैदेशिक रोजगारले समाजमा पारेको प्रभाव, स्याङ्जा (अप्रकाशित सोधपत्र) समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा नेपाल

बैरोवि प्रतिवेदन, (२०७०); बैदेशक रोजगार विभाग, नेपाल सरकार ।

बराल, रामचन्द्र (२०५७); विवाह बिच्छेदका कारण असर, (अप्रकाशित सोधपत्र), एम्.ए.समाजशास्त्र तथा मानवशास्त्र विभाग, त्रि.वि., किर्तिपूर

वार्षिक प्रतिवेदन, (२०७३) ;बैदेशिक रोजगार विभाग , नेपाल सरकार

बैदेशिक रोजगार ऐन, (२०६४) ; नेपाल सरकार

मिश्र चैतन्य, (२०६७); विवाहको अर्थ -राजनीति (बदलिँदो नेपाली समाज),ललितपुर नेपालः फाइनप्रिन्ट भम्सिखेल, ललितपुर ।

राष्ट्रिय जनगणना, (२०६८). जनगणना नतिजा, केन्द्रिय तथ्याङ्क विभाग , थापाथली काठमाडौँ

शर्मा, सोवित (२०१४); विप्रेषणले गर्दा महिलाहरुको शसक्तिकरणमा परेको प्रभाव, म्याग्दी (अप्रकाशित सोधपत्र).समाजशास्त्र विभाग, धवलागिरी क्याम्पस , बाग्लङ्ग, नेपाल।

मनुस्मृति(२०३९), अनुवाद : आचार्य, कपिलदेवगिरी ,वाराणसी (भारत): भारतीय साँस्कृतिक साहित्य प्रकाशक

Bhattari, Prakash(2006),Migration of Nepalese youth for foreign employment : Problem & Prospects.1-5. https://www.takingitglobal.org.

Carlos Johnson (1981), Depency theory and the process of capitalism and socialism .Latin American Perspectives .8 .55-81.sage publication Inc. https://www.jstor.org.

Charles Kimber(1999), Narrative Reason and cold war economic diplomacy in W.W.Rostow's stage of Economic Growth .Rhetoric and Public Affairs . 2.395-414. Michigan State University Press. https://www.jstor.org.

George Ritzer(2010).Sociological Theory (Eighth).University of Maryland. The McGraw-Hill Companies , New York .

Hyman et.al (2008), The Impact of Migration on Marital Relationships. George Kurian .*Journal of Comparative Family Studies.39.149-163.*University of Toronto Press: https://www.jstor.org.

*Kimber,Charles(1999);Narrative Reason and Cold war Economy in W.W.Rostow's "Stages of Economic Growth".Rhetoric and Public Affairs.2.396-398;Michigan University Press.* https://www.jstor.org.

Lynn, Bennit (1983): Dangerous wives and secretes sisters, Kolambia University press Network.

*Nufle, Abdul(2014).The Negative Impact of Women's Foreign Employment of Their Children. International Journal of Faculty of Arts and Culture.158-167.Addalaichenai. South Eastern University of Sri Lanka .*


*Carlos A.Martinez(2001);The World System Theory .1-4. http://web.mit.edu .*

*Sijapati,Bandita(2012)*;Governing Labour Migration in Nepal.Himal books for the centre for the study of Labour and Mobility.1-22.Jagadamba Press.Lalitpur.

Piers Blaikie,John Camron,and David Seddon's (2005 ). Nepal in Crisis: Growth and stagnation at the periphery. 1-5. Adroit Publisher .Arpit Printgraphers,New Delhi .

# अनुसुची १

## अन्नपूर्ण गा.पा. वडा नं-६




## अध्ययन क्षेत्रको तस्बिर



